USAID
FROM THE AMERICAN PEOPLE

NSET
Earthquake Safe Communities in Nepal



भूकम्प सुरक्षित घर निर्माणका कथाहरू

# परिवर्तित सोंच
# परिवर्तित अभ्यास

Stories from Building Code Implementation in Municipalities

2020

**अवधारणा र मार्गनिर्देशन:** सूर्य नारायण श्रेष्ठ, सुमन प्रधान, नीसा श्रेष्ठ

**पुनरावलोकन:** श्रीराम सिंह बस्नेत

**सम्पादन:** खड्ग सेन ओली

**लेखन तथा सामग्री संकलन:** पवित्रा के. सी., महानन्द तिमल्सिना

**लेखन सहायता:** शर्मिला तामाङ, मन्जु गतराज

**कार्यक्रम कार्यान्वयन तथा सामग्री संकलन समूह:** कपिल भट्टराई, दीपक साउद, किशोर तिम्सिना, लक्ष्मी प्रसाद भट्ट, शमिर कुमार सिंह, रण बहादुर लिम्बु, शोभाराम भट्टराई, अर्जुन घिमिरे, अनुप पौडेल, निशान श्रेष्ठ, अरुण कुमार श्रेष्ठ, दिपेन्द्र सुबेदी, बिशाल खड्का, भुपेन्द्र राज आचार्य, विनोद कुमार श्रेष्ठ, मेघराज खड्का, अमित तिमल्सिना, मान बहादुर बि.क, प्रमोद खतिवडा, आयुष बास्कोटा, अशोक कार्की, सागर आचार्य, करुणा शाक्य, दर्शन मल्ल, प्रियंका सिंह, रामसुन्दर यादव, बिनोद सापकोटा, सुयोग गिरी, हेमन्त गाईं, सुमन ओली, सुजित कुमार साह, कपिल रिजाल, बिशाल कडेल, रोशन घिमिरे, बालकृष्ण लम्साल, रविन्द्र प्रसाद बोहरा, जगदिश विष्ट

**चित्र तथा ग्राफिक्स:** चन्दन ध्वज राना मगर

**प्रकाशन:** वि. सं. २०७७

**प्रकाशन श्रृङखला:** NSET-101-2021

---

**यो सामग्री अमेरिकी सहायता नियोग** (USAID/BHA) **को आर्थिक सहयोगमा भूकम्प प्रविधि राष्ट्रिय समाज–नेपाल** (NSET) **द्वारा सञ्चालित "भवन संहिता कार्यान्वयन कार्यक्रम** (BCIPN) **र "भवन संहिता कार्यान्वयन प्राविधिक सहायता कार्यक्रम - दरो घर दीगो बस्ती** (TSBCIN)" **अन्तर्गत तयार पारेर "दरो घर दिगो बस्ती** (TSBCIN)" **कार्यक्रम अन्तर्गत प्रकाशन गरिएको हो। यसमा समाविष्ट भएका विषयवस्तुप्रति दातृ निकाय जवाफदेही रहने छैन।**

# प्राक्कथन

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) ले अमेरिकी सहायता नियोग (U.S. Agency for International Development, Bureau for Humanitarian Assistance USAID/BHA Former known as The Office of U.S. Foreign Disaster Assistance OFDA) को आर्थिक सहयोगमा २०१२ अक्टोबर देखि २०१६ सेप्टेम्बरसम्म नेपालका नगरपालिकाहरुमा **भवन संहिता कार्यान्वयन कार्यक्रम (Building Code Implementation Program in Municipalities of Nepal - BCIPN)** सञ्चालन गरेको थियो । नेपाल सरकार, शहरी विकास मन्त्रालय (MOUD), शहरी विकास तथा भवन निर्माण विभाग (DUDBC), र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (MOFALD) को निर्देशन र समन्वयमा भूकम्प प्रविधि राष्ट्रिय समाजद्वारा नेपालका ३० वटा नगरपालिकाहरुमा यो कार्यक्रम लागू गरिएको थियो ।

भवन संहिताको प्रभावकारी कार्यान्वयन गर्ने अभियानलाई संस्थागत गर्दै निरन्तरता दिने उद्देश्यले एनसेटले देशका थप ३० वटा नगरपालिकाहरुमा **भवन संहिता कार्यान्वयनका लागि प्राविधिक सहायता "दरो घर दिगो बस्ती"** (**Technical Support for Building Code Implementation in Nepal - TSBCIN**) कार्यक्रम संचालन गरेको थियो । अमेरिकी सहायता नियोग (USAID/BHA) को आर्थिक सहयोगमा सन् २०१७ देखि २०२० सम्म सञ्चालित उक्त कार्यक्रमको मुख्य उद्धेश्य भवन संहिता कार्यान्वयन सम्बन्धी सचेतना, तालिम र संस्थागत प्रणाली विकासका कार्यहरु मार्फत स्थानीय तहहरुलाई भवन संहिता कार्यान्वयन गर्न सघाउने रहेको थियो ।

भवन संहिता कार्यान्वयनका लागि प्राविधिक सहायता कार्यक्रम अन्तर्गत स्थानीय निर्माणकर्मी, प्राविधिक, घरधनी, सामाजिक परिचालक, राजनीतिक दलका प्रतिनिधि, वडा प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह, स्थानीय विपद् व्यवस्थापन समिति र विभिन्न संघसंस्थाहरु लगायतका लागि तालिम, अभिमुखिकरण कार्यक्रम, गोष्ठी, अध्ययन भ्रमण, सर्वेक्षण, प्रदर्शनी र विपद परिदृष्य लगायतका काम सम्पन्न भएका छन । साथै, नगरपालिकाहरुमा नक्सापास प्रक्रिया र भवन संहिताको कार्यान्वयनको निरन्तरताको निम्ति संस्थागत क्षमता अभिवृद्धिमा उल्लेखनीय प्राविधिक सहयोग पुऱ्याउन सफलता प्राप्त भएको छ ।

यो पुस्तिका अमेरिकी सहायता नियोग (USAID/BHA) को आर्थिक सहयोगमा सञ्चालित BCIPN र TSBCIN कार्यक्रम अन्तर्गत हासिल गरिएका अनुभवहरूलाई समेटेर तयार पारिएको हो । कार्यक्रमको दौरानमा भवन संहिता कार्यन्वयनमा संलग्न सरोकारवालाहरु:- निर्माणकर्मी/निर्माण व्यवसायी, प्राविधिक, घरधनी, निर्माण सामग्री वितरक र संघसंस्थाहरुका सिकाई, बुझाई, सीप, काम गर्ने शैली, व्यवहार र जीवनमा आएका सकारात्मक परिवर्तनका अनुभवहरुलाई प्रस्तुत गरेका छौं । यी कथाहरु हामीले सरोकारवालाहरुसँगको प्रत्यक्ष भेट र कुराकानीको आधारमा तयार पारेका हौं ।

यहाँ केहि प्रतिनिधिमुलक कथा, विचार र अनुभवहरु समेटिएका छन् । यी भन्दा धेरै कथा र भोगाईहरु छन् । तिनीहरुलाई पनि क्रमशः- संकलन गर्दै, प्रकाशन गर्दै जानेछौं । यस कार्यमा नगरपालिका र अन्य सरोकारवाला निकायहरुलाई पनि आग्रह गर्दछौं ।

# विषय सूची

प्राक्कथन ........ १

## निर्माणकर्मीहरुको अनुभव

सबैकी प्यारी दिलकुमारी ........ ५
तालिमले बुझायो डकर्मीको महत्व ........ ७
सीप सिकेपछि आम्दानी बढ्यो, प्रतिष्ठा पनि बढ्यो ........ १०
संगठित निर्माणकर्मी, सुव्यवस्थित निर्माणकर्म ........ १२
घरधनीका कुराः सचेत रहौं, बलियो घर बनाऔं ........ १४
तालिमले माझिए सन्त बहादुर कुमाल ........ १६
आत्मविश्वासी सुनिता थारु ........ १८
सुरक्षित निर्माणमा सोम बहादुर थारु ........ २१
डकर्मी तालिम पछि व्यस्त गंगाराम ........ २३
निर्माणकर्मी कपटेनलाई भ्याईनभ्याई ........ २५
सुरक्षित भवन निर्माणको लागि गोदावरी नगरपालिकाको शुरुवाती कदम ........ २८
डकर्मी तालिमले आत्मविश्वास बढायोः ठेकेदार सिकन्दर साह ........ ४२
डकर्मी तालिमले परिवर्तन गरेको अमर बहादुर नेपालीको कौशल ........ ४४
प्रबलीकरण सीपका कारण दैनिक ज्याला बढ्नेछ भन्ने विश्वास छः तिलक खाम्चा मगर, डकर्मी ........ ४५

## प्राविधिकहरुको अनुभव

भवन संहिता र भरतपुरको प्रतिबद्धता ........ ६
सिक्दै, सिकाउँदै बिर्तामोड नगरपालिका ........ ८
जनकपुरमा नगरपालिकासँगै कन्सल्ट्यान्टहरू ........ ११
भवन संहिताको पालनामा परिपक्व हुँदै गैंडाकोट ........ १३
सुरक्षित निर्माण अभ्यासमा दृढ व्यास ........ १७
सबैको सहकार्यमा मात्र बन्छ भूकम्पीय सुरक्षित घर ........ १९
सुदृढ हुँदै जनकपुरः नक्शामा सुधार, निर्माणमा सुधार ........ २४
नगरपालिकाहरु एनसेटको सहकार्य प्रति सकारात्मक रहेको पाएः रोशन घिमिरे ........ ४१
घोराहीमा नमूना प्रबलीकरणको कार्य गर्ने प्रतिबद्ध इन्जिनियर ........ ४३
वीरेन्द्रनगर नगरपालिका : भवन संहिता कार्यान्वयन देखि प्रबलीकरण सम्म ........ ४६
भवन संहिता कार्यान्वयनको काम संस्थागत हुनेमा बिश्वस्त छुः प्राविधिक जानकी बडैला ........ ४७
भवन संहिता कार्यान्वयन संलग्न इन्जिनियरको अनुभव ........ ४८
भवन तथ्यांक सर्वेक्षणबाट प्राप्त तथ्यांकद्वारा घर नम्बर प्रणाली स्थापना गर्दै भीमदत्त नगरपालिका ........ ५०

## घरधनीको अनुभव

घर बनाउँदा नियम मानेपछि पछुताउनु पर्दैन ........ ९
अभिमूखीकरणले माभिएकी भगवती ........ २०
प्रबलीकरणको शुरुवातकर्ता बने लक्ष्मण ........ २६

## अन्य विषेश सरोकारवालाहरुको अनुभव

भवन संहिताको प्रवर्द्धनमा भूकम्पवाली मिस ........ १५
तीज गीतमा भूकम्पका कुराः एक तीर, दुई निशाना ........ २२
सचेतना, अध्ययन र कार्यान्वयनको लागि प्रबलीकरण नमुना कार्य ........ २९
सुरक्षित घर निर्माणमा कावासोती नगरपालिकाको सार्थक प्रयत्न ........ ३३
प्रवलीकरणलाई संस्थागत गर्दै घोराही उपमहानगरपालिका ........ ३५
गोदावरी नगरपालिकामा भवन संहिता संस्थागत गर्ने अभियान ........ ३८
“दरो घर दिगो बस्ती” रेडियो कार्यक्रमले श्रोतामा मेरो पहिचान दिलायोः माया कडेल ........ ३९
“भवनहरुको तथ्यांक संकलनको कामले मेरो अध्ययनलाई बजारसँग जोड्ने काम गरेको छ” ........ ४९
“धादिङमा देखेको भूकम्पीय क्षतिको अनुभवले शुक्लाफाटामा भवन संहिता कार्यान्वयनमा नेतृत्व गर्न मलाई प्रेरणा मिल्यो” ........ ५१

# सबैकी प्यारी दिलकुमारी



दिलकुमारी सुनुवार, तुलसीपुर

"श्रीमान घर छाडेर बेपत्ता भएपछि ६ महिनाको छोरा हेर्ने जिम्मा माईतीलाई दिएर म कमाउन निस्किएँ । जागिर खाउँ सीप थिएन, व्यपार गर्न पुँजी थिएन । पढेलेखेको नभएकोले ज्यामी काम बाहेक अर्को विकल्प रहेन । त्यसैले ज्यामी काम गर्न थालेँ । निर्माणस्थलमा डकर्मीहरुले काम गरेको हेर्दै मैले पनि डकर्मीको काम सिकेँ र भारी बोक्ने काम छाडेर गारो लगाउन थालेँ । काम प्रतिको लगन, मेहनत र भूकम्प प्रतिरोधी घर निर्माण तालिमका कारणले अहिले मेरो जीवनले एउटा नयाँ मोड लिएको छ ।"

माथिको भनाइ हो तुलसीपुर, दाङ निवासी दिलकुमारी सुनुवारको जो पेशाले डकर्मी हुनुहुन्छ । दुई छोराकी आमा दिलकुमारीले बाध्यात्मक परिस्थितिमा यो पेशा अपनाउनु भयो । कान्छो छोरा २ महिनाको हुँदा दिलकुमारीका श्रीमान घर छाडेर बेपत्ता भए । ८ बर्ष सम्म पनि श्रीमान नफर्केपछि परिवारको जिम्मेवारी दिलकुमारीको काँधमा आयो । आफ्नो र छोराहरुको भविष्यको चिन्ताले सताउन थाल्यो । त्यसपछि दिलकुमारीले कमाउने अठोट गरी ज्यामी काम गर्न थाल्नुभयो । ज्यामी काम गर्ने क्रममा उहाँमा मिस्त्री बन्ने तीव्र इच्छा जाग्यो । कामको बीचमा थकाइ पनि नमारी उहाँ डकर्मीहरुको छेउमा गएर उनीहरुले काम गरेको हेर्नुहुन्थ्यो । कोहीले उहाँलाई काम गर्ने तरिका सिकाउँथे भने कोहीले "आइमाई मान्छे भएर कर्नी समाउने होइन" भनेर निरुत्साहित गर्थे । तर दिलकुमारी कहिल्यै हार नमानी सिक्ने काममा लागि नै रहनुभयो । आराम गर्ने समयमा पनि उहाँ मिस्त्रीलाई पालो दिनुहुन्थ्यो । यसबाट उहाँको मिस्त्रीसँग राम्रो सम्बन्ध बन्यो र काम सिक्ने मौका पाउनुभयो । यसै सिकाइले दिलकुमारीलाई ज्यामीबाट मिस्त्री बनायो । जतिबेला महिलाहरुलाई ज्यामी कामको लागि मात्रै प्रयोग गरिन्थ्यो, त्यतीबेला दिलकुमारी मिस्त्री बन्नु भयो ।

"तालिमबाट धेरै कुराहरु सिकेको छु । मैले तालिमपछि ५ वटा घर बनाएँ र ती सबै घरहरुमा तालिम बमोजिम नै काम गरेकी छु"

- दिलकुमारी सुनुवार, तुलसीपुर

दिलकुमारीले माईतीमा नबसी आफ्नै घर बनाउन थाल्नुभयो । उहाँले आफैं डकर्मी भएर घर बनाएको देखेपछि सामाजिक अगुवा नुखी रावतले उहाँलाई एनसेटले दिने भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिमका लागि मेसो मिलइदिनु भयो ।

भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिमपछि दिलकुमारी जिम्मेवार र पेशेवर डकर्मीको रुपमा समुदायमा चिनिन थाल्नुभयो । महिला भएकै कारण उहाँको काम र सीपमा विश्वास नगर्ने र पुरुष डकर्मी राख्ने सोच भएका घरधनीहरु पनि दिलकुमारीलाई काममा बोलाउन थालेका छन् । महिलाहरुको लागि दिलकुमारी एक प्रेरणाको पात्र बन्नुभएको छ । "कुमारीले तालिममा सिकेका सीपहरु हामीलाई पनि सिकाईरहेकी छिन्" दिलकुमारीसंगै काम गर्ने सुकी घर्ती सुनाउनुहुन्छ ।

दिलकुमारीका अनुसार तालिमपछि काम पाउन मात्रै सजिलो भएको होइन, उहाँको ठेकेदारलाई समेत सजिलो भएकोछ । आजभोली उहाँको साईटमा ठेकेदार नआए पनि काम रोकिँदैन । दिलकुमारीलाई पुरुष र महिला मिस्त्री बीचको विभेद प्रति भने नराम्रो लागेको छ । "खासै काम नजानेका पुरुषले कर्नी र हतौडी समात्दा मात्र पनि मानिसहरु विश्वास गर्छन् भने महिलाले कामै गरेर देखाउँदा पनि उनिहरुको काम र सीपमाथि खासै भरोसा गर्दैनन्," दिलकुमारी गुनासो गर्नुहुन्छ । अहिले एक्लैले कमाएर उहाँले २ छोराको पढाइ र घर-ब्यवहार सबै धान्नु भएको छ ।

आज यो क्षेत्रमा दिलकुमारी सबैको लागि एक प्रेरणाकी पात्र बन्नुभएको छ । उहाँलाई छर छिमेकमा सबैले माया गर्छन् । उहाँको काम देखेर अन्य महिलाहरु पनि काम सिक्न र आत्मनिर्भर हुन चाहान्छन् । "मैले त तालिम लिइसकेको छु, तर तालिम नलिएका थुप्रै महिलाहरु हुनुहुन्छ । सबैलाई तालिम दिन सकियो भने उहाँहरुको प्रगति र काममा पनि गुणस्तर बढ्ने छ," दिलकुमारी बताउनुहुन्छ ।



डकर्मी तालिममा सहभागी हुँदै



दुई छोराहरुको साथमा आफ्नै आँगनमा

# भवन संहिता र भरतपुरको प्रतिबद्धता



सूर्यप्रकाश लामा
ईन्जिनियर
भरतपुर

सूर्यप्रकाश लामा एक सिभिल ईन्जिनियर हुनुहुन्छ । उहाँ विगत १७ बर्षदेखि भरतपुर महानगरपालिकामा भवन संहिता र विपद व्यवस्थापन शाखाको प्रमुखको रुपमा कार्यरत हुनुहुन्छ । भवन संहिता सम्बन्धी धेरै तालिम, गोष्ठी लगायतका कार्यक्रमहरुमा उहाँ सहभागी हुनुभएको छ । यसरी काम गर्दै र तालिमहरु लिदैं उहाँले आफूलाई त्यसै अनुसार ढाल्दै लैजानुभएको छ । यसबाट प्राप्त ज्ञान र अनुभव अरुलाई पनि बाँडेर सुरक्षित निर्माणको क्षेत्रमा योगदान दिनुभएको छ ।

“पहिले-पहिले तालिम वा अभिमुखीकरण कार्यक्रम गर्दा, आफुलाई जे जति आउँथ्यो, जसरी सजिलो लाग्थ्यो, त्यसैगरी गरिन्थ्यो । तर, आजभोलि के गर्दा राम्रो हुन्छ र कसरी सिकाउँदा समुदायलाई भवन संहिताको बारेमा राम्ररी बुझाउन सकिन्छ, त्यसरी नै कार्यक्रम तयार गर्ने गरेका छौं । यसमा हामीले सधैं एनसेटको भरपुर साथ पाएका छौं,” लामा बताउनुहुन्छ ।

> “कुनै समय यस्तो पनि थियो, जतिबेला मानिसहरु नगरपालिकाको कार्यलयमै आएर भवन संहिताको नाममा जनतालाई दु:ख दिने काम गरेको भन्दै झगडा गर्थे । त्यतिबेला यो क्षेत्रमा ब्यर्थै काम गरेछु भन्ने नकरात्मक भावना आउँथ्यो । तर, अहिले अवस्था बदलिएको छ”
> -सूर्यप्रकाश लामा, भरतपुर

बिं.सं. २०७२ को भूकम्पपछि भने लामाले भरतपुर महानगरपालिका क्षेत्रमा मात्र सिमित नभएर अन्य नगरपालिकाहरुमा पनि प्रशिक्षकको रुपमा तालिम दिन थाल्नुभयो । छिमेकी नगरपालिकाहरुले भवन संहिता कार्यक्रम कार्यान्वयन गर्न थालेपछि त्यस सम्बन्धी तालिम दिने अन्य दक्ष व्यक्तिको अभावमा लामालाई भ्याइनभ्याइ छ । यस अन्तर्गत घरधनी, डकर्मी, ठेकेदार, सामाजिक परिचालक, राजनीतिक दलका कार्यकर्ता लगायत धेरै तहतप्काका मानिसहरुका लागि तालिम कार्यक्रमहरु आयोजना गर्नुभएको छ । लामाका अनुसार भरतपुरमा अहिले कन्सल्ट्यान्ट ईन्जिनियर र घरधनी तथा घरधनी र निर्माणकर्मी बीच भवन निर्माण सहिंताको पालना सम्बन्धि सम्झौता हुन्छ । यसले उनीहरुलाई नियममा रहेर निर्माणको काम गर्न बाध्य बनाउँछ । कुनै एक पक्षले सहमती अनुसार काम नगरेमा उ सजायको भागिदार हुन्छ ।

महानगरपालिकाको निरन्तर प्रयास, एनसेटको साथ र पछिल्लो भूकम्पको अनुभवले गर्दा सबैमा सकारात्मक परिवर्तन आएको छ । भवन संहिता राम्रोसँग कार्यान्वयन भइरहेको छ । नयाँ बन्ने करिव ९०% घरहरु भवन संहिता अनुरुप बन्न थालेका छन् ।

लामाका अनुसार निर्माणकर्मी समूहहरु पनि उत्तिकै सक्रिय छन् । तर एउटा घर सम्पन्न हुन्जेलसम्ममा जो–जो सहभागी हुन्छन्, ति सबै पक्षहरु बीच एकमत हुनु जरुरी छ । यसले मात्रै भवन संहिता पुर्णरुपमा कार्यान्वयन हुन्छ, घर बलियो बन्छ र भूकम्पीय जोखिमबाट समुदाय सुरक्षित हुनसक्छ ।

उहाँहरुले डकर्मीहरुसँग मिलेर अनुगमन टोली बनाउनु भएको छ । बेलाबखत उहाँहरु निर्माणकर्मीहरुसँग मिलेर अनुगमनमा जानुहुन्छ । कतै केही गलत भएमा डकर्मीहरुले नै नगरपालिकामा खबर गर्छन् र खबर गर्नेको परिचय गोप्य राखेर गलत गर्नेलाई सजायको दायरामा ल्याउने गरिएको छ । यो प्रक्रिया प्रभावकारी सावित भएको छ ।




“काम गर्ने क्रममा कहिले रिस उठ्छ, कहिले चित्त दुख्छ, कहिले मेहनत अनुसारको जस नपाईने कुराको चिन्ता हुन्छ, तर जति बाधा अड्चन आएपनि काम गर्न छाडिन । नगरपालिकाले विश्वास गरेर भवन संहिता कार्यान्वयनको जिम्मा दिएको छ । हामीले यो अवधीमा भवन संहिता कार्यान्वयनको क्षेत्रमा राम्रो फड्को मारेका छौं । नगरपालिकाका सम्पूर्ण सहकर्मी, समुदाय, निर्माणकर्मी, कन्सल्ट्यान्ट, भवन विभाग र एनसेटले साथ दिइरहेका कारण नै सम्भव भएको हो । यसमा अझै अघि बढ्नु छ र सबैको निरन्तर साथ चाहिन्छ,” उहाँ थप्नुहुन्छ ।

# तालिमले बुझायो डकर्मीको महत्व


मन बहादुर सुनार
डकर्मी, व्यास

म मन बहादुर सुनार हुँ । म तनहुँ जिल्लाको व्यास नगरपालिका वडा नं. १४ मा बस्छु । मेरो पेशा डकर्मी हो । १६ बर्षको उमेरदेखि म यो पेशामा छु । मैले यो काम गर्न थालेको २६ बर्ष भयो । अहिलेसम्म मैले १०० वटाको हाराहारीमा घरहरु बनाइसकेको छु ।

मैले एनसेटबाट भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम प्राप्त गरेको छु। तालिम मार्फत भूकम्प प्रतिरोधी घरहरु निर्माण गर्न सिकियो । यस अघि हामीले बनाएका घरहरु कमजोर रहेछन् भन्ने कुरा तालिमपछि महशुस भयो। साथै भूकम्प आउँदा ती घरहरु के–कस्ता कमजोरीले गर्दा चर्किए/भत्किए भन्ने बारेमा पनि थाहा भयो । हिजो हामी अनविज्ञ थियौं । भूकम्पले नलड्ने घर बनाउन सिकाउने तालिम हुन्छ भन्ने नै थाहा थिएन। शहरी क्षेत्रमा त मानिसहरुले रड हालेर, ईन्जिनियर लगाएर घर बनाउँछन्। तर, गाँउका मानिसहरुले स्थानीय स्तरमा पाईने श्रोत साधन नै प्रयोग गर्छन् । हाम्रो गाउँमा पिलरवाला नभएर सबै घरहरु गारोवाला मात्र बनाइन्छ । उनीहरुले ईन्जिनियर पनि राख्दैनन् । त्यसैले, हामी निर्माणकर्मीले तालिम लिएर आफ्नै गाँउ ठाँउमा स्थानीय श्रोतसाधन प्रयोग गरी भूकम्प थेग्ने गारोवाला भवन बनाउन सक्षम हुनु भनेको हाम्रो लागि मात्रै नभइ पूरै गाउँको लागि खुसीको कुरा हो ।

> "भवन संहिता लागू गरेपछि बजार क्षेत्रलाई मात्र हेरेर हुन्न, कुनाकाप्चामा पनि पुगेर हेर्नुपर्छ ।"
>
> - मन बहादुर सुनार, व्यास

अब मैले बनाउने घरहरु सबै भूकम्प थेग्ने घर मात्र हुनेछन्। २०७२ को भूकम्पले मानिसहरुलाई तर्साएकाले नयाँ घर बनाउनेहरुले बलियो घर बनाउने डकर्मीहरु नै खोज्नाले डकर्मीहरुको माग बढेको छ। भूकम्प थेग्ने घर बनाउँदा बढी खर्च लाग्छ भन्ने गलत धारणा भएका घरधनीलाई सम्झाउन केही समय लाग्न सक्छ, तर हामीले हरेस नखाई घरधनीहरुलाई बुझाउन सक्नुपर्छ । 'तपाईले हामीलाई यो-यो सामग्री उपलब्ध गराउनुपर्छ र बलियो घर बनाउन हामीले केही बढी मेहनत र समय खर्चिनु पर्ने भएकोले हाम्रो ज्यालामा पनि बिचार गरिदिनुस' भनेर सम्झायो भने नमान्ने प्रश्नै हुन्न । मलाई घरधनीहरुलाई राम्रोसँग सम्झाउन सक्छु भन्ने आत्मविश्वास छ । अब पनि भूकम्पले ढल्ने घर बनाउन हुँदैन भन्ने मान्यता भएकाले सम्झाउँदा पनि बलियो घर बनाउन नमाने बरु म ती घरधनीको घर नै बनाउँन्न, तर कमजोर घर बनाउन कदापी तयार हुन्न । हामीले नबनाउने भनेर छाडेको घर अर्को ठेकदार वा मिस्त्रीले कमजोर तरिकाले बनाएमा बिरोध गर्नुपर्छ । सबैको सहयोग लिएर घरधनी, ठेकेदार र डकर्मी सबैलाई बुझाउनु पर्छ ।

मलाई तालिममा सिके अनुसार नै काम गर्न सक्छु भन्ने आत्मविश्वास छ । तर, नगरपालिकाले पनि नीतिनियम बनाउनुपर्‍यो । भवन संहिता लागू गरेपछि बजार क्षेत्रलाई मात्र हेरेर हुन्न, कुनाकाप्चामा पनि पुगेर हेर्नु पर्छ । तालिम प्राप्त डकर्मीहरुले मात्रै निर्माण गर्न पाउने व्यवस्था हुनुपर्छ । खराब काम गर्नेलाई दण्डित गर्नु पर्छ । कसैले कमजोर घर बनाउँछ भने कारवाही गरेको राम्रो हो ।

यो तालिम लिईसकेपछि सीप मात्रै नभएर समाजलाई भूकम्पीय जोखिमबाट सुरक्षित बनाउने सबैभन्दा ठुलो जिम्मेवार व्यक्ति त हामी निर्माणकर्मी नै रहेछौं भन्ने ज्ञान भयो । पहिले हामी घरधनीले जसरी भन्यो त्यसरी काम गर्थ्यौं । तर, अब हामीले घरधनीलाई सम्झाएर भूकम्प प्रतिरोधी घर बनाउनको लागि उत्प्रेरित गर्नुपर्छ। ढुंगामाटो, काठ, ईंटा, फलाम, सिमेन्ट जेबाट बनेको होस्, झुपडी वा महल जस्तो होस् , घर भनेको मानिसको ज्यान नलिने खालको नै हुनुपर्छ भनेर सबैभन्दा पहिले हामी नै लाग्नुपर्छ । नगरपालिका, ईन्जिनियर र एनसेट जस्ता संघसंस्थाले पनि निरन्तर तालिम र हौसला दिइराख्नुपर्छ । हामी निर्माणकर्मी पनि समुदायलाई भूकम्पीय हिसाबले सुरक्षित बनाउने एक महत्वपूर्ण अंग हौं भन्ने कुरा महशुस भएको छ । म सधैं यो अभियानमा लागिरहने छु । साथै, अरुलाई पनि आफूले सिकेको कुरा सिकाउनेछु ।

# सिक्दै, सिकाउँदै बिर्तामोड नगरपालिका



बिनोद सापकोटा
इन्जिनियर, एनसेट

मेरो नाम बिनोद सापकोटा हो । म सिभिल ईन्जिनियर हुँ । मैले एनसेटको तर्फबाट बिर्तामोड नगरपालिकामा भवन संहिता कार्यान्वयन र नक्शापास प्रक्रियामा प्राविधिक सहयोग पुर्‍याउने उद्देश्यले एक बर्ष काम गरें । अध्ययनको क्रममा कलेजमा कितावी र प्राविधिक ज्ञान मात्र सिकियो । तर, बिर्तामोडमा बसेर काम गर्दा धेरै व्यवहारिक र समाजिक कुराहरु सिकियो जुन मेरो लागि धेरै महत्वपुर्ण कुरा हो । हामीसँग प्राविधिक ज्ञान मात्र नभएर सामाजिक ज्ञान पनि हुन आवश्यक छ । फिल्डमा बसेर काम गर्दा मैले कमाएको कुरा यही नै हो ।



बिर्तामोडमा विशेषगरी नक्शापासमा सकारात्मक परिवर्तन आएको छ। शुरुमा स्केल लगायतका कुरा नमिलेका नक्साहरु आउनाले नक्सा जाँच्न झन्झटीलो र समय पनि धेरै लाग्थ्यो। मैले नगरपालिकाका सरहरुसँग छलफल गरेर नक्सामा सबै कुराहरुलाई कसरी सही ढंगले समावेश गर्ने भन्ने बारेमा एउटा फरम्याट तयार पारें । त्यो फरम्याटले नक्शामा एकरुपता ल्याउन, नक्शा जाँच्दा समयको बचत गर्न र जाँच्न सजिलो बनायो । आजभोली नगरपालिकामा पेश हुने नक्शाहरु मध्ये ९५% भवन संहिता पालना भएर आउने गरेका छन् । उक्त फरम्याटलाई ताप्लेजुङ, मेचीनगर, फिदिम, भद्रपुर लगायतका छिमेकी नगरपालिकाहरुले पनि लागू गरेका छन् । फिल्डमा पनि घरहरु नक्शा अनुसार बन्न थालेका छन् ।

यस अघि नगरपालिकामा जनशक्तिको कमीका कारण घरधनीले नक्सा पेश गरेपछि १५ दिन वा १ महिनापछि आउँदा उसको फाईल भेटाउनै गाह्रो हुन्थ्यो ।

> नगरपालिका र एनसेट मिलेर एक उद्देश्य प्राप्तिको निम्ति गरिएको सहकार्य, मेहनत र प्रयासले बिर्तामोडमा साँच्चीकै परिवर्तन ल्याएको छ । बिर्तामोडमा भवन संहिता कार्यान्वयनको सफल पक्ष भनेको नगरपालिकाको प्रणाली, कर्मचारीहरुको काम गराई, कन्सल्ट्यान्ट ईन्जिनियरहरुको जिम्मेवारी वहन गर्ने क्षमतामा बृद्धि, घरधनीहरुमा आएको सचेतना र निर्माणकर्मीहरुको काम गराईमा आएको परिवर्तन हो ।

मैले सबैसँग सल्लाह गरी कम्प्युटर फाईलिंग सिस्टम बनाएँ । अहिले २७०० वटा पुराना फाईलहरु कम्प्युटरमा ईन्ट्री गरेर र्‍याकमा मिलाएर राखिएको छ । अब ति फाईलहरु कम्प्युटरमा खोज्नासाथ सजिलै भेटिन्छन् । नयाँ आउने फाईलहरु पनि पछिसम्म भेटिने हिसावले दर्ता गर्ने सिस्टम बनाईएको छ । त्यसका लागि कर्मचारी र कम्प्युटरको ब्यवस्था समेत गरिएको छ। अहिले फाईलिंगको राम्रो ब्यवस्थापन भएको छ। नक्शामा एकरुपता आएको छ । ईन्जिनियरहरुको लागि भवन संहिता सम्बन्धी तालिमपछि भने नक्शा बनाउने प्राविधिकहरुको काममा समेत निखार आएको छ। नक्शामा सुधार आएको छ र सच्याउनुपर्ने कुराहरु कम भएका छन् ।

म बाहेक पनि एनसेटको एउटा प्राविधिक टोली छ जसले नगरपालिकाहरुमा भवन संहिता कार्यान्वयनको निम्ति प्राविधिक सहयोग पुर्‍याउँछ । उक्त टोलीको सहयोगमा अहिलेसम्म बिर्तामोडमा १८६ डकर्मी, ४२ प्राविधिक, १३० घरधनी र २० जना सामाजिक परिचालकहरुले तालिम पाइसकेका छन् ।

गाविसबाट भर्खरै नगरपालिका भएको, थोरै कर्मचारी र प्राविधिक संख्या भएको नगरपालिका भएर पनि बिर्तामोडले भवन संहिता कार्यान्वयन गरेर वरीपरीका अन्य नगरपालिकाहरुको लागि एक सफल उदाहरण बनेको छ । बिर्तामोडको परिवर्तनबाट प्रभावित भएर वरपरका अन्य नगरपालिकाहरुले पनि बिर्तामोडको काम गर्ने तरिका, फाराम, दस्तावेजहरु साभार गर्न थालेका छन्। एकातिर भवन संहिता कार्यान्वयन र सुरक्षित निर्माणको क्षेत्रमा बिर्तामोड आफू पनि सिक्दै छ भने अर्कोतिर अन्य नगरपालिकालाई पनि सिकाउँदैछ । यसबाट बिर्तामोड नमूना नगरपालिकाको रुपमा चिनिदैछ।

# घर बनाउँदा नियम मानेपछि पछुताउनु पर्दैन

मेरो नाम राम नारायण मण्डल हो । म जनकपुर उपमहानगरपालिका निवासी हुँ । मैले भर्खर मात्र आफ्नो घर बनाएँ । सबै काम मैले ईन्जिनियरले भने बमोजिम नै गरेको छु । मैले बनाएको घर मजबुत छ भन्ने कुरामा अहिले आएर म ढुक्क छु ।


म 'अब घर बनाउनुपर्‍यो' भनी बुझ्नको लागि नगरपालिका गएको थिएँ । त्यहाँ गएपछि मलाई नगरपालिकाको सरहरुले घर बलियो बनाउनुपर्छ भन्ने बारेमा सम्झाउनुभयो । पछि, म फेरि नक्शा लिएर नगरपालिका जाँदा नगरपालिकाका ओभरसियरले पिलरमा कतिवटा डण्डी राख्ने, कति एमएमको डण्डी हाल्ने भन्ने कुरा नगरपालिकाको प्राङ्गणमा भएको मोडेल देखाएर विस्तारमा बताउनुभयो । नियम विपरित घर बनाएमा नक्शा पास हुँदैन र नक्शा पास भईसकेपछि पनि नक्शा अनुसार बनाइएन भने घरको निर्माण रोक्का हुन सक्छ भन्ने कुरा पनि उहाँहरुले राम्ररी बताउनुभयो । मैले घर बनाउँदा पिलरमा डबल चुरी राखेको छु, पिलरको जोर्नीतिर ४ ईन्चमा र अन्यमा ६ ईन्चमा चुरी राखेको छु । अहिले छिमेकीहरुले आएर 'तेरो घरमा डण्डी धेरै राखिएको छ, बनाउने तरिका पनि हाम्रो भन्दा केही फरक छ, तेरो घर हाम्रो भन्दा बलियो छ, अब भूकम्प गऱ्यो भने पनि केही हुदैन' भन्छन् । यस कुराले म खुसी छु ।

> "सरकारको नियम मिचेर त घर बनाउन सकिन्न । नियमभित्र रहेर घर बनाउँदा आफ्नै घर बलियो बन्छ भने किन नियम नमान्ने"
>
> - राम नारायण मण्डल, जनकपुर

करिब ३ बर्ष अघि गएको भूकम्पले नेपालमा धेरैको ज्यान गयो । धेरै घरहरु भत्किए पनि अहिलेसम्म पुर्ननिर्माण हुनसकेको छैन । फेरि पनि त्यस्तै भूकम्प गएमा ज्यान नजाओस्, घर नभत्कियोस् भनेर नगरपालिकाले यो नियम ल्याएको हो जस्तो लाग्छ ।

नियमभित्र रहेर घर बनाउँदा त्यति धेरै महंगो हुने पनि होइन । यो घरधनीको इच्छाशक्तिमा भरपर्छ । एउटा घर बनाउन पुग्ने पैसा भएका घरधनीले चाहाने हो भने बलियो घर बनाउन सक्छन् ।

यस नगरपलिकामा धेरै घरधनीहरुले नक्सा पास नगरी घर बनाएका छन् । मेरो बिचारमा उनीहरुको घर केही सस्तो र आफूले चाहेजस्तो त बनेको होला, तर बलियो भने पक्कै छैन । त्यसैले हामीले सरकारको नियम मानेर काम गर्‍यौं भने त्यसबाट घाटा हुदैन र हामी पछि पछुताउनु पर्दैन । मैले सबै नियम भित्र रहेर घर बनाएको छु । यसबाट म एकदमै सन्तुष्ट छु । खर्च त भएको छ, तर घर बलियो बनेको छ भन्ने कुराले आनन्द दिन्छ । म अहिले पनि बेलाबेलामा नगरपालिका कार्यालय जाने गर्दछु । त्यहाँ धेरै मानिसहरु नक्शा लिएर आउँछन् । म नगरपालिकाका सरहरुले उनीहरुलाई पनि मलाई जस्तै सम्झाइरहेको देख्छु । यो देखेपछि भवन संहिता कार्यन्वयनमा नगरपालिका समर्पित भएको मैले अनुभव गरेको छु ।



# सीप सिकेपछि आम्दानी बढ्यो, प्रतिष्ठा पनि बढ्यो

रामबृक्ष प्रसाद यादव रुपन्देही जिल्लाको सुनौली, श्यामहाठ निवासी हुनुहुन्छ । बिगत २० बर्षदेखि उहाँ निर्माणकर्मीको कामगर्दै आउनुभएको छ । हुनत: रामबृक्षले यस अघि पनि निर्माणको कामबाट राम्रै आय–आर्जन गर्दै आउनु भएको थियो । तर, एनसेटको सहयोगमा सिद्धार्थनगर नगरपालिकाले आयोजना गरेको डकर्मी तालिमले यादवको आर्थिक अवस्थाका साथै सामाजिक प्रतिष्ठा पनि बढाएको छ ।



रामबृक्ष प्रसाद यादव, डकर्मी, रुपन्देही

निर्माणकर्मीको समितिले रामबृक्षलाई ‘नगरपालिकाले डकर्मीहरुलाई तालिम गर्दैछ, तालिममा भाग लेउ’ भनेपछि तालिम लिनुभयो । तालिमबाट भवन निर्माण सम्बन्धी धेरै कुराहरु सिक्नुभयो । उहाँ भन्नुहुन्छ, “तालिम अघि जसरी मन लाग्यो त्यसरी पिलर राखिन्थ्यो । तालिमले हातीपाइलेमा जाली राम्रोसँग राख्न, जगबन्धन, प्लिन्थ बीम राख्न र ४–४ इन्चमा चुरी राख्न सिकायो” । यो तालिमले यादवलाई ४ कोठाको सट्टा बरु २ कोठाको घर बनाउनुपर्छ, तर मान्छे नमार्ने बलियो घर नै बनाउनुपर्छ र त्यसको लागि घरधनीलाई सम्झाउनुपर्छ भन्ने सिकायो । तालिम लगत्तै उहाँले ब्यगाहा गाबिसमा एउटा गारोवाला घर बनाउनु भयो, जसमा उहाँले तालिममा सिकेको सबै कुराहरु लागू गर्नुभयो । घर बनाउने काममा फाइदा त पहिला पनि थियो, तर अहिले धेरै राम्रो नाफा भइरहेको छ । भूकम्प प्रतिरोधी तालिम अघि यादवको मातहतमा २० जना जति मात्रै कामदारहरु थिए भने अहिले ३०–४० कामदारहरु छन् । साथै, यस अघि बर्षको २–३ वटा मात्र साइट हुने गरेकोमा अहिले उहाँका ६–७ वटा साइटहरु छन् ।

तालिम अघि राम बृक्षलाई यो भएन वा त्यो भएन भनेर ईन्जिनियर/प्राविधिकहरुले किचकिच मात्रै गर्थे । पहिले ईन्जिनियर/प्राविधिकहरुलाई केही प्रश्न सोध्न पनि उहाँलाई लाज लाग्थ्यो । तर, अहिले त्यस्तो छैन । किचकिच पनि हुँदैन र सल्लाहमा नै निर्णय हुनेगर्छ । अहिले नबुझेको कुरा सोध्न र बुझाउन सक्षम भएको यादव बताउनुहुन्छ । उहाँका अनुसार नगरपालिकाले उहाँहरुलाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आएको छ । साथै, उहाँ आफूले जानेको कुरा आफ्नो मातहतका मिस्त्रीहरुलाई कारण सहित सिकाउने गर्नुहुन्छ ।

रेडियोबाट उहाँले घरधनीहरुलाई ठेकेदारले भने अनुसार भूकम्प प्रतिरोधी घर बनाएर आफू र आफ्नो सन्तानको जीवनको रक्षागर्न अनुरोध गर्नुभयो । त्यसपछि रामबृक्षलाई धेरै मान्छेले चिन्न थाले । नगरपालिकाले पनि तालिम लिने डकर्मीको नाम र फोन नम्बर सहित लिस्ट टाँसेको थियो । त्यसपछि नक्शा पास गर्न आउने घरधनीहरुले फोन गरेर सल्लाह लिने भन्दै बोलाउन थालेका छन् ।

तर, आफूले लिएको जस्तो तालिम डकर्मीलाई मात्रै नभएर ईन्जिनियरहरुलाई पनि दिनुपर्ने नगरपालिकालाई उहाँको सुझाव छ । तालिममा सिके अनुसार काम गरे पनि ईन्जिनियरले बनाएर पठाएको नक्शा नै भुकम्प प्रतिरोधी नभएको उहाँको गुनासो छ । आफूहरुले बुझेको जति मात्रै कुरा ईन्जिनियरहरुले पनि बुझ्ने हो भने काम गर्न सजिलो हुने र भवन संहिताको कार्यन्वयन प्रभावकारी भई समुदाय नै भूकम्पीय जोखिमबाट सुरक्षित हुने उहाँको बिश्वास छ ।

**यो तालिमले आफ्नो जीवनमा सकरात्मक परिवर्तनहरु ल्याएको रामबृक्ष बताउनुहुन्छ । तालिम अघि पनि उहाँको कमाइ राम्रै थियो । तर, तालिमपछि काम र पैसा संगसंगै सम्मान पाएकोमा धेरै खुशी लागको बताउनुहुन्छ । यो तालिमपछि उहाँलाई एउटा स्थानीय एफएमले अन्तर्वार्ताको लागि बोलाएको थियो ।**

# जनकपुरमा नगरपालिकासँगै कन्सल्ट्यान्टहरू

प्रमोद कुमार मण्डलले जनकपुर उपमहानगरपालिका क्षेत्रमा कन्सल्ट्यान्ट ईन्जिनियरको रुपमा काम गर्दै आउनुभएको छ । मण्डल घर निर्माणको क्षेत्रमा अनुभवी ब्यक्ति हुनुहुन्छ । जनकपुरको निर्माणको क्षेत्रमा आएको ठूलो परिवर्तनलाई नजिकबाट नियाल्नु भएको छ । उहाँका अनुसार केही अघिसम्म जनकपुरमा पिलरवाला घरहरु थिएनन्, गारोवाला घरहरु मात्र हुने गर्दथे । बीम, पिलर भन्ने कुरा कसैलाई थाहै थिएन । पछि आएर झ्यालको तलमाथि लिन्टेलसिल देखिन थाल्यो । डण्डी हाल्न थाले । तर, अहिले यहाँको भवन निर्माण प्रचलनमा धेरै सुधार भएको छ । यसको श्रेय उहाँ एनसेटको भवन निर्माण सहिंता कार्यन्वयन कार्यक्रमलाई दिनुहुन्छ ।

मण्डलका अनुसार जनकपुरमा भवन निर्माणको क्षेत्रमा आएको सकारात्मक सुधारको लागि कन्सल्ट्यान्ट ईन्जिनियरहरु पनि उत्तिकै हकदार र जिम्मेवार छन् । कन्सल्ट्यान्ट ईन्जिनियरहरु पनि भवन निर्माणको क्षेत्रका अभिन्न अंग हुन् । उनीहरुलाई बाहिर राखेर सुरक्षित भवन निर्माणको लक्ष्य प्राप्त गर्न सकिँदैन । तर, नगरपालिकाको कन्सल्टेन्सीहरुसँग केही अघिसम्म सम्बन्ध सुमधुर थिएन । BCIPN कार्यक्रम लागू भएपछि नगरपालिकाका वरिष्ठ ईन्जिनियर वीरेन्द्र यादवको प्रयासपछि मात्र यी दुई निकाय बीचको सम्बन्धमा सुधार आएको हो । अहिले बलियो घर निर्माणको लागि कन्सल्टेन्सीहरुले नगरपालिकासँग भवन निर्माण आचारसहिंता कार्यान्वयनमा हातेमालो गरिरहेका छन् । कन्सल्टेन्सीहरुले अहिले नगरपालिका आएर प्राविधिक कुराहरु बुझ्ने, काम गर्ने तरिका बारे सल्लाह लिने र सोध्ने गर्छन् । मण्डलका अनुसार नगरपालिकाले सबै कन्सल्टेन्सीहरुसँगको बैठकमा छलफल गरी एउटा

घरलाई कन्सल्ट्यान्ट ईन्जिनियरले कम्तिमा पनि ३ पटक अनुगमन गर्नुपर्ने सूचना जारी गरेको छ । कन्सल्ट्यान्टहरुले जुन घर अनुगमन गर्छन्, त्यसको शुल्क सम्बन्धित घरधनीले नै तिर्नुपर्ने व्यवस्था गरेको छ । यस अनुसार नक्शा अर्कै प्राविधिकले बनाएको भएपनि घरधनीले अर्को कन्सल्टेन्सीलाई सुपरिवेक्षणको लागि चयन गर्न सक्छ । प्लिन्थ बीम, स्ल्याब बीम र स्ल्याब ढलान गर्ने बेलामा अनुगमन हुन्छ । यही अनुगमनका कारण यस उपमहानगरपालिकामा भूकम्पीय सुरक्षालाई सघाउ पुऱ्याउने निर्माण पद्धती स्थापित भएको हो ।



प्रमोद कुमार मण्डल जनकपुरको भवन निर्माण सम्बन्धी अनुभव सुनाउँदै

मण्डलका अनुसार नगरपालिकाको नियम र भवन संहिताको पालना गरेर कन्सल्ट्यान्टहरुलाई कामगर्न गाह्रो छैन ।

"बलियो घर निर्माणको मुख्य पक्ष भनेको घरधनी नै हो । घरधनीहरु नक्शा बनाउन कन्सल्ट्यान्टकोमा आउँदा उनीहरुलाई नक्शा तथा बलियो घर बनाउने तरिका बारे सम्झाएको खण्डमा भवन संहिताको कार्यान्वनयको पहिलो कदम शुरु हुन्छ । घरधनीहरुलाई यसबारेमा धेरै कुरा थाहा हुँदैन, तर हामी प्राविधिकले केही समय दिएर घरधनीलाई बुझाउने हो भने खासै कठिन छैन," मण्डल बताउनु हुन्छ ।

> "घर बलियो बनोस् भन्ने चाहाना सबै घरधनीहरुमा हुने भएकाले कन्सल्ट्यान्टहरुले सम्झाउन सकेमा घरधनीहरु यसमा सहमत नहुने कुरै हुँदैन ।"
>
> \- प्रमोद कुमार मण्डल, जनकपुर

# संगठित निर्माणकर्मी, सुव्यवस्थित निर्माणकर्म

मदन पासवान, भरतपुर भवन निर्माण व्यवसायी समितिको अध्यक्ष हुनुहुन्छ । बिगत २५ बर्षदेखि निर्माणकर्मीको काम गरिरहनुभएका पासवानले अहिलेसम्म १०० भन्दा बढी घर बनाएपनि भवन संहिता अनुसार काम गर्न थालेको भने ४ वर्ष मात्र भयो । उहाँले भवन संहिता अनुसार घरहरु बनाउन थालेको डकर्मी तालिमपछि हो । उक्त तालिमपछि पासवान र उहाँको निर्माण व्यवसायी समितिले भवन संहिताको कार्यान्वयनमा सहयोग गरिरहेको छ ।



मदन पाश्वान
निर्माणकर्मी, भरतपुर

बि.सं. २०६९ मा स्थापना भएको भरतपुर भवन निर्माण व्यवसायी समितिमा २१६ जना निर्माणकर्मीहरु सदस्य छन् । ती मध्ये अधिकांशले भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम लिईसकेका छन् भने बाँकी तालिमको पर्खाइमा छन् । समिति गठन गर्नुको उद्देश्य एउटा संगठन हुँदा निर्माणकर्मीहरु एकजुट हुन, पारिश्रमिक नपाउँदा आवाज उठाउन र हेपाइबाट मुक्ति पाउन सहयोग हुने पासवान बताउनुहुन्छ । उहाँका अनुसार यो समिति बनेपछि सबै सदस्यको भेट हुने र गुनासो पोख्ने थलो बनेको छ । साथै, काम गर्दा आफूले भोगेको, देखेको र सिकेको कुराहरु छलफल गर्ने माध्यम बनेको छ ।

समितिले आफ्ना सदस्यहरुको लागि नियमहरु पनि बनाएको छ । समितिमा दर्ता भएका सदस्य/ निर्माणकर्मी/ ठेकेदारहरुको साईटमा काम गर्ने ज्यामी, मिस्त्री वा ठेकेदार घाईते भएको खण्डमा, अवस्था अनुसार रु. ५००० देखि रु. १००,००० सम्म उपचार खर्च र निधन भएमा रु ३००,००० क्षतिपूर्ति उपलब्ध गराउने गरेको छ । अहिलेसम्म काम गर्ने क्रममा २ जनाको मृत्यु र ३ जना घाईते भएका छन् । उनीहरुलाई नियम अनुसार खर्च दिइएको पासवान बताउनुहुन्छ । उपचार खर्च कोषमा समितिका सदस्यहरुको सदस्यता नवीकरणबाट पनि रकमहरु जम्मा हुने गर्दछ । घर बनाउनु अघि घरधनी र ठेकेदार बीच सम्झौता हुँदा घरधनीले रु. ५००० र ठेकेदारले रु. ३००० समितिमा बुझाउँछन् र समितिले निर्माणकर्मी घाईते वा मृत्यु हुँदा उपलब्ध गराउने खर्च सोही रकमबाट तिर्छ । यो नियमका कारण पनि ज्यामी र

मिस्त्रीहरु यो समितिका ठेकेदारहरुसँग काम गर्न रुचाउँछन् । साथै, ठेकेदारले पनि दुर्घट्ना होला कि भनेर जोखिमहरुलाई ध्यानमा राखेर काम लगाउने गर्दछन् । यी सबै नियमहरुले बाँधेकोले गर्दा प्रक्रियागत हिसाबले काम गर्न सबैलाई प्रेरणा मिलेको पासवान बताउनुहुन्छ ।

घरधनीले नक्सा भन्दा फरक बनाउन लगाएमा समितिले घरधनीलाई दण्डजरिवाना लगाउने र ठेकेदारले नक्सा अनुसार बनाउन नमाने ठेकेदारलाई दण्डजरिवानाको नियम छ । त्यसको अनुगमन गर्न निर्माणकर्मी, नगरपालिकाको प्राविधिक र कन्सल्ट्यान्टहरुको एउटा अनुगमन टोली छ । यसले अनुगमनमा भेटिएका गल्तीहरु सुधार्ने, सम्झाउने काम गर्छ । निर्माणकर्मीहरुले कतै गलत काम भइरहेको पाएमा नगरपालिकालाई खबर गर्ने गरेको छ । साथै, समितिको कुनै ठेकेदार सदस्यले गलत गरेको थाहा पाएमा नियमअनुसार कारवाही पनि गरेको छ । समितिले भवन संहिता बारे महत्पूर्ण कुराहरु सरल भाषामा लेखेर क्यालेन्डर, पोष्टर र डायरीहरु बनाएर सबै सदस्यलाई वितरण गर्ने गरेको छ ।

> "भवन संहिता अनुसार घर बनाउनुपर्छ भन्ने कुरामा हामी लागि परेका छौं । भरतपुर महानगरपालिकाले पनि अहिले निर्माण कर्मीहरुसँग हातेमालो गरेको छ । हामीलाई भवन संहिताको महत्वपूर्ण अंश मानेर जिम्मेवार बनाएकोमा खुसी छौं"
>
> - मदन पाश्वान, भरतपुर

"अहिले भरतपुरमा निर्माणकर्मीहरुको ४ वटा संगठनहरु भइसकेका छन् । भरतपुर उप-महानगरपालिकामा काम गर्ने डकर्मी/ठेकेदारहरु कुनै न कुनै संगठनमा आवद्ध छन् । सबै संगठनहरु उत्तिकै सक्रियताका साथ सुरक्षित निर्माणमा अघि बढीरहेका छन् । महानगरपालिकाको साथ र सहयोगले निकट भविष्यमा यहाँ बन्ने प्रत्येक घरहरु भूकम्प प्रतिरोधी हुनेछन् भन्नेमा हामी विश्वस्त छौं । हामी हाम्रो भरतपुरलाई भूकम्पको हिसाबले सुरक्षित शहरको रुपमा हेर्न चाहन्छौ ।"

# भवन संहिताको पालनामा परिपक्व हुँदै गैंडाकोट



लक्ष्मी प्रसाद सोती
ईन्जिनियर, गैंडाकोट नगरपालिका

**मेरो नाम लक्ष्मी प्रसाद सोती हो । म पेशाले सिभिल ईन्जिनियर हुँ र नवलपरासीको गैंडाकोट नगरपालिकाको भवन संहिता कार्यान्वयनको सम्पर्क ब्यक्तिको रुपमा काम गर्छु । यो कार्यक्रमको एक अंग भएर काम गरेपछि मेरो पेशागत जीवनमा सकारात्मक परिवर्तन आएको महशुस गरेको छु ।**

मैले ईन्जिनियरिङ्ग पेशा थालेको १२ वर्ष भयो । गैंडाकोट गा.वि.स. हुँदादेखि म यहाँ भवन, नक्शापास र भवन संहिता कार्यान्वयनको काममा कार्यरत छु । एनसेट र गैंडाकोट नगरपालिका बीच भवन संहिता कार्यान्वयनको लागि सहकार्य शुरु भएपछि म निरन्तर एनसेटको सम्पर्कमा रहेर काम गर्न थालें । यस अघिसम्म आफूलाई आफ्नो जिम्मेवारी र भवनको बारेमा निकै जानकार छु जस्तो लाग्थ्यो ।

मैले एनसेटबाट भवन संहितासँग सम्बन्धी धेरै तालिमहरु लिएँ । अहिले म डकर्मी, घरधनी र समुदायका मानिसहरुलाई तालिम दिने र सचेतनाका कार्यक्रमहरु आफैं सञ्चालन गर्न सक्षम भएको छु । यस बाहेक वरपरका गा.वि.स. र नगरपालिकाहरुले पनि मलाई ईन्जिनियर र डकर्मी तालिमको लागि प्रशिक्षकको रुपमा बोलाउँछन् । विगत केही बर्षमा म आफूमा आएको परिवर्तन देखेर निकै खुसी छु, जुन एनसेटको साथ र सहयोग बिना सम्भव थिएन ।

BCIPN कार्यक्रमले भूकम्पीय पूर्वतयारी र भवन संहिता कार्यान्वयनमा कामगर्न नगरपालिकालाई र मलाई निरन्तर साथ दियो । हामीले गैंडाकोटका डकर्मीहरुलाई तालिम दियौं । समुदायका मानिसहरु (सामाजिक परिचालक, स्वास्थ्य स्वयंसेविका, विद्यार्थी, महिला समूह, राजनीतिक दलका सदस्य, वडा सचिव, घरधनी) लगायत ईन्जिनियर, सब ईन्जिनियरहरुका लागि तालिम र अभिमुखीकरण कार्यक्रमहरु गर्‍यौं । पहिले यस्ता कार्यक्रमहरुका लागि सहभागी जम्मा गर्न समेत गाह्रो हुन्थ्यो । उनीहरुलाई जस्तै "के साच्चै भूकम्प जान्छ त?" भन्ने बिचार मलाई पनि नआएको होइन । तर, भूकम्प साँच्चै आउँछ र पहिलेदेखि नै गरेका कार्यक्रमहरु सही थिए भन्ने कुरा २०७२ वैशाखको भूकम्पले प्रमाणित गरेर देखायो ।

> **काम गर्दै र विभिन्न तालिमहरु लिदैं गएपछि मलाई भवन संहिताबारे पर्याप्त ज्ञान हाँसिल गर्न बाँकी नै रहेछ भन्ने महशुस भयो । मैले खासमा सिक्नुपर्ने कुराहरु त सिकेकै रहेनछु । म भवन संहिताको मामिलामा "क" को स्तरमा थिएँ । तर, पछिल्लो तिन/चार बर्षमा "ज्ञ" को स्तर तिर लम्किरहेको छु जस्तो लाग्छ ।**

गोरखा भूकम्पपछि मानिसहरुमा भूकम्प प्रतिको सजगता ह्वात्तै बढेको छ । अहिले उनीहरु आफैं सचेतनाका कार्यक्रमको माग गर्न थालेका छन् । गैंडाकोटमा भवन संहिता प्रभावकारी ढंगले कार्यान्वयन हुँदै गईरहेको छ ।

पहिले मलाई जानेकै बिषयमा पनि बोल्ने अनुभव थिएन । एनसेटको प्रशिक्षक प्रशिक्षण तालिम लिएपछि बोल्ने मात्र होइन सम्पूर्ण तालिम र कार्यक्रमको आयोजना समेत आफैले गर्नसक्ने भएको छु । समुदायका मानिसहरु मलाई कतै भेट्दा पनि भूकम्पको बारेमा नै सोध्छन् ।

यो सबै सकारात्मक परिवर्तन देख्दा आफूले गरेको मेहनत प्रति सन्तुष्टि लागेको छ । मेहनतको फल मीठो हुँदो रहेछ । तर, हाम्रो जिम्मेवारी यत्तिमै सकिएको छैन । गैंडाकोटको समुदायलाई भूकम्पीय जोखिमबाट सुरक्षित बनाउन अझै धेरै काम गर्न बाँकी छ । हामी चाहान्छौं हामीले काम गर्दै जाँदा हामीलाई एनसेटले निगरानी गरिदियोस् ।



# घरधनीका कुराः सचेत रहौं, बलियो घर बनाऔं

हुनतः उहाँले भूकम्प सम्बन्धी तालिम वा सचेतनाको कुनै कार्यक्रममा भाग लिनुभएको छैन, तर पनि बुटाबारी–५ बिर्तामोडका गोपीकृष्ण प्रसाईं एक सचेत घरधनी हुनुहुन्छ । उहाँसँग नगरपालिकाले दिएको भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी पुस्तिकाहरु छन् । उहाँले ती किताबहरु पढेर नै भूकम्प प्रतिरोधी भवन निर्माण गर्दा एक घरधनीले बिचार पुर्याउनुपर्ने कुराहरुका बारेमा थाहा पाउनुभएको हो । हाल एनसेटले बिर्तामोड नगरपालिकासँग मिलेर भवन निर्माण संहिता कार्यान्वयन कार्यक्रम सञ्चालन गरिरहेको छ ।

भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी पुस्तिकाहरुबाट प्राप्त ज्ञान उहाँले आफूमा मात्र सिमित नराखी धेरै छिमेकीहरुलाई पनि बाँड्नु भएको छ । उहाँले भवन संहिता अनुसार घर बनाउँदा केही थोरै बढी खर्च लाग्ने हो, त्यसैले नहिच्किचाउनुस् भनी सल्लाह दिनुहुन्छ । भवन संहिता अनुसार घर बनाएमा भूकम्प आउँदा आफ्नै घरले किचेर मार्छ कि भन्ने डर पनि भएन र जीवनभर कमाएको सम्पत्ति भताभुङ्ग हुने डर पनि रहेन ।

> "नेपाल सरकारले बनाएको भवन संहिता पनि जनताकै हितमा रहेकोले बलियो र ज्यान नजाने किसिमको घर बनाउनु छ भने भवन संहिता पालना गरेर मात्रै घर बनाउन र ढुक्क साथ बस्न उहाँ सबैलाई आग्रह गर्दछु"
>
> - गोपीकृष्ण प्रसाईं, बिर्तामोड

प्रसाईंसंग आफ्नो घर बनाउँदै गर्दा छिमेकीसंगको एउटा घट्नाको तितो अनुभव पनि छ । घर बनाउने क्रममा उहाँका एक छिमेकीको पनि घर बन्दै थियो । उहाँले ८ वटा डण्डी राखेर पिलर बनाउँदै गर्दा छिमेकीले भने ४ वटा डण्डी राखेर ४ तलाको घर बनाउँदै थिए । ती छिमेकीले उहाँलाई 'पिलरमा ८ वटा डण्डी राखेर घर बनाउने मुर्ख मान्छे को संज्ञा दिए । साथै, सो पैसाले २ वटा घर बन्ने भन्दै बेकारमा पैसा नास गरेको समेत बताए । तर, भूकम्प प्रतिरोधी निर्माणको ज्ञान भएका प्रसाईंले 'घर भनेको सधैंसधैं बनाउन सकिन्न, घरले आफूलाई मात्रै नभई छोरा नातीको पालासम्मलाई साथ दिनुपर्छ । त्यसैले बलियो नै बनाउनुपर्छ' भनेर ती छिमेकीलाई सम्झाउनु भयो ।

२०७२ को भूकम्पले उहाँको घरलाई केही गरेन । साथै ती छिमेकीको घर पनि केही भएन । नभत्किएकाले सुरुमा ती छिमेकीले भने जस्तो आफू मुर्खै पो भइयो कि भन्ने पनि लाग्यो । पछि, गोरखा केन्द्रबिन्दु भएको भूकम्पको धक्का पूर्वमा त्यतिधेरै नपरेकाले घर नभत्किएको भन्ने थाहा भयो । तर, पूर्वमा पनि त्यस्तो भूकम्प आएको भए कमजोर घरहरु कुनैपनि बाँकी रहने थिएनन् भन्ने थाहा पाएपछि उहाँलाई आफ्नो काम माथि सन्तोष लाग्यो ।

प्रसाईंका अनुसार २०७२ सालको भूकम्पको पाठ र नगरपालिकाको निरन्तर प्रयासले मानिसहरुमा चेतना आएको छ ।

प्रसाईं भन्नुहुन्छ, "म खासै पढेलेखेको मान्छे त हैन तर कसरी बलियो घर बन्छ भन्ने बारेमा थाहा पाउन लेखपढ गर्नैपर्छ भन्ने रहेनछ । मलाई अहिले धेरै कुरा थाहा छ साथै अरुलाई पनि बुझाउन सक्ने भएको छु । यो बारेमा पढेका तालिम लिएका र यही क्षेत्रमा बर्षौदेखि कामको अनुभव बटुलेका प्राविधिक र निर्माणकर्मीहरुसँग पनि सोध्ने र बुझ्ने गर्दछु ।"

उहाँका अनुसार 'जहाँ इच्छा त्यहाँ उपाय' भने झैं मनमा ईच्छा भए नगरपालिकाबाटै सबै प्रश्नको हल भेटिन्छ । बलियो घर बनाएर आफूलाई फाइदा हुने हो, ईन्जिनियर वा ठेकेदारलाई होइन । त्यसैले उनीहरु भन्दा हामी घरधनी बढी चनाखो हुनु पहिलो आवश्यकता हो ।



एनसेटको प्राविधिक टोलीसँग छलफल गर्दै गोपीकृष्ण प्रसाईं

# भवन संहिताको प्रवर्द्धनमा भूकम्पवाली मिस

**मेरो नाम शान्ता राई हो । म बिर्तामोड नगरपालिकाको सामाजिक परिचालक हुँ । यहाँको समुदाय भूकम्पीय पुर्वतयारी र भवन संहिताको बारेमा कतिको जानकार छन् भन्ने बारेमा शुरुमा एनसेटसँग मिलेर एउटा सर्वेक्षण गरिएको थियो । उक्त सर्वेक्षणमा म सर्वेक्षकको रुपमा जनताको घरदैलामो पुगेकी थिएँ ।**



शान्ता राइ
सामाजिक परिचालक, बिर्तामोड

सर्वेक्षणको क्रममा नगरवासीहरुलाई 'भूकम्प आउँदा के गर्नुहुन्छ?' भनेर सोध्दा, 'थाहा छैन' भन्ने खालको उत्तर आउँथ्यो । तर त्यही प्रश्न लिएर ३ बर्षपछि पुन: जनताको घर दैलोमा पुग्दा पहिलेको भन्दा निकै सकरात्मक जवाफहरु आएका छन् । यसले समुदायमा सचेतनाको स्तर बढेको छ भन्ने संकेत गर्छ । समुदायमा यो परिवर्तन ३ बर्षको अवधीमा नगरपालिका र एनसेटबाट सञ्चालित धेरै तालिम तथा जनचेतनाका कार्यक्रमहरुका कारण देखिएको हो । साथै २०७२ को भूकम्पीय अनुभवको पनि यसमा केही योगदान छ ।

मेरो मुख्य जिम्मेवारी नगरपालिका क्षेत्रका दुर्गम र पिछडिएका समुदायमा गएर शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता बिषयमा छलफल सञ्चालन गर्ने हो । भवन संहिता कार्यान्वनय कार्यक्रम लागू गरेपछि भने मैले समुदायमा भूकम्पीय पुर्वतयारी र भवन संहिताको बारेमा निकै छलफलहरु चलाएँ । 'बनेका घर त बनिहाले तर अब नयाँ बन्ने घरहरु भूकम्प प्रतिरोधी नै बन्नुपर्छ' भन्ने कुराहरु सम्झाउँथे । त्यसैगरी, मानिसहरुलाई भूकम्प सम्बन्धी पुस्तिकाहरु पनि वितरण गरें ।

मेरो संलग्नतामा सञ्चालित अभिमुखीकरण कार्यक्रमहरुबाट लगभग ६०० मानिसहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । त्यस्तै सर्वेक्षणका क्रममा उनीहरुलाई बुझाउने र पुस्तिकाहरु दिने गरेका थियौं । यसबाट पनि धेरै मानिसहरु सचेत भएका छन् । शुरुमा भूकम्प सम्बन्धी जानकारी लिएर समुदायमा जानेबेला मेरो नाम धेरैलाई थाहा थिएन । नाम थाहा नहुनेहरुले मलाई 'भूकम्पवाली मिस' भनेर सम्बोधन गर्दथे । मानिसको ज्यान बचाउने बिषय भएकोले भूकम्पको बारेमा काम, कुरा गर्न म पनि निकै उत्साहित हुन्थे ।

नगरपालिकामा हामी २ जना मात्र सामाजिक परिचालक हुँदा पनि हामिले धेरै काम गर्न सक्यौं । हरेक वडामा सामाजिक परिचालक हुने हो भने भूकम्प लगायत जुनसुकै बिषयमा पनि सचेतना फैलाउन छिटो र सजिलो हुन्छ जस्तो लाग्छ ।

**केही समय अधिसम्म यहाँका मानिसहरुमा भूकम्प प्रतिरोधी घर बनाउनुपर्छ भन्ने कुनै ज्ञान थिएन । नगरपालिकाको आँखा छलेर सामान्य घर बनाईहाल्ने प्रवृति थियो । तर, अहिले धेरै राम्रा परिवर्तनहरु देख्न सकिन्छ । घरहरु भूकम्प प्रतिरोधात्मक प्रविधि अपनाएर बन्न थालेका छन् । साथै, घर बनाउँदा ईन्जिनियर राख्ने, तालिमप्राप्त डकर्मी लगाएर घर बनाउने गरेका छन् ।**

भनिन्छ, समाज परिवर्तनको लागि सामाजिक परिचालकको ठूलो भूमिका हुन्छ । गाँउघरका मानिसहरु ईन्जिनियरको नजिक आउन, कुरा गर्न र प्रश्न सोध्न संकोच मान्छन् । तर, हामी सामाजिक परिचालकहरुलाई कतै देख्दा पनि आफै बोलाउँछन्, सोध्छन् र खुलेर कुरा गर्छन् । त्यसैले पनि आफू यस पेशामा लागेकोमा खुसी लागेको छ ।

मैले विर्तामोडका समुदायहरुको जीवन र सोचलाई केही बर्षदेखि नजिकबाट नियालीरहेकी छु । उनीहरुको सोच समयसँगै बदलिएको छ । खासगरी २०७२ सालको भूकम्पपछि यहाँका मानिसहरु भूकम्प बारेमा ज्ञान लिन समय निकाल्ने गरेका छन् । समाज र मानिसको सोच परिवर्तन हुन केही समय लाग्छ भन्ने सुनेको थिएँ । तर, विर्तामोडमा परिवर्तन देखिन धेरै समय लागेन । यसमा नरपालिका, एनसेट, यहाँका स्थानीय ईन्जिनयिरहरु, सामाजिक अगुवाहरु र हामी समाजिक परिचालकहरुको पनि उत्तिकै भूमिका छ ।

# तालिमले माझिए सन्त बहादुर कुमाल



सन्त बहादुर कुमाल
डकर्मी, गैंडाकोट

मेरो नाम सन्त बहादुर कुमाल हो । म नवलपरासी गैंडाकोटमा बस्छु । मैले निर्माण पेशा अंगालेको १३ वर्ष भयो । शुरुवातका दिनहरुमा मेरो काम डण्डी बाँध्ने थियो भने अहिले म निर्माण र ठेक्का दुवै काम गर्छु । दिनरात काम गर्दा मैले एक महिनामा २० हजार जति कमाउँथे । तर अहिले मेरो आम्दानी दोब्बर भएको छ । वर्षमा ७/८ वटा घर बनाईरहेको छु भने महिनामा ५० हजार भन्दा धेरै कमाउँछु । जहान-परिवार सजिलोसँग पालेको छु र भविष्यको लागि बचत पनि गरिरहेको छु ।

तर, मेरो जीवनमा यो परिवर्तन त्यत्तिकै आएको होईन । यसको कारक एनसेटको भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम हो । म त्यतीवेला मिस्त्रीको काम गर्थे । ठेकदार दाइले तालिम लिईसक्नुभएको रहेछ । उहाँले नै मलाई पनि 'डकर्मी तालिम हुँदैछ, तिम्रो नाम टिपाईदिएको छु' भन्नुभयो । म तालिममा पुग्दा तालिम शुरु भएको १ घण्टा वितिसकेको रहेछ । मलाई त्यसदिन तालिममा राखिएन । तर, भोलिपल्टदेखि भने बाँकी सबै दिनको तालिममा सहभागी भएँ ।

> "डकर्मी तालिम बारे आधा घण्टा मात्रै पनि कुनै कक्षा छुटेमा प्रमाण-पत्र नदिने, तालिममा कम्तिमा २४ जना सहभागी हुनै पर्ने र ३२ जना भन्दा बढिलाई सहभागी नगराउने एनसेटको नियम एकदमै मन पर्यो । यो तालिम लिईसकेपछि समुदायमा मेरो ईज्जत बढ्यो ।"
>
> - सन्त बहादुर कुमाल, गैंडाकोट

अन्तिम दिनमा सबैलाई प्रमाण-पत्र दिईयो, तर मलाई दिईएन । अर्को तालिममा आएर पहिलो दिनको तालिम लिएपछि मात्र प्रमाणपत्र पाउछौ भन्नुभयो । सुरुमा त न तालिम पूरा भयो, न प्रमाणपत्र पाईयो भनेर खिन्न भएँ । तर एकदिन एनसेटको समिर सिंह सरले सिद्धार्थनगरमा तालिम हुँदैछ, तपाईं छुटेको दिनको तालिम पूरा गर्न आउनुहोस् भनेर फोन गर्नुभयो । त्यसएपछि म खुसी भएँ । सिद्धार्थनगर पुगेर छुटेको दिनको तालिम लिएँ र प्रमाणपत्र पाएँ । त्यसपछि मेरो पेशागत जीवनले नयाँ मोड लियो ।

'यसले बलियो घर बनाउने तालिम लिएको छ, योसँग प्रमाणपत्र पनि छ' भनेर घर बनाउने काममा मेरो माग हुन थाल्यो । तालिम पश्चात केही भूकम्प प्रतिरोधी घरहरु बनाएपछि मान्छेहरुले घर बनाउन मलाई नै बोलाउन थाले ।

सबैले मलाई भूकम्प थेग्ने घरबारे सोध्न थाले । एकाएक म माथि घरधनीहरुको विश्वास बढ्न थाल्यो । विस्तारै मेरो साईटहरु बढ्दै गयो र बर्षमा १/२ वटा घरहरु बनाउने ठाउँमा ७/८ वटा सम्म हुन थाल्यो । मैले धेरै काम पाउन थालेँ र आम्दानी पनि राम्रो हुन थाल्यो ।

म प्राय: सबैसँग मिलेर काम गर्न खोज्छु । मिस्त्री, घरधनी, ईन्जिनियरहरुसँग नम्र र आदरभावका साथ बोल्ने भएर पनि होला सबैले मलाई माया गर्नुहुन्छ । म घरधनीहरुलाई भूकम्प प्रतिरोधी घर बनाउन सम्झाउँछु र के–कसरी कम खर्चमा बनाउन सकिन्छ भन्ने बारे पनि बताउँछु । अहिले म जे छु त्यो सबै तालिमले दिएको सीपको प्रतिफल हो ।

हामी डकर्मीहरुको लागि पनि तालिम हुन्छ र प्रमाण-पत्र पाउँछौ साथै डकर्मीहरुको पनि संगठन हुन्छ भन्ने कुरा थाह थिएन । हामीलाई नगरपालिकाले परिचयपत्र दिन्छ र सुचिकृत गर्छ भन्नेबारे झन् केही ज्ञान थिएन । यो कुरा मैले तालिमबाट थाहा पाएको हुँ । तालिम लिनु अघि यो डकर्मीको पेशा सबैले हेप्ने पेशा हो भन्ने म सोच्थें । तर, तालिम लिएपछि थाहा भयो हामी त मान्छेलाई मार्ने कि बचाउने भन्ने महत्वपूर्ण जिम्मेवारीको काम पो गरिरहेका रहेछौं ।

जे होस् तालिमपछि बलियो घर निर्माण र त्यस्तो घर भत्केर मानिसको ज्यान जाँदैन भन्ने थाहा भयो । त्यसैले तालिम लिन पाएकोमा आनन्द लागेको छ । म शरीरले साथ दिएसम्म यो पेशा गर्छु । हाम्रो देश भूकम्पीय जोखिममा छ । तालिम लिन नपाएका र तालिम लिनुपर्छ भन्ने जानकारी नभएका धेरै डकर्मीहरु छन् । ति सबैले तालिम लिन पाउनुपर्छ । जबसम्म सबैले तालिम लिन पाउँदैनन्, तबसम्म असुरक्षित घरहरु निरन्तर बनिरहनेछन् ।

# सुरक्षित निर्माण अभ्यासमा दृढ व्यास

ईञ्जिनियर रविन्द्रलाल मुल विगत २० वर्षदेखि व्यास नगरपालिकामा नक्शापास र भवन संहिता कार्यान्वयनको सहजकर्ता हुनु हुन्छ । वि.स. २०६८ सालदेखि व्यास नगरपालिकाले भवन संहिता कार्यान्वयन गर्दै आएको छ । अहिलेको व्यास नगरपालिकाको अवस्था हेर्दा रविन्द्रलाललाई सुखद अनुभूती हुन्छ । तर, भवन निर्माणसंहिता कार्यन्वयनको घोषणा गर्न जति सजिलो थियो, कार्यान्वयन गर्न त्यती सहज थिएन । यसमा धेरै आरोह अवरोहहरु आए । तैपनि उहाँहरुले हिम्मत हार्नुभएन ।

तत्कालिन् कार्यकारी अधिकृत रामचन्द्र तिवारीको सहमतिमा एनसेटसँग हातेमालो गरेर यो भवन संहिता कार्यान्वयन शुरु भएको थियो । तर, सबैलाई मनाएर अगाडि बढ्न त्यती सजिलो थिएन । 'रविन्द्रले जनताको बढी पैसा खर्च गराएर दुःख दियो, यस्तो हुन दिन हुदैन' भनेर मानिसहरुले टिप्पणी गरेको अझै उहाँलाई सम्झना छ । तर, यसबाट उहाँ निरास हुनुभएन ।



रविन्द्रलाल मुल, वडास्तरिया अभिमुखीकरणमा

२०६० सालमा एनसेटसँगको सहकार्यमा रेडियस टुल प्रयोग गरेर भएको सर्वेक्षणले व्यासमा बनेका घरहरु सुरक्षित छैनन् भन्ने देखाईसकेको थियो । त्यही सर्वेक्षणको आधारमा उहाँहरुले 'अब ठूलो भुईंचालो गयो भने ठूलो जनधनको क्षति हुन्छ र त्यसैले नगरक्षेत्र भित्र बन्ने घरहरु बलियो बन्नैपर्छ' भन्ने हेतुले राजनीतिक दल लगायत विभिन्न पक्षहरुसँग छलफल गर्नुभयो । उहाँहरु भवन संहिता कार्यान्वयन भैसकेका नगरपालिकाहरु धरान र ललितपुर साथै एनसेट कार्यालयको भ्रमणमा पनि जानुभयो । भवन संहिता कार्यान्वयनबारे अनुभवहरु सुन्नुभयो । भ्रमणमा जानुभएका प्रतिनिधिहरु यसबाट अत्यन्तै प्रभावित भई व्यासलाई साथ दिने वचन दिएपछि भवन संहिता कार्यान्वयनको यात्रा शुरु भयो ।

आजसम्म व्यासमा ५० प्राविधिकहरु, १५० भन्दा बढी डकर्मीहरु, ६० ठेकेदारहरु भूकम्प प्रतिरोधी भवन निर्माणको लागि दक्ष भईसकेका छन् । यहाँ बर्षमा ४००/५०० भवनहरु निर्माण हुन्छन् । जसमध्ये ८०% भवनहरु संहिता अनुरुपका छन् । यसलाई १००% पुर्याउन नसके पनि थप सुधार गर्दै लैजाने उहाँहरुको प्रतिवद्धता छ ।

भवन संहिता कार्यान्वयनको दौरानमा रविन्द्रलालले विपद जोखिम न्यूनीकरण, NBC, Engineers Training, ToT, TFI, Amateur Ham Radio, CSSR, MFR जस्ता धेरै तालिमहरु लिनुभयो । यसले उहाँलाई अझ दक्ष र जिम्मेवार बनाएको छ । उहाँका अनुसार अहिले व्यास नगरपालिकामा भवन संहिता कार्यान्वयनको अवस्था सन्तोषजनक छ । "एनसेटको भवन संहिता कार्यान्वयन कार्यक्रम व्यासमा आएपछि हामी सचेतनाका कार्यक्रमहरु लिएर वडा–वडामा पुग्न सक्यौं" उहाँ बताउनुहुन्छ ।

"सबै कुरा एकैचोटी परिवर्तन गर्न खोज्दा गाह्रो हुन्छ । त्यसैले हामीले बिस्तारै परिवर्तन गर्दै जाने रणनीति बनाएर काम गर्यौं । भवन संहितालाई सजिलो र सानो पाईलाबाट शुरु गरेका कारण अहिले सुरक्षित व्यासको परिकल्पना गर्नसक्ने अवस्थामा पुगेका छौं," रविन्द्रलाल सम्झनुहुन्छ ।

> हिजोको शंकाले भरिएको अस्पष्ट व्यासको चित्र विस्तारै भूकम्पीय सुरक्षित समुदायको रुपमा परिवर्तन भईरहेको छ । "हिजो न्यून गुणस्तरको घरहरु बन्ने ठाँउमा आज भवन संहिता पालना गरेर नयाँ घरहरु बन्ने गरेका छन् ।"
>
> - रविन्द्रलाल मुल, व्यास

# आत्मविश्वासी सुनिता थारु

कन्चनपुरको भीमदत्त नगरपालिकाकि सुनिता थारु पेशाले डकर्मी हुनुहुन्छ । एक निर्माणकर्मीसँग करिब १० बर्ष अगाडि उहाँको बिबाह भएको थियो । उहाँको सासु पनि ज्यामीको काम गर्नुहुन्थ्यो । यो पेशामा उहाँको प्रवेश बिबाहपछि मात्रै भएको हो । बिहेपछि शुरुमा त सुनिता घरमै बसेर भात भान्छाको काम गर्नुहुन्थ्यो । तर, केही समयपछि जब उहाँहरु बजार क्षेत्रमा आएर बस्न थाल्नुभयो, त्यसपछि सुनिताले पनि घर बनाउने साइटमा  ज्यामीको काम गर्न थाल्नुभयो । श्रीमान मिस्त्री भएकोले उहाँलाई काम पाउन र काम गर्न खासै गाह्रो भएन  ।

सुरुमा ४ बर्ष जति सुनिताले ज्यामीको काम गर्नुभयो । त्यसपछि मिस्त्रीको काम गर्न थाल्नुभएको हो । मिस्त्रीको काम गर्न थालेको पनि ४ बर्ष भैसक्यो । उहाँलाई महिला भएकै कारण मिस्त्री काम गर्न चाहिं पटक्कै गाह्रो भएको छैन । बालबच्चा नभएकोले पनि ढुक्कले काम गर्न सकेको उहाँको अनुभव छ ।

उहाँले अहिले एनसेट र भीमदत्त नगरपालिकाबाट सञ्चालित भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी डकर्मी तालिम पनि लिइसक्नु भएको छ ।

यो तालिमपछि आफ्नो सीप र ज्ञानका साथै रोजगारी तथा ज्यालामा समेत बृद्धि भएको सुनिताको अनुभव छ । “पहिले अरुले गरेको देखेर त्यसै अनुरुप काम गरिन्थ्यो । त्यतीवेला



निर्माणथलोमा काम गर्दै डकर्मी सुनिता थारु

मलाई खासै केही थाहा नै रहेनछ भन्ने अहिले लागेको छ । आफु एक दक्ष महिला मिस्त्री हुँ भन्ने कुराले खुसी तुल्याउँछ । पहिले कुना बन्धन बाँध्ने चलन थिएन, डण्डीमा ल्यापहरु कति–कति गर्ने भन्ने केही हिसाब हुन्थेन । आजकल तालिममा सिके अनुसार काम गरिन्छ । हामी भन्दा पहिले तालिम लिनेहरुले पनि काम त सिके अनुसार नै गरिरहनुभएको थियो । तर अहिले हामी पनि थपिएका छौं,” उहाँ भन्नुहुन्छ । हाल उहाँको श्रीमान कामको सिलसिलामा विदेशमा हुनुहुन्छ । यो पेशाका कारण उहाँलाई घर व्यवहार सम्हाल्न कुनै कठिनाइ छैन, झन् सजिलो भएको छ ।

महिलाहरुले घरभित्र मात्रै काम गर्नुपर्छ भन्ने परम्परागत मान्यता भएपनि घर बनाउने साईटमा आजभोलि पुरुषभन्दा महिला धेरै हुने उहाँको  अनुभव छ । तर, फरक यति मात्रै हो कि महिलालाई धेरैजसो ज्यामी काममा मात्र लगाईन्छ । तैपनि, उहाँसँग काम गर्ने चार–पाँच जना ज्यामी महिलाहरु अहिले मिस्त्री भैसकेका छन् । यो देखेर उहाँलाई खुसी लागेको छ । महिला र पुरुषहरु एउटै थलोमा कामगर्दा समाजले कुरा काट्ने गरे पनि सुनिता भने त्यस्ता कुरालाई खासै वास्ता नगर्ने बताउनुहुन्छ  ।

**“तालिमबाट मेरो मिस्त्रीको काममा थप सीप र निखरता बढेको छ भने, मनमा आत्मविश्वास थपिएको छ । यसबाट निर्माण सम्बन्धी काम पाउन र घरधनीको विश्वास जित्न सजिलो भएको छ । तालिममा धेरै राम्रा कुराहरु सिक्न पाएँ”**

**- सुनिता थारु, भीमदत्त**

# सबैको सहकार्यमा मात्र बन्छ भूकम्पीय सुरक्षित घर

गोपाल प्रसाद खतिवडा पेशाले एक कन्सल्ट्यान्ट सब–ईन्जिनियर हुनुहुन्छ । १० बर्षदेखि उहाँ यो पेशामा आवद्ध हुनुहुन्छ । घर बनाउने सन्दर्भमा त्यहाँका घरधनीहरुको सोचाईमा धेरै परिवर्तन आएको उहाँले पाउनुभएको छ । खतिवडाका अनुसार पहिले ३–४ एमएमको ३–४ वटा डण्डीको भरमा घर बनाउने चलन थियो । तर, अहिले आएर नियम र मापदण्ड अनुरुप नै घरहरु बन्न थालेका छन् । बिर्तामोडको सहरी क्षेत्रका लगभग सबैलाई घर बनाउँदा ईन्जिनियर, तालिम प्राप्त डकर्मी राख्नुपर्छ र भूकम्प प्रतिरोधात्मक घर बनाउनुपर्छ भन्ने बारेमा थाहा छ । ग्रामिण भेगातिर भने अझै पनि धेरैलाई यसबारे थाहा नभएको उहाँको अनुभव छ ।

एउटा भूकम्प प्रतिरोधी भवन निर्माणका लागि घरधनी, ठेकदार र नगरपालिकासँग समन्वय गरेर नक्शा बनाउने बाहेक अनुगमनमा जाने कन्सल्ट्यान्ट ईन्जिनियरहरुले पनि आफ्नो सिकाई र सोचाइमा परिवर्तन ल्याउन आवश्यक रहेको उहाँको बुझाई छ । पुराना ईन्जिनियरहरुलाई नयाँ प्रविधि सिक्न केही गाह्रो भए पनि समयअनुसार सिक्दै सिकाउँदै जानुपर्ने उहाँको बिचार छ ।

अहिले बिर्तामोड नगर क्षेत्रमा बन्ने घरहरुको अनुगमन रिपोर्ट कन्सल्ट्यान्टहरुले नगरपालिकालाई बुझाउनुपर्छ । नक्शा बुझाउँदा प्रथम चरणको रिपोर्ट, प्लिन्थ लेभलसम्मको निर्माणपछि दोश्रो चरणको रिपोर्ट र निर्माण सम्पन्नपछि अन्तिम चरणको रिपोर्ट बुझाईन्छ। कन्सल्ट्यान्टले अनुगमन गर्ने र रिपोर्ट नगरपालिकालाई बुझाउने जिम्मेवारी लिएपछि नगरपालिकालाई सहयोग पुगेको छ । नगरपालिकामा प्राविधिकहरुको संख्या थोरै

तर गर्नुपर्ने काम धेरै भएकोले अनुगमन गर्न नभ्याउने कारणले नक्शा बमोजिम निर्माण भएको छ वा छैन भन्ने कुराको अनुगमन कन्सल्ट्यान्टले गर्छन् । त्यसैले यहाँको



नगरपालिकाका ईन्जिनियरसँग छलफल गर्दै
गोपाल प्रसाद खतिवडा

सुरक्षित निर्माण अभियानमा कन्सल्ट्यान्टहरुको महत्वपुर्ण योगदान छ । कन्सल्ट्यान्टहरुलाई जिम्मेवार बनाएकोमा उहाँहरु खुसी हुनुहुन्छ र यसले नगरपालिका र कन्सल्ट्यान्टहरुलाई नजिक बनाएको छ।

राम्रो नक्शा नै बलियो घरको आधारभूत कुरा हो जुन कन्सल्ट्यान्टहरुले बनाउँछन् । त्यसैले डिजाईनको अवस्था देखि नै हरेक कुरामा कन्सल्ट्यान्टहरुले भूकम्पीय जोखिमलाई ध्यानमा राखेर नक्शा बनाउनुपर्छ । निर्माणथलोमा ठेकेदार, मिस्त्री र घरधनीहरुलाई पनि नक्शामा भएका कुराहरु कन्सल्ट्यान्टले बुझाउनु पर्छ । "एउटा घर बनाउन सम्पुर्ण सरोकारवालाहरु जस्तैः घरधनी, नगरपालिका, कन्सल्ट्यान्ट, ठेकेदार र मिस्त्री उत्तिकै जिम्मेवार हुन्छन् । सबै कुरा हुँदाहुँदै पनि कुनै एक पक्षले गल्ति गर्यो भने त्यो घर कमजोर बन्नपुग्छ । त्यसैले सबैले चनाखो भई, जिम्मेवारी महशुस गरी सिकाई अनुसार काम गर्न सक्नुपर्छ," खतिवडा बताउनुहुन्छ।

> "ईन्जिनियर भनेका निर्माण क्षेत्रका अगुवा हुन्, उनीहरुले काम बिगारे सबै काम बिग्रिन्छ । त्यसैले इन्जिनियरहरुले सम्पूर्ण सीप हासिल गर्नुपर्छ र निर्माणको क्षेत्रमा अगुवाको भुमिका निर्वाह गर्नुपर्छ ।"
>
> - गोपाल प्रसाद खतिवडा, बिर्तामोड

बलियो घर बन्नमा घरधनीको मुख्य भुमिका हुने भनिए पनि प्राविधिक तथा ईन्जिनियरको झन् ठुलो भुमिका हुन्छ । किनभने ईन्जिनियरको कुरा पालना गर्न घरधनीले नाईं भन्न सक्दैनन्। त्यस्तै ठेकदार र मिस्त्री पनि ईन्जिनियरसँग सतर्क भएर काम गर्छन र भनेको कुरा मान्छन् । त्यसैले ईन्जिनियरले नै नक्शा बनाउने, घरधनीलाई राम्रोसँग सम्झाउने र ठेकेदार, मिस्त्रीलाई पनि बुझाउने गरेको खण्डमा घर बलियो बन्ने उहाँको धारणा छ।

बिर्तामोड शहर भूकम्प सुरक्षित हुँदा भोलीका दिनमा कन्सल्ट्यान्टहरुको योगदानको पनि चर्चा हुनेछ। आफ्नो ठाँउका घरहरु भूकम्पीय जोखिमबाट सुरक्षित हुँदा र बिर्तामोड निवासीहरु ढुक्कसँग बस्न पाउने अवस्थामा कन्सल्ट्यान्टहरुले पनि ढुक्कको श्वास फेर्न पाउने खतिवडा बताउनुहुन्छ।

# अभिमूखीकरणले माझिएकी भगवती

बिर्तामोड नगरपालिका ४ निवासी भगवती भट्टराई अधिकारीले आफ्नो घरको निर्माण भर्खरै सम्पन्न गर्नुभएको छ। आफूले सोचेको भन्दा धेरै राम्रो र बलियो घर बनेकोमा उहाँ एकदमै सन्तुष्ट र खुसी हुनुहुन्छ । घर भनेको घामपानीबाट जोगाउने कुरा मात्र हो भन्ने परम्परागत धारणाबाट बाहिर निस्केर उहाँले प्राकृतिक विपद् र भूकम्पीय जोखिमलाई ध्यानमा राखेर घर निर्माण गर्नुभयो । "घर बनाउने तयारी गर्दा मेरो दिमागमा भूकम्पको कुरा आएकै थिएन। मैले घर बनाउनु अघि नै नगरपालिकाले आयोजना गरेको घरधनीहरुको लागि अभिमुखीकरण कार्यक्रममा सहभागी हुने अवसर नपाएको भए अहिलेको घरको सट्टा कुनै कमजोर घर उभिइरहेको हुने थियो।'भूकम्पीय सुरक्षित निर्माण' सम्बन्धी अभिमूखीकरण कार्यक्रममा सहभागी हुनाले नै मेरो घर बलियो बनेको हो," उहाँ भन्नुहुन्छ।

अभिमुखीकरण तालिम नलिएको भए उहाँ सस्तोमा काम गर्ने मिस्त्री खोजेर उनीहरुले जे–जसो भन्छन् त्यसै अनुसार घर बनाउनुहुन्थ्यो। यसरी बनाउँदा घर कमजोर बन्न पुग्थ्यो जुन पछि भूकम्प आउँदा ढलेर आफू र आफ्नो परिवारको मृत्युको कारण समेत बन्नसक्थ्यो । तर, अहिले सम्झिँदा उहाँलाई आनन्द लागेर आउँछ । उहाँले भूकम्प थेग्ने घर बनाएकाले भूकम्प आईहालेमा आत्तिदै भाग्नुपर्ने अवस्था छैन । "नगरपालिकाबाट घरधनीहरुका लागि आयोजना गरीएको कार्यक्रमले धेरै राम्रा र उपयोगी जानकारीहरु दिएको थियो जसबाट मैले पुस्तौं सम्मलाई पुग्ने बलियो घर निर्माण गरेको छु" भगवती बताउनुहुन्छ।

उक्त कार्यक्रमबाट उहाँले डकर्मी र ठेकेदार तालिम प्राप्त लगाउनुपर्छ भन्ने थाहा पाउनुभयो। त्यसैले ठेकेदार तालिम प्राप्त हो भन्ने निश्चित गरीसकेपछि मात्रै उहाँले ठेकेदारलाई चयन गर्नुभयो। तालिम प्राप्त कामदारहरुले तालिममा सिके अनुसार नै काम गरेको भगवती बताउनुहुन्छ । उनीहरुमा काम बिगारे कारवाहीमा परिएला कि भन्ने डर हुन्छ। तर, तालिम नलिएकाहरुलाई आफूले गरेको काम सही वा गलत के हो भन्ने नै थाहा हुँदैन ।



निर्माणकार्य निगरानी गर्दै भगवती भट्टराई

भगवतीले सो ज्ञान घर बनाउने तरखरमा रहेका छिमेकीहरुलाई समेत बताउने गर्नुभएको छ। 'घर भनेको जीवनमा एकपटक बनाईन्छ, समयमा नै बिचार पुऱ्याउनु पर्छ' भन्दै उहाँ छिमेकीहरुलाई 'नगरपालिका गएर सम्पुर्ण कुरा बुझ्न, अभिमुखीकरणको माग गर्न र किताबहरु मागेर पढ्न उत्प्रेरित गर्नुहुन्छ । आफूले सिकेको कुरा अरुलाई बाँड्न पाउँदा उहाँलाई खुसी लाग्छ । अहिलेसम्म उहाँले ५०–६० जनालाई कार्यक्रममा सिकेको कुराहरु बताइसक्नु भएको छ । कतिपयले भूकम्प प्रतियोगी घर महंगो हुन्छ भन्ने गरेको उहाँमा अनुभव छ। तर, भगवती यो बुझाई उनीहरुको भ्रम हो भन्नुहुन्छ। "भूकम्प थेग्ने घर बनाउँन महंगो पर्दैन भन्ने कुरा म आफैले घर बनाएर थाहा पाईसकेको छु" भगवती बताउनुहुन्छ।

उहाँका अनुसार आफूलाई जति नै थाहा भएको जस्तो लागे पनि घरधनीले ठ्याक्कै भवन संहिता अनुसार घर बनाउन नजानेको हुनसक्छ। नगरपालिकाले कार्यक्रम दिन नभ्याउँदा वा नसक्दा कार्यक्रममा सहभागी भइसकेका मानिसहरुसँग सम्पर्क गर्ने, बुझ्ने, नगरपालिकामा गएर सोध्ने, किताबहरु मागेर पढ्ने काम घरधनीले नै गर्नुपर्ने उहाँको सुझाव छ।

"तालिमप्राप्त ठेकेदार लगाए पनि म ढुक्क भएर कहिल्यै बसिनँ । उनिहरुले गरेको काम सहि छ छैन भन्ने कुराको निगरानी गर्थें । मेरो ज्ञानको स्तर देखेर पनि होला कामदारहरु "यो घरधनी बाठी छ यसलाई झुक्याउन सकिँदैन" भन्ने लागेर ईमान्दार भएर काम गर्थे ।"

# सुरक्षित निर्माणमा सोम बहादुर थारु

कालिका–३, बर्दियाका सोम बहादुर थारु बिगत १४ बर्ष देखि निर्माण काममा संलग्न रहँदै आउनुभएको छ । बिना तालिम लामो समयदेखि निर्माणकार्य गर्दै आउनुभएका उहाँलाई एकदिन नेपालगञ्ज नगरपालिकाको इन्जिनियरले डकर्मी तालिमको बारेमा जानकारी दिएपछि सोम बहादुरले तालिम लिने अवसर पाउनुभएको हो ।

"तालिमले मलाई डण्डीहरुलाई एकै ठाँउमा ल्यापिङ गर्न नहुने, पिलरहरु ग्रिडमा हुनुपर्ने, कुना बन्धन राख्नुपर्ने, हातिपाइले कम्तिमा पनि ५ फिट राख्नुपर्ने, ४ इन्चको अन्तरमा चुरी राख्नुपर्ने जस्ता धेरै ज्ञानसीप दिएको छ ।"

- सोम बहादुर थारु, बर्दिया

डकर्मी तालिमले उहाँलाई धेरै राम्राराम्रा कुरा सिकाएको छ र रोजगारीको अवसर पनि बढाएको छ । तालिमपछि उहाँलाई धेरै ठेकदार, घरधनीले काम गर्न बोलाउने गरेका छन् र सबैले मन पनि पराउँछन् । नगरपालिकाले हेर्ने दृष्टिकोणमा पनि सकरात्मक परिवर्तन आएको छ । यसअघि नगरपालिकाले अरु मिस्त्रीलाई जस्तै सामान्य रुपमा हेर्ने गरेकोमा अहिले नगरपालिकाको इन्जिनियरहरुले 'तिमीले सिकेको छौ, राम्रोसँग गर र अरुलाई पनि सिकाऊ' भन्ने गरेको उहाँ बताउनुहुन्छ ।

तालिमपछि उहाँलाई कामको दु:ख भएको छैन । त्यस्तै, तालिम नलिँदा घरधनीले जसो–जसो भन्यो, त्यसो–त्यसो गर्नुहुन्थ्यो, अहिले जस्तो ज्ञान थिएन । तर, अहिले उहाँ पहिलो चरणमा नै घरधनीलाई के गर्नुहुन्छ, के गर्नु हुदैन भनेर सम्झाउनुहुन्छ । नमानेको खण्डमा इन्जिनियरहरुलाई बोलाएर पनि सम्झाउन लगाउनुहुन्छ ।

सोम बहादुरलाई यसअघि जति कमजोर घर बनाए पनि अब बन्ने घरहरु त्यस्तो कमजोर बन्ने छैनन् भन्ने बिश्वास छ । आफूले बनाएको घरले किचेर कोही मान्छे मर्दैनन् भन्ने आत्मबिश्वासका कारण उहाँ निकै खुसी हुनुहुन्छ । सोम बहादुर गुलरिया नगरपालिका नजिकैको गाविसमा काम गर्नुहुन्छ । यो गाविसमा उहाँ सहित जम्मा ३ जना तालिम लिएका ठेकेदारहरु काम गर्नुहुन्छ ।

तालिम नलिने ठेकेदारहरुले उहाँहरुको बिरोध मात्रै गर्छन् र उहाँहरुलाई साथ दिदैनन् । सो गाविसमा धेरै संख्यामा घरहरु बनिरहेका छन् । तर, अन्य ठेकेदारहरुले लामो समयदेखि हातीपाइले नै नराखी पिलर मात्रै राखेर ३ तलाको भवन बनाइरहेका छन् । यसले गर्दा तालिममा सिकेको सबै कुरा लागू गरेर काम गर्न उहाँहरुलाई अप्ठ्यारो भएको छ ।

गाविस नगरपालिकामा परिणत भइसकुन्जेलसम्म तालिम नपाएका मिस्त्रीहरुले धेरै कमजोर घरहरु बनाईसक्ने भएकाले नगरउन्मुख गाविसहरुमा गएर शुरुमै त्यहाँका डकर्मीहरुलाई भूकम्प प्रतिरोधी भवन निर्माणको तालिम दिए राम्रो हुने उहाँको सुझाव छ ।



डकर्मी तालिममा सहभागी हुँदै सोम बहादुर थारु

# तीज गीतमा भूकम्पका कुरा: एक तीर, दुई निशाना



टंकमाया ज्ञवाली
स्वास्थय स्वयंसेविका,
भरतपुर

मेरो नाम टंकमाया ज्ञवाली हो । म भरतपुर वडा नं. १० को स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्यरत छु । हाम्रो काम भनेको नै घरदैलोमा गएर जनचेतनाका कुराहरु बताउने हो । र्‍याली, सडक नाटक, गोष्ठी, तालिम, पम्पलेटहरु बनाएर टाँस्ने, गीत बनाएर गाउने लगायत विभिन्न प्रतियोगिताहरु गर्ने आदि पर्दछन् ।

२०७० मा भरतपुर नगरपालिकाले भूकम्पको लागि डकर्मी तथा घरधनी तालिमका साथै ईन्जिनियरहरुका लागि पनि तालिम कार्यक्रमहरु गर्न शुरु गर्‍यो । हामी सबै स्वयंसेविकाहरुलाई पनि भूकम्पीय पूर्वतयारी र भवन संहिताको बारेमा एकदिने अभिमुखीकरण कार्यक्रम दिइएको थियो । त्यसपछि सरहरुले हामीलाई बोलाएर 'समुदायका सबै मानिसहरुलाई भूकम्पको बारेमा जानकारी पुर्‍याउनुपर्‍यो' भन्नुभयो । तीजको मौका पारेर "तीजमा भूकम्पलाई गीतको विषय बनाउने" भनेर छलफल गरियो । हामी १४ वटा वडामा ९० जना स्वयंसेविकाहरु थियौं र सबैजनाले नै तीज गीत प्रतियोगितामा भाग लियौं ।

१० नम्बर वडाबाट हामी ७ जना मिलेर ३ दिनसम्म गीत बनाउन जुट्यौं । गीत नियम भित्र बसेर बनाउन पर्ने थियो । ७ मिनेट भन्दा लामो हुन नहुने, तीजको भाकामा हुनुपर्ने र भूकम्पीय सचेतनाको बारेमा नै हुनुपर्ने थियो । तर, सबै कुरालाई ध्यानमा राखेर गीत बनाउने काम त्यति सजिलो भने थिएन । गीत बनाउनको लागि हामीले भूकम्प सम्बन्धी धेरै किताबहरु पढ्यौं, नबुझेका कुराहरु नगरपालिकाका सरहरुलाई सोध्यौं । गीत तयार गर्ने क्रममा हामी आफैले पनि धेरै नयाँनयाँ कुराहरु थाहा पायौं । हाम्रो गीतमा नेपालमा गएका वि.स. १९९० को भूकम्प , २०४५ को भूकम्प, चिली र हाइटीमा गएका ठुला भूकम्पहरुका कुरा, अनि भूकम्प गइहालेमा के गर्ने, पहिलेदेखि नै के कस्तो पूर्वतयारी गर्नुपर्छ भन्ने सन्देशहरुलाई मिलाएर समावेश गरेका थियौं ।

> "मैले सधैं समुदायको लागि आफ्नो तन-मन लगाएर काम गरें । जिन्दगीमा सबैभन्दा बढी सन्तुष्टी त्यतीबेला हुन्छ, जब आफूले गरेको कामबाट कसैले राम्रो कुरा सिक्छ वा उसाको जीवनमा सकारात्मक परिवर्तन आउँछ । दोश्रो, सन्तुष्टी त्यतीबेला हुन्छ, जतिबेला आफूले गरेको कामको प्रशंसा हुन्छ ।"
>
> - टंकमाया ज्ञवाली, भरतपुर

भूकम्प सम्बन्धी तीजको गीतले माहोल घन्कियो । म र मेरो समूह भूकम्प सम्बन्धी तीज गीत प्रतियोगीतामा १४ वटा समूहहरुलाई उछिनेर प्रथम भएको घोषणा गरियो । उक्त कार्यक्रममा पत्रकारहरु पनि आएका थिए । भोलिपल्टको स्थानीय पत्रपत्रिका र रेडियोहरुमा सो तीज गीत प्रतियोगिताको बारेमा समाचारहरु आए । हाम्रो गीत 'एक तिर, दुई निशाना' भयो, एकातिर मनोरञ्जन र अर्कोतिर सामाजिक सन्देश । हाम्रो समाजलाई सजिलोसँग सम्झाउन गाह्रो छ । त्यसैले उनीहरुलाई यस्तै नाटक, गीत जस्तो माध्यमबाट बुझाउन सजिलो पर्छ ।

पहिलो हुन पाउँदा निकै खुसी लाग्यो । अरु समूहहरुबाट पनि निकै रोचक र जनचेतनामूलक गीत बनेका थिए ।

यस्ता कार्यक्रमहरुले समुदायका मानिसहरुलाई मात्र फाईदा पुग्दैन, हामी सामाजिक कार्यकर्ताहरु पनि सक्रिय हुन्छौं । अनि अन्य स्थानमा पनि यी कुराहरु पुग्छन् र त्यहाँ पनि यस्ता कार्यक्रम शुरु हुन्छन् । यसरी कुरा फैलिदैं जान्छ, सबैले बिस्तारै कुरा बुझ्दै जान्छन् । अनि समुदायमा यसको प्रभाव पर्दै जान्छ र परिवर्तन देखिन थाल्दछ ।

# डकर्मी तालिम पछि व्यस्त गंगाराम

विगत १३ बर्षदेखि निर्माणकर्मीको काम गर्दै आइरहनुभएका धनगढी नगरपालिका–६ का गंगाराम चौधरीले स्थानीय पत्रिकामा प्रकाशित बिज्ञापन मार्फत भूकम्प प्रतिरोधी घर निर्माणको तालिमबारे थाह पाउनुभयो । त्यसपछि नगरपालिकामा आफ्नो नाम दर्ता गर्नुभयो र तालिम लिनुभयो ।

केही अघिसम्म गंगारामले अन्य निर्माणकर्मीले काम गरेको देखेर निर्माणको कार्य गर्दै आएकोमा अहिले भने तालिमले सिकाएको आधारमा कामगर्दै हुनुहुन्छ । तलिम लगत्तै उहाँले एउटा सरकारी विद्यालय बनाउने ठेक्का पाउनुभएको थियो । आफूले तालिममा सिकेका सीप प्रयोग गरेर उहाँले भूकम्प थेग्ने भवन बनाउनु भयो ।

> **"तालिमपछि थाहा भयो कि यो तालिम त सबैले लिनुपर्ने रहेछ । तालिमपछि मैले सबैको मान–सम्मान पाएको छु । सबैले मसँग सल्लाह लिन्छन्"**
>
> **- गंगाराम चौधरी, धनगढी**

तालिमपछि धेरै फाइदा भएको गंगाराम बताउनु हुन्छ । सबैले तालिम प्राप्त ठेकेदारलाई मात्र काम दिन खोज्ने भएकाले उहाँले अहिले १ तला देखि ३ तला सम्मका ६/७ वटा भवनहरु निर्माण गरिरहनु भएको छ । कमाई पनि पहिलेको तुलनामा लगभग दोब्बर भएको उहाँ बताउनुहुन्छ । पहिले पनि नगरपालिकाका सरहरुले नगरपालिकाको भवनहरु बनाउनुपर्दा उहाँलाई नै सम्झिने गर्दथे । यो तालिमपछि अझ बिश्वास बढेको उहाँ बताउनुहुन्छ । "सुरक्षित घर निर्माणबारे पहिले–पहिले इन्जिनियरहरुलाई हामीले सोध्ने गर्थ्यौं । अहिले उहाँहरु हामीसँग तालिममा पाएको किताबहरु मागेर हेर्नुहुन्छ । पहिले तालिम लिनु आवश्यक छ जस्तो लाग्दैनथ्यो । अहिले यसको ठूलो महत्व रहेछ भन्ने महशुस भएको छ ।

हेर्दा आकर्षक घर, सस्तोमा बनाइदिने भएकाले घरधनीहरुले तालिम नलिएकाहरुलाई घर बनाउन दिने चलन सो क्षेत्रमा ब्यापक छ । तर, बलियो घर बनाउको लागि नगरपालिकाले यस्तो कृयाकलापमा कडाई गर्नुपर्ने उहाँको सल्लाह छ । साथै, घरधनीहरुले पनि आफ्नो घर राम्रो भन्दा पनि बलियो होस् भन्ने सोच राख्नुपर्ने गंगाराम सुझाउनुहुन्छ । यसका लागि सचेतनाका कार्यक्रमहरु उनिहरुसम्म पुर्‍याउनु पर्ने उहाँको बिचार छ ।



डकर्मी तालिममा सहभागी हुँदै गंगाराम चौधरी

# सुदृढ हुँदै जनकपुर: नक्शामा सुधार, निर्माणमा सुधार



सुयोग गिरी
इन्जिनियर, एनसेट

मेरो नाम सुयोग गिरी हो । पेशाले सिभिल इन्जिनियर हुँ । मैले एनसेटको भवन संहिता कार्यान्वयन कार्यक्रम अन्तर्गत जनकपुर उप-महानगरपालिकामा भवन संहिता कार्यान्वयनमा प्राविधिक सहयोगीको रुपमा एक बर्ष काम गरें । मैले यहाँ काम गरेर भवन संहिता कार्यान्वयनमा प्राविधिक सहयोग पुऱ्याउन सकें जस्तो लाग्छ ।

उतिवेला र अहिले तुलना गर्दा सन्तुष्टीको स्तर धेरै माथि छ। एकबर्ष अगाडि म आउँदा यहाँ ४ वटा डण्डीकै पिलर भएको नक्शा पास भइरहेको थियो। म शुरुमा केही दिन त आत्तिएँ पनि। नक्शा नै ४ वटा डण्डीको पिलर भएको पास हुन्छ भने फिल्डको अवस्था झन् के होला भनेर म त निराश भएँ। राजनीति धेरै हुने ठाँउ भएकोले यहाँ एकैपटक सबै कुरा परिवर्तन गर्न खोज्दा परिवर्तन नै नहोला कि भन्ने डरले म केही लचिलो भएर परिवर्तको थालनी गर्ने निचोडमा पुगें।

एकैपटक आजैदेखि ८ वटा डण्डी राखेर नक्शा बनाऊ भन्यो भने काम बन्दैन भन्ने सोचेर एकपटक नगरपालिकाका सबैसँग छलफल गर्ने कि भन्ने विचार आयो । नगरपालिकाका सरहरुलाई बुझाउन धेरै समय पनि लागेन। नगरपालिकाका कर्मचारीहरुको अग्रसरताका कारण यहाँ धेरै सकारात्मक परिवर्तनहरु आएका छन् । उहाँहरु अहिले १४४ वर्गफिट प्यानल एरियाका कुराहरु पनि आफै परिक्षण गर्नुहुन्छ।



घरधनी र ठेकेदारलाई पिलरवाला निर्माण प्रक्रियाबारे बुझाउन नगरपालिकाको प्रांगणमा रहेको नमुना देखाउँदै सुयोग गिरी

कन्सलटेन्सीबाट आएका नक्साहरु निकै कडाइका साथ जाँच हुने गर्छ । कन्सलटेन्सीका प्राविधिकहरु पनि धेरै सचेत भइसकेका छन् । उहाँहरुले राम्रो स्तरको नक्सा नै बनाउँनुहुन्छ र बाँकी रहेका गल्तिहरु पनि नगरपालिकामा जाँच हुने भएकोले नक्साहरु राम्ररी जाँच भएर मात्र पास हुन्छन् । कन्सल्टेन्सीले ९०% काम आफै गरेर ल्याउँछन्। कुनै नक्शा त सरसर्ती हेरेर सिधै पास गर्न सकिने खालका समेत हुन्छन्।

नगरपालिकमा ५०% भन्दा बढी नक्साहरु त आफै सच्चिएर आउँछन्। तर त्यो प्रतिशतलाई बढाउनको लागि नगरपालिका भित्रकै प्राविधिकहरुले यसैमा मात्र केन्द्रित रहेर काम गर्न आवश्यक देखिन्छ।

> "पहिले-पहिले आउने नक्शाहरु स्कोरिङ्ग गर्दा धेरै गल्तीहरु भेटिन्थे । तर, अहिले खासै ठुला गल्तिहरु भेटिँदैनन् । यसले नगपालिकामा सुधार तिब्र गतिमा भइरहेको छ भन्ने प्रस्ट देखाएको छ । मलाई यो परिवर्तन देखेर सन्तोष लागेको छ ।"
>
> - सुयोग गिरी, एनसेट

यो नगरपालिकामा अहिले जसरी सुधारहरु भइरहेका छन्, यसलाई निरन्तरता दिनको लागि एउटा लगाम जस्तो केही कुरा हुनुपर्छ भन्ने लागेको छ। नक्शा नबनाउने एकजना स्थानीय नितान्त कर्मचारी भएर मात्र काम गर्ने प्राविधिक व्यक्ति हुने हो भने अहिलेको कार्य पद्धतीले जनकपुर उप-महानगरपालिकामा निरन्तरता पाउने थियो।

# निर्माणकर्मी कपटेनलाई भ्याईनभ्याई

"म निर्माण पेशामा लागेको ३० बर्ष भयो । धेरैपछि मात्र मैले एनसेटले दिएको भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी तालिम लिने मौका पाएँ । अहिले आएर यस्तो तालिम पहिले नै लिन पाएको भए निकै राम्रो हुने थियो भन्ने लागेको छ । आफ्नो जीवनकालमा अब जति घर बनाईन्छ, सकेसम्म म सबै घर आफुले सिकेको सीपको प्रयोग गरेर बलियो बनाउने कोशिस गर्नेछु ।"

यो अभिब्यक्ति हो गुलरिया १० का निर्माणकर्मी कपटेन थारुको । उहाँले आफ्नो छोरा मार्फत नगरपालिकामा हुन लागेको डकर्मी तालिमबारे थाहा पाउनुभयो र तालिम लिनुभयो । तालिमबाट उहाँले सिलबन्धन, लिन्टेल, सरियाको मोटाइको ६० गुणा एल गर्नुपर्छ भन्ने कुरा, रिङको दुरी, गारोवाला भवनमा स्टीच ब्यान्ड राख्नेकुरा आदि सिक्नु भयो । साथै, बलियो घर बनाउन घरधनीलाई कसरी सम्झाउने बारेमा पनि थाहा पाउनुभयो ।

उहाँका अनुसार पहिले–पहिले पिलर ९x९ इन्चको हुन्थ्यो । पछि ९x१२ इन्चको बनाउने चलन आयो । उहाँले तालिमपछि पिलर १२x१२ इन्चको बनाउनु पर्छ भन्ने थाहा पाउनुभएको छ । अहिले उहाँहरु लिन्टलसिल राख्ने गर्नु हुन्छ । साथै, झ्यालको दुवैतिर ठाडो डन्डी पनि राख्ने गर्नुहुन्छ । भूकम्पको कारण असर र भूकम्पीय प्रतिरोधी भवन निर्माणबारे घरधनी लगायत अरुलाई पनि सम्झाउने र बुझाउने गर्नुहुन्छ ।

"भूकम्प प्रतिरोधी घर निर्माण तालिमपछि मैले धेरै काम पाउन थालें । मलाई कामको भ्याईनभ्याई छ, आम्दानी पनि बढेको छ । घरधनीहरुले मलाई "तिमीले बलियो, राम्रो घर बनाउन सिकेको छौ, मेरो पनि घर बनाइदिन पर्यो" भनी फोन गरेर बोलाउँछन् ।"

- निर्माणकर्मी कपटेन

धेरै काम पाउन थालेको हुनाले उहाँका कामदारहरु पनि बढेका छन् । धेरैले रोजगारी पाएका छन् ।

"नगरपालिका क्षेत्रमा यस अघि भवन संहिता लागु भएको थिएन । हामीले तालिम पनि पाएको थिएनौं । त्यसैले हामी आफ्नो इच्छा अनुसार घर बनाउँथ्यौं । तर अब इन्जिनियर, ओभरसियरहरुले कसरी बनाउने भनेर सम्झाउनुहुन्छ र सिकाउनु हुन्छ । त्यसैले घर बनाउने तरिकामा परिवर्तन आएको छ," कपटेन थारु बताउनुहुन्छ ।



डकर्मी तालिमको अभ्यासमा सहभागी कपटेन थारु

उहाँका अनुसार पहिले नक्शा बुझ्न पनि गाह्रो हुन्थ्यो । सबैकुरा इन्जिनियरले सिकाउनुपर्थ्यो । तैपनि गल्ति हुन्थ्यो । अब इन्जिनियरले दिएको नक्शा हेर्नासाथ उहाँहरुले बुझ्न थाल्नुभएको छ । पहिला घरधनीले भनेको अनुसार काम गर्नुहुन्थ्यो भने अहिले घरधनीलाई आफ्नो अनुसार घर बनाउन लगाउनु हुन्छ । थारुका अनुसार पहिलो चरणमा घरधनीलाई सम्झाउने काम नगरपालिकाले गर्दछ । जब घरधनी नक्सापास गर्न नगरपालिका जान्छन्, तब त्यहाँका इन्जिनियर, ओभरसियरहरुले गारोवाला, पिलरवाला नमुनामा लगेर सम्झाउने गर्छन् । दोश्रो चरणको सम्झाउने काम आफूहरुबाट हुने हुनाले घरधनीलाई मनाउन खासै कठिन नभएको थारुको ठम्याइ छ ।

# प्रबलीकरणको शुरुवातकर्ता बने लक्ष्मण



कार्यक्रममा कुराकानी र छलफल भईरहेको थियो । “नगरपालिकाको निगरानीमा आफ्नो साविकको पुरानो कमजोर घरलाई भूकम्पबाट सुरक्षित बनाउनको लागि को ईच्छुक हुनुहुन्छ ? भनेर नगरपालिकाको ईन्जिनियरले सोध्नुभयो । घरलाई भूकम्प थेग्ने बनाउने कुरा सुनेपछि मैले यताउता केही नसोची आफ्नो हात उठाएँ ।” आफ्नो पुरानो घरलाई प्रबलीकरण गराईरहेका स्थानीय घोराहीवासी लक्ष्मण आचार्यले आफ्नो अनुभव सुनाउनुभयो ।

त्यही घरमा परिवार सहित बस्दै प्रबलीकरण गराईरहेका आचार्यलाई शुरुमा घर तोडफोड गरेर यता उता भत्काएको देख्दा गलत निर्णय पो गरिएछ कि भन्ने चिन्ताले भित्रभित्रै पिरोलिरहृयो । तर प्रबलीकरणको काम अघि बढ्दै गएपछि छिमेकीहरु र हेर्न आउनेले समेत तिम्रो घर बलियो बन्दैछ है भनेपछि भने वहाँलाई आफ्नो निर्णयप्रति खुसी लागेको छ ।

उक्त प्रबलीकरण कार्यलाई घोराही उप महानगरपालिकाले नेतृत्व र अनुगमन गरिरहेको छ । भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) को प्राविधिक सहयोगमा २०७५ पुस १६ देखि डकर्मी र ईन्जिनियरहरुलाई प्रबलीकरण कार्यमा संलग्न बनाउँदै प्रशिक्षण दिईएको छ भने प्रबलीकरणको लागि सम्पूर्ण खर्च घरधनी लक्ष्मण आचार्यले गरिरहनुभएको छ ।

“कहिले नसुनेको र नदेखेको नयाँ प्रविधिलाई अँगाल्ने म पहिलो व्यक्ति हुँ । मैले आफ्नो घर प्रबलीकरण गरेर बलियो बनाएँ । यो देखेर अरुले पनि आफ्नो घर प्रबलीकरण गर्ने बारेमा सोचिरहेका छन् । मलाई विश्वास छ भविष्यमा यहाँ पुराना घरहरुलाई प्रवलिकरण गर्ने प्रविधि समुदायमा परिचित हुनेछ र सबैले यस प्रविधिलाई अपनाउनेछन् । तर घोराहीमा प्रबलीकरण गर्ने पहिलो व्यक्तिको रुपमा सधैं मेरो नाम अगाडि आउनेछ । एक हिसाबले म त यसको अगुवा पनि हो ।” मुस्कुराउँदै आचार्यले खुसी व्यक्त गर्नुभयो ।

घोराही उप-महानगरपालिकामा जम्मा २५ हजारको हाराहारीमा घरहरु छन् । हरेक वर्ष घोराहीमा ४०० जति नयाँ घरहरु थपिन्छन् । विगत ५,६ वर्षदेखि घोराहीमा कडाईका साथ भवन संहिता कार्यान्वयन भइरहेको छ जसको फलस्वरुप नयाँ बन्ने घरहरु भूकम्प प्रतिरोधी बनिरहेका छन् । घोराहीमा लगभग २००० घरहरु भूकम्प प्रतिरोधी छन् तर २३ हजार घरहरु पहिले नै बनिसकेका जो कमजोर छन् । ती घरहरुले भूकम्प थेग्न सक्दैनन् । अब ती घरहरुलाई भत्काएर नयाँ बनाउन पनि सम्भव छैन । तर ती पुराना घरहरुलाई पनि भूकम्प थेग्न सक्ने बनाउनको लागि प्रबलीकरण प्रविधिको प्रयोग गर्न सकिन्छ अहिले अन्य केही घरधनीहरु पनि उपमहानगरपालिकाको कार्यालयमा आएर प्रबलीकरणबारे सोध्न साथै प्राविधिक सहयोगको लागि अनुरोध गर्न थालेका छन् ।। घोराहीमा प्रबलीकरणको शुरुवात भइसकेको छ । यो प्रविधि अपनाएर प्रबलीकरणको शुरुवात गर्ने शुरुवातकर्ता हुन् वडा नं १७ निवासी लक्ष्मण आचार्य ।

**“कहिले नसुनेको र नदेखेको नयाँ प्रविधिलाई अँगाल्ने म पहिलो व्यक्ति हुँ । मैले आफ्नो घर प्रबलीकरण गरेर बलियो बनाएँ । यो देखेर अरुले पनि आफ्नो घर प्रबलीकरण गर्ने बारेमा सोचिरहेका छन् ।”**

यो प्रबलीकरण कार्य शहरी विकास तथा भवन निर्माण विभाग (DUDBC) को मार्गनिर्देशन, घोराही उपमहानगरपालिकाको नेतृत्व, अमेरिकी सहायता नियोग तथा अमेरिकी वैदेशिक विपद् सहायता कार्यालय (युएसएड अफडा) को आर्थिक सहयोग मार्फत गरिएको हो ।

*(यो कथा घरधनी लक्ष्मण आचार्यसँग मिति २०७५ माघ २७ गते गरिएको कुराकानी, प्रबलीकरण कार्यमा प्राविधिक सहयोगको लागि संलग्न व्यक्ति र घोराही उपमहानगरपालिकासँगको अन्तरक्रिया एवं प्रबलीकरणको अवलोकन भ्रमणको अनुभवको आधारमा तयार पारिएको हो ।)*

# प्रबलीकरणका केही झलक



प्रवलीकरण गर्नु अघि लक्ष्मण आचार्यको घर



प्रवलीकरण कार्य हुँदै





प्रवलीकरण कार्य हुँदै



घोराही उप-महानगरपालिकाका प्रमुख, ईन्जिनियर, घरधनी र एनसेटका प्राविधिक छलफल गर्दै



प्रवलीकरण भईरहेको घरको अवलोकन गर्दै प्रदेश नं ५ का भौतिक पुर्वाधार मन्त्रि, घोराहीका नगरप्रमुखसँग एनसेट नेपालको प्राविधिक टोली

# सुरक्षित भवन निर्माणको लागि गोदावरी नगरपालिकाको शुरुवाती कदम

- पेमा चौधरी, डकर्मी, गोदावरी नगरपालिका

म घर बनाउने पेशामा लागेको १० बर्ष भयो तर कर्नी र ईटा समातेको भने ५ बर्ष मात्र भएको छ। पहिले म ज्यामी थिएँ । अहिले म आफुलाई पुर्ण रुपमा डकर्मी मान्छु । म अब १० बर्ष अघिको पेमा होईन। म अब एक तालिमप्राप्त डकर्मी हो जसले भूकम्प थेग्ने घर बनाउन जानेकी छ।

मलाई डकर्मी हुने ठुलो रहर थियो । मैले काम गरेको निर्माणस्थलमा डकर्मीहरु कहिले आउने कहिले नआउने गर्थे, यहि कुरा मेरो लागि कर्नी समाउने अवसर बन्यो। यसरी नै डकर्मीको काम गरिरहेको थिएँ २०७५ सालमा मैले भूकम्प थेग्ने घर बनाउने तालिम लिने अवसर पाएँ । डकर्मी तालिमले धेरै नयाँ कुराहरु सिकायो । हामीले दिनहुँ गर्दै आईरहेको काममा पनि सुधार गर्नुपर्ने रहेछ भन्ने थाहा भयो। पहिले हामीले केवल घर बनाउने गरेका रहेछौं तर अब हामीले बलियो घर बनाईरहेका छौं । म घरको जग देखि धुरीसम्मको निर्माणकार्यमा संग्लन हुन्छु।

हुन त मेरो श्रीमान पनि डकर्मी हो। तर मैले तालिम लिए तर वहाँले लिन पाउनुभएको छैन । मलाई अरुसँग भन्दा आफ्नै श्रीमानसँग काम सिक्न सजिलो हुने थियो तर वहाँले मलाई कहिल्यै पनि आफुसँग काममा लैजानु भएन। वहाँ र म सधैं फरक फरक निर्माणस्थलमा काम गर्थ्यौं ।

वहाँको मात्र कमाईले घर खर्च धान्न र छोराछोरी पढाउन गारो हुन्थ्यो। म पनि कमाउछु त्यसै ले त सजिलोसँग सबै खर्च पुगिरहेको छ । म महिनामा सरदर १४००० जति कमाउछु । केहि बचत पनि गर्ने गरेकी छु । काम गर्न थालेपछि श्रीमान र परिवारलाई आर्थिक भार कम गर्न मद्धत पुगेको छ । अब त झन तालिम लिएको छु । मलाई अब कामको दुखः छैन । तालिम लिएपछि भने पैसा कमाउने मात्र नभई भूकम्प थेग्ने घर निर्माण गरेर समाज र नगरपालिकालाई समेत सहयोग पो गरिरहेको छु भन्ने लागेको छ। तालिम लिएपछि मेरो कामप्रति मलाई झन गर्व लाग्न थालेको छ । अब आफ्नो घर बनाउँदा पनि तालिममा सिके अनुसार नै बनाउने सोच छ।

यो पेशामा चुनौतीहरु पनि छन्, झन महिलालाई बढि चुनौती छ । ३ वटा छोराछोरी छन् । घरको सबै काम, बारीको काम अनि दिनभरी घर निर्माणको काम गर्दा निकै गारो हुन्छ । श्रीमान बिहान ८ बजेतिरै काममा निस्कनु हुन्छ। फेरी डकर्मी पेशा भनेको पुरुषले मात्र गर्ने हो भन्ने समाजलाई लाग्दो रहेछ । हुन पनि हो पहिला यो पेशामा महिलाहरु खासै हुदैन थिए। मलाई पनि अप्ठ्यारो नभएको त होइन तर पनि म काम गरेर दुइ पैसा कमाउन चाहान्थे।

डकर्मी जस्तो शाररीक परिश्रम बढि लाग्ने पेशा अंगाल्नु महिलाको लागि एकदम गारो काम हो। त्यती मात्रै होइन मैले पहिला ज्यामी काम गर्दा जति ज्याला पाउँथे अहिले तालिम प्राप्त भइसक्दा पनि ज्यालमा वृद्धि भएको छैन। मेरो ठाउँमा कुनै पुरुष डकर्मी भएको भए उसको ज्याला दोबर भईसक्थ्यो या फेरी ऊ ठेकेदार भइसक्थ्यो। म भने सिप र काममा प्रगति भयो तर ज्यालादर भने पुरानै छ। तर अब यहि काममा बानी परिसक्यो त्यसैले शरीरले साथ दिएसम्म यहि काम गर्ने मेरो सोच छ।

> डकर्मी जस्तो शाररीक परिश्रम बढि लाग्ने पेशा अंगाल्नु महिलाको लागि एकदम गारो काम हो । त्यती मात्रै होइन मैले पहिला ज्यामी काम गर्दा जति ज्याला पाउँथे अहिले तालिम प्राप्त भइसक्दा पनि ज्यालमा वृद्धि भएको छैन । मेरो ठाउँमा कुनै पुरुष डकर्मी भएको भए उसको ज्याला दोबर भईसक्थ्यो या फेरी ऊ ठेकेदार भइसक्थ्यो ।



तालिम सबै निर्माणकर्मीको लागि एकदम जरुरी कुरा हो। हामी केही डकर्मीहरुले मात्र तालिम लिएर सबै घर बलियो बन्न सक्दैन । हामीले तालिम अनुसार काम गरे पनि तालिम नलिएकाहरुले उहि हामीले पहिले बनाईरहे जसरी नै घर बनाउने हो त्यसैले कि सबैलाई तालिम दिनुपर्यो कि तालिम लिएकाले मात्र काम गर्ने व्यवस्था हुनुपर्यो । होइन भने बलियो घर सँगसँगै कमजोर घर पनि बनि नै रहनेछन्।

# सचेतना, अध्ययन र कार्यान्वयनको लागि प्रबलीकरण नमुना कार्य

मध्यपश्चिम विश्वविधालय भवनको प्रबलीकरण कार्यले सुरक्षित भवन निर्माणमा सहयोग पुऱ्याउने



प्रबलीकरण पहिले



प्रबलीकरण भईरहँदा



प्रबलीकरण पश्चात


## सारांश

नेपाल जस्तो बारम्बार ठुलासाना भूकम्प गइरहने ठाँउमा भूकम्पबाट हुने जनधनको क्षतिलाई कम गर्न नयाँ मात्र नभई पुराना घरहरुलाई पनि बलियो बनाउन आवश्यक छ । प्रबलीकरण प्रविधिको आवश्यकता महशुस गरी मध्यपश्चिम विश्वविधालयले गरेको नमुना प्रबलीकरण कार्य धेरैको लागि ज्ञान, अध्ययन, अनुसन्धान र सिकाईको केन्द्र बनेको छ ।

यो नमुना प्रबलीकरण कार्यको मुख्य उद्देश्य बनिसकेका संरचनाहरुलाई भूकम्प प्रतिरोधात्मक बनाउन सकिन्छ र यो धेरै खर्चिलो छैन भनेर समुदायलाई नमुनाको रुपमा देखाउनु रहेको छ । साथै निर्माणकर्मी तथा पाविधिकहरुलाई प्रबलीकरणको लागि आवश्यक ज्ञान सिप हस्तान्तरण गरी दक्ष बनाउनु र यस बिषयमा थप अध्ययन अनुसन्धानमा क्याम्पस स्तरका विधार्थीहरुको सहभागीता बढाउनु हो ।

फोकल समुह छलफल, अन्तरवार्ता, अनुगमन र व्यक्तिगत मुल्यांकनको आधारमा यो लेख तयार पारिएको हो । प्रबलीकरण कार्यमा प्रत्यक्ष संलग्न डकर्मी, प्राविधिक, क्याम्पस प्रतिनिधि र अन्यसरोकारवालाहरुसँग प्रत्यक्ष कुराकानी र अन्तरवार्ता गरिएको थियो ।

यस लेखमा प्रबलीकरण दौरानमा भएका अभिमुखीकरण, तालिम, सर्वेक्षण, संस्थागतकरण लगायतका विभिन्न गतिविधिहरुबारे छलफल गर्नेछ । यस प्रबलीकरण नमुना कार्यको प्रभाव, नतिजा साथै समस्या तथा चुनौतीहरु कसरी समाधान गरियो र भविष्यमा प्रबलीकरणबारे आमसमुदायलाई बुझाउन अथवा थप अध्ययनको लागि यस नमुना कार्यलाई कसरी प्रयोगमा ल्याउन सकिन्छ भन्ने बारेमा केही सुझाव प्रस्तुत गर्नेछ ।


## परिचय

विरेन्द्रनगर नगरपालिका, सुर्खेत, कर्णाली प्रदेशले नगरपालिकामा पछिल्लो समयमा बढ्दो शहरीकरण तथा बसाई सरी आउनेको चाप बढ्दै गएकोले नयाँ बन्ने घरहरुको सुरक्षित निर्माणको लागि मिति २०७१ सालदेखि भवन संहिता कार्यान्वयन गर्यो । त्यसको निम्ति आवश्यक सचेतना, क्षमता अभिवृद्धि र संस्थागत क्षमता विकासका लागि प्राविधिक सहयोग एनसेट नेपाल अन्तर्गत भवन संहिता कार्यान्वयन कार्यक्रम र दरो घर दिगो बस्ती कार्यक्रमबाट भइरहेको थियो । एनसेट नेपालले विगत ७ बर्षदेखि नेपालका विभिन्न ५० वटा नगरपालिकाहरुमा भवन संहिताको प्रभावकारी कार्यान्वयनको लागि प्राविधिक सहायता उपलब्ध गराउँदै आईरहेको छ । जस अन्तर्गत विरेन्द्र नगरपालिकामा सचेतना, क्षमता अभिवृद्धि र संस्थागतकरणमा काम भएका छन् । एनसेट नेपालले भूकम्पीय सुरक्षित समुदाय निर्माणको लागि विगत २५ बर्षदेखि केन्द्रिय तथा स्थानीय नेपाल सरकार, गैरसरकारी संघसंस्था, शैक्षिक संघसंस्था र समुदायसँग हातेमालौ गर्दै काम गरिरहेको छ ।

नयाँ बन्ने घरहरुलाई भूकम्पीय सुरक्षित बनाउन विरेन्द्रनगर नगरपालिकासँग सहकार्य भई नै रहेको थियो । नयाँ घरहरुमा मात्र पुराना घरहरुलाई पनि बलियो बनाउन आवश्यक छ र यसको लागि प्रबलीकरण प्रविधि छ भन्ने कुराको सचेतना फैलाउन जरुरी थियो । साथै नगरपालिकाका प्राविधिकहरु र परामर्शदाताहरुलाई पनि प्रबलीकरणको लागि तालिम दिएर दक्ष बनाउन र समुदायलाई प्रबलीकरणबारे बुझाउन पनि उतिकै महत्वपुर्ण थियो । यी सबै समस्यालाई हल गर्नको लागि नमुना तथा अध्ययन कार्यको रुपमा मध्यपश्चिम विश्वविधालयको एउटा भवन प्रबलीकरण गर्ने कुरामा नगरपालिका, विश्वविधालय र एनसेट नेपालको बीचमा लिखित सहमति भयो । सहमतिसँगै प्रबलीकरणको लागि आवश्यक आर्थिक, सामाजिक, संस्थागत र प्राविधिक सहकार्यको शुरुवात भयो ।

नमुना प्रबलीकरण कार्यको रुपमा विश्वविधालयको २ तले पुस्तकालय भवनको प्रबलीकरण भयो । प्रबलीकरणमा लागत, कामदार तथा मार्गनिर्देशन र प्राविधिक सहयोगमा क्रमश: विश्वविधालय, नगरपालिका र एनसेटको भुमिका रहेको छ ।

## नतिजा

- सहकार्य: यस प्रबलीकरण कार्यमा विश्वविद्यालय, नगरपालिका र एनसेटको प्रत्यक्ष संग्लनता र साझेदारी रहेको छ । विरेन्द्रनगरमा पहिले नै केहि विद्यालय भवनहरुको प्रबलीकरण भइसकेको भएता पनि त्यसबाट भवन आफैमा बलियो भएको तर यस प्रविधिको बारेमा समुदायलाई थाहा हुन नसकेको अवस्था थियो । प्रबलीकरणबारे मानिसहरुलाई बुझाउन, यस प्रविधिको प्रयोग गरी पुराना घरहरु बलियो बनुन् भन्ने उद्देश्य पुर्तीको लागि यी तिन पक्षहरु बीच लिखित सहमति भएको थियो ।
- सचेतना: प्रबलीकरण प्रविधिलाई व्यवहारीक रुपमा नै उतार्न सकिन्छ । यस प्रविधिद्धारा पहिले नै बनिसकेको पुराना तथा कमजोरघरहरुलाई भूकम्पीय सुरक्षित बनाउन सकिन्छ भन्ने बारेमा नगरपालिका र विश्वविद्यालयका उच्चपदाधिकारी, कर्मचारी, प्राविधिकहरुलाई अभिमुखीकरण कार्यक्रम गरिएको थियो । प्रबलीकरणको आवश्यकता, महत्व र कार्यान्वयन सम्बन्धी पटकपटकको छलफल र अन्तरक्रियाबाट नै मध्यपश्चिम विश्वविद्यालयएको भवनमा नमुना प्रबलीकरण कार्य गर्ने कुरा निष्कर्षमा पुगेको थियो ।
- प्राविधिकहरुको क्षमता अभिवृद्धि: प्रबलीकरण कार्य अवधिमा ३२ जना प्राविधिक (ईन्जिनियर, सब ईन्जिनियर, स्ट्रक्चरल ईन्जिनियर र परामर्शदाता)हरुलाई २ वटा फरकफरक तालिमले प्रबलीकरणको लागि दक्ष बनाएको छ । पहिलो तालिममा उनिहरुलाई बनिसकेको भवनको भूकम्पीय जोखिमको लेखाजोखा गर्न सिकाएको थियो भने दोश्रो तालिमले विभिन्न प्रकारका घरमा प्रबलीकरण गर्न आवश्यक तयारी, विवरण र प्रविधिको बारेमा सिकाईएको थियो । यस अर्थमा अबका दिनहरुमा घोराही र विरेन्द्रनगरक्षेत्रमा कुनै पनि प्रबलीकरण कार्य गर्न परे स्थानीय तालिमप्राप्त प्राविाधिकहरु उपलब्ध हुनेछन् ।
- निर्माणकर्मीहरुको क्षमता अभिवृद्धि: २४ जना स्थानीय निर्माणकर्मीहरुले विश्वविद्यालयको उक्त २ तले भवन प्रबलीकरण गर्ने दौरानमा काम गर्दै सिक्दै गर्ने मौका पाए । उनिहरुले अहिलेसम्म नयाँ घर मात्रै बनाउँदै आएकोमा पुरानो घरलाई पनि बलियो बनाउने प्रविधि सिकेका छन् । कसैको घर प्रबलीकरण गर्नपरेमा अब त्यसको लागि पनि उनिहरु योग्य भएका छन् ।



- इन्टर्नसीप: मध्यपश्चिम विश्वविद्यालयकै प्राविधिक शिक्षा (सिभिल इन्जिनियर) अध्ययनरत ९ जना विधार्थीहरुले ३ महिनाको इन्टर्नसिप प्रबलीकरणकै बिषयमा सम्पन्न गरेका छन् । प्रबलीकरण कार्य चलिरहँदा उनिहरुले प्रबलीकरणका प्रक्रिया र चरणहरुलाई नजिकबाट नियाल्ने मौका पाएका छन् । भविष्यमा उनिहरुले यसबाट प्राप्त ज्ञानलाई आफ्नो पेशामा समेत प्रयोग गर्न सक्नेछन् ।
- सर्वेक्षण: इन्टर्न गरिरहेकै विधार्थीहरुमध्ये केहि विधार्थीहरु भवन सम्बन्धी अन्य केहि सर्वेक्षणमा सर्वेक्षक र सहयोगीको रुपमा सहभागी भएका थिए ।
- भवनको प्रबलीकरण: यस प्रबलीकरण नमुना कार्यको मुख्य परिणाम भनेको नै योजना अनुसार विश्वविद्यालयको २ तले पुस्तकालय भवनको प्रबलीकरण हो । निर्धारित समयावधिभित्र यस भवनको प्रबलीकरण कार्य समाप्त भएको थियो । नगरपालिका, विधालय र एनसेटले आफ्नो जिम्मेवारीमा परेको काम कर्तब्य इमान्दारीताकासाथ गरेको कारण यस कार्य सफलतापुर्वक सम्पन्न भएको छ । यस भवनको प्रबलीकरण कार्य सफलता, प्रबलीकरणको एक राम्रो उदाहरण हो । यहि भवनको उदाहरण दिएर धेरै मानिसलाई प्रबलीकरणको बारेमा बुझाउन सजिलो हुने सरोकारवालाहरुको अपेक्षा छ ।



**प्रबलीकरण अघि र पछि पुस्तकालय भवनको भूकम्पीय प्रतिकार्य क्षमता**

| भूकम्पको हल्लाईको तिब्रता | ८ | ९ |
|---|---|---|
| प्रबलीकरण अघि भवनको प्रतिकार्य क्षमता | क्षति स्तर ३ | क्षति स्तर ४ |
| प्रबलीकरण पछि भवनको प्रतिकार्य क्षमता | क्षति स्तर २ | क्षति स्तर ३ |

# प्रबलीकरण बारे सरोकारवालाहरुको अनुभव

### अनन्तराज घिमिरे, सह प्राध्यापक, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, इन्जिनियरिङ संकाय

प्रबलीकरण प्रविधि बारे सबैमा ज्ञान बाड्नु यस नमुना कार्यको एक मुख्य उद्देश्य हो। विरेन्द्रनगर नगरपालिकाको पनि नगरभित्र भवन संहिता अनुरुप भुकम्प प्रतिरोधी संरचनाहरु मात्र निर्माण होस भन्ने छ। यस प्रयासमा एनसेट नेपालले प्राविधिक सहयोग गरेर हाम्रो प्रयासलाई वास्तविक तुल्याउन सघाएको छ।

अब हामी भोलिका दिनमा आवासीय स्तरका पुराना घरहरुलाई बाहिरी सहयोग बिना पनि प्रबलीकरण गर्न सक्नेगरी अगाडि बढ्नेछौं। यसका लागि हामीसँग अब दक्ष जनशक्तिहरु उत्पादन भइसकेका छन्।

### तिलक खाम्चा मगर, डकर्मी, वीरेन्द्रनगर नगरपालिका, १२ चनौटे

डकर्मी पेशामा लागेको १५ बर्ष भयो तर कुनै तालिम लिएको थिइन। काम गर्दै सिक्दै गरेर यहाँसम्म आई पुगियो। अहिले आएर यो नमूना प्रबलीकरणको काममा सिक्दै काम गर्दै गरेर तालिमप्राप्त भएको छु। कहिल्यै नाम समेत सुनेको थिइन मैले प्रबलीकरणको बारेमा। तर आफैले तालिम लिने मौका पाएँ। म यहि पेशा गरेर परिवारको खर्च धानिरहेको मान्छे, अब यस तालिमपश्चात मलाई अझै राम्रो काम गरेर देखाउने, सबैको विश्वास जित्ने र मेरो आम्दानीमा समेत बढावा हुने आशा गरेको छ।



पहिले पनि मैले नयाँ घर बनाउने तालिम  लिने अवसर पाएको थिएँ तर त्यतीबेला मलाई तालिमको महत्व थाहा नभएकोले लिन आवश्यक ठानिन। तर यसपटक भने म यो मौका गुमाउन चाहान्न थिएँ। त्यसैले तालिममा सहभागी भए र यहि तालिमले मलाई अन्य डकर्मीभन्दा पृथक बनायो। मैले पुरानो घरलाई बलियो बनाउने तालिम लिएँ यहि नै मेरो विशेषता हो। प्रबलीकण गरेर कमजोर घरलाई पनि बलियो बनाउन सकिन्छ  भन्ने कुरा थाहा भयो, सिप सिकियो। अब यहि तालिमको भरमा काम गर्न सकिन्छ भन्ने आत्मविश्वास बढेको छ।

### विशाल अधिकारी, सिभिल इन्जिनियर तथा प्रविधिक साखा प्रमुख, वीरेन्द्रनगर नगरपालिका

यस नगरमा भवन संहिता लागु भएको ४ वर्ष भयो। नयाँ बन्ने पिलरवाला घरहरु नक्सापास प्रक्रिया अन्तर्गत बन्ने हुनाले भूकम्पीय सुरक्षित बनेका छन् भन्न सकिन्छ तर नक्सापास प्रक्रियामा नआईकन र पहिले नै बनिसकेका पुराना घरहरुको सुरक्षा बारेमा पनि काम गर्नु छ। यसै शिलशिलामा हामीले पुराना घरहरुलाई लक्षित गरी प्रबलीकरणको नमुना कार्य गरेका हौं।

भवन संहिता लागु गर्ने प्रमुख दायित्व नगरपालिकाको भएता पनि सबैको साथ र सहयोग बिना संभव छैन। २०७२ को गोर्खा भूकम्प पश्चात यहाँको मध्यपश्चिम विश्वविद्यालयले पनि सुरक्षित भवन निर्माणमा काम गर्न थालेको छ। नगरपालिकाको बजेट, विश्वविधालयको सामग्री र एनसेट नेपालको प्राविधिक सहकार्यमा हामीले एउटा भवन प्रबलीकरण गरेका छौं। यसै कार्यसँग हाम्रो प्रबलीकरणको सचेतना अभियान कार्य शुरु भइसकेको छ।

प्रवलीकरणको डिजाइनका लागि नगरपालिका प्राविधिक र परामर्शदाताहरुले तालिम लिएका छन्। त्यस्तै ठेकेदार र डकर्मीहरुले पनि प्रबलीकरणको तालिम लिएका छन् यसको लागि हरेक वडाबाट प्रतिनिध्व हुनेगरी डकर्मीहरुलाई सहभागी गराइएको छ। यो एउटा कार्यबाट धेरैले सीप सिके र उक्त सीपको प्रयोगबाट पुराना घरहरु प्रबलीकरण हुनेछन् भन्ने हाम्रो लक्ष्य हो।

### निराजन अधिकारी, प्राविधिक परामर्शदाता, वीरेन्द्रनगर, सुर्खेत

तालिम लिनु भन्दा पहिला कुनै पनि घर सुरक्षित छ वा छैन भन्ने विषयमा जानकारी थिएन। तर अहिले तालिम लिइसकेपछि कुन घर भुकम्प प्रतिरोधी छ कतिको सुरक्षित छ ? प्रवलीकरण गरेर घरमा बस्न सकिन्छ या सकिँदैन भन्ने विषयमा जानकारी पाएँ।

यसको बारेमा प्राविधिकलाई समेत जानकारी नभएको अबस्थामा हामीलाई समेत सिक्न सक्ने अबसर दिएको छ। सानो रकम खर्च गरेर घरलाई मजबुत बनाएर सुरक्षित घरमा बस्न सकिन्छ भन्ने एउटा उदाहरण पनि हो। यसबारे सामान्य जानकारी लिएका छु। सिकाइ अनुसार कामगर्न सकिन्छ फिल्डमा गएर गर्नु परेमा पनि गर्न सकिन्छ। सानो स्केलमा त अहिलेकै ज्ञानले पनि यसलाई कार्यान्वयन गर्न सकिन्छ। यो विषयलाई पाठ्यक्रममा समावेश गरेरै लैजानु पर्ने एकदमै आवश्यक देखियो। नेपालमा त झनै आवश्यक छ। हाम्रो प्रदेशलाई भुकम्पीय दृष्टिकोणले पनि जोखिम भएकाले पनि आवश्यक छ।

**डा. मस्त बहादुर गरञ्जा, निमित्त उपकुलपति, मध्यपश्चिम विश्वविद्यालय**

भूकम्पीय प्रकोपबाट सुरक्षित हुन प्रबलीकरण पद्दतीको विस्तार गर्नु आवश्यक छ। यसलाई व्यापक रुपमा फैलाउन सके पुराना तथा कमजोर घरहरुलाई बलियो बनाउन सकिन्छ । घर बलियो बने जनधनको क्षति कम गर्न सकिन्छ। जोखिम कम गर्न र यस बिषयमा इन्जिनियरिङ संकायका विधार्थीहरुलाई खोज अध्ययन अध्यापन गर्न गराउन यो नमुना कार्यले सहयोग पुग्नेछ भन्ने हामीले सोचेका छौं। भविष्यमा यसबारे थप अध्ययन अनुसन्धानको लागि हामी आवश्यक पुर्वाधारहरुको व्यवस्थापन समेत गर्नेछौं। यस कार्यलाई यतिमा मात्र सिमित हुन नदिने हाम्रो प्रयास रहनेछ । यो प्रविधिबारे अन्य छिमेकी स्थानहरुमा समेत यसको माग हुने देखिन्छ।

**विरेन्द्र खड्का, सहायक डीन, इन्जिनियरिङ संकाय मध्यपश्चिम विश्वविद्यालय**



२०७२ बैशाख १२ को भूकम्पले प्रत्यक्ष असर गरेका १४ जिल्लाहरुमा सुरक्षित निर्माणका बिषयमा व्यापक मात्रामा भूकम्पीय सचेतना र ज्ञान तथा प्रविधि पुगेको छ। तर ति बाहेकका जिल्लाहरुमा पनि यसको बारे ज्ञान प्रबर्द्धन गर्न अति आवश्यक छ। बिशेष गरि यो कर्णाली प्रदेश भौगोलिक रुपमा पनि विकट छ र भूकम्पीय रुपमा अत्याधिक जोखिममा पनि छ। यहाँ ठूला आरसीसी भवनहरु नभएको र धेरै जस्था स्थानीय प्रविधिमा निर्माण भएका सामान्य गारोवाला घरहरु रहेका छन् । त्यसैले ती संरचनाहरुलाई प्रवलीकरण गर्नुपर्छ भनेर एउटा सन्देश दिनुपनि आवश्यक थियो । विश्वविद्यालयको एउटा भवनलाई प्रवलीकरण गरिएको कुरा समान्य नमूना भएता पनि समग्र कर्णाली प्रदेशका लागि यो एउटा सिकाइ केन्द्रको रुपमा विकास गर्न सकिन्छ। पश्चिम नेपालमा लामो समयदेखि भूकम्प नगएको हुनाले यो क्षेत्र अत्यन्तै जोखिमपुर्ण भनिएको छ । कुनैपनि वेला यहाँ भुक्म्प जान सक्ने आँकलन गरिएको छ। त्यसैगरी यहाँ सबै ठाउँमा भवन संहिता लागु भएका छैनन भएको ठाउँमा पनि भर्खर भर्खर मात्र शुरु भएको छ । पुराना र कमजोर भवन संरचना अत्याधिक छन्। त्यसलाई प्रबलीकरण मार्फत सबल बनाउनु पर्ने आवश्यकता छ । भूकम्पीय विपद् सम्बन्धी खोज अनुसनधानकर्ताहरको केन्द्र अहिले यही क्षेत्र भएको छ।

त्यसैले विश्वविद्यालय भएको हुनाले पनि थप जिम्मेवार बन्नुपर्ने आवश्यकता महशुस भएको छ । अहिले जुन भवनलाई प्रवलीकरण गरिएको छ त्यसलाई एउटा अनुसन्धान केन्द्रको रुपमा विकास गरेर लैजाने कि भन्ने पनि विचार आएको छ। अहिले एमएस्सी इन स्ट्रकचरल इन्जिनियरिंगमा अध्ययापन शुरु भएकोले प्रबलीकरणको बिषयमा थप अध्ययन, अनुसन्धानलाई यस नमुनाकार्यले टेवा पुर्याउनेछ।

**देव कुमार सुवेदी, मेयर, विरेन्द्रनगर नगरपालिका**



हामी उच्चपदभारमा रहने भएता पनि अप्राविधिक र फरक परिवेशबाट आएको हुनाले भवन संहिता जस्ता कुराहरुमा जानकारी थिएन । तर यो कुरा हामीहरुले पनि बुझ्नै पर्ने रहेछ । किनभने निर्णय गर्ने कार्यान्वयन गर्ने जस्ता कुरामा हामी उच्चपदमा रहेका अधिकारीहरुको ठुलो भुमिका रहन्छ। त्यसैले मैले भवन संहिता, नक्सापास प्रक्रियाबारे बुझ्न विभिन्न तालिम, गोष्ठी, छलफल र अन्तरक्रियाहरुमा सहभागी भए। मैले पनि यि सबै कुराहरुको महत्व थाहा पाएँ । भवन संहिता लागु गर्नु भनेको हाम्रो समाजमा बनिरहेका घरहरुलाई भूकम्प थेग्ने बनाउनु हो । यसको लागि हामी निरन्तर काम गरिरहेका छौं। नयाँ घरका लागि मात्रै नभएर पुराना घरहरुलाई पनि बलियो बनाउन हामी उतिकै अग्रसर छौं भन्ने कुरा मध्यपश्चिम विधालयको भवन प्रबलीकरणमा नगरपालिकाको संग्लनताले देखाउँछ । प्रबलीकरणको लागि दक्ष जनशक्ति उत्पादन भएको छ। हामी अब अन्य भवनहरु पनि प्रबलीकरण गर्न सक्ने भएका छौं । यो एक शुरुवात हो यसलाई निरन्तरता दिन जरुरी छ । यसमा हामीलाई अन्य सरोकारवाला र समुदायको सहयोग आवश्यक छ।

## निष्कर्ष

समुदायका मानिसहरुलाई प्रबलीकरण कार्यको बारेमा बुझाउनको लागि गरिएको नमुना प्रबलीकरण कार्य तोकिएको समयमा नै सम्पन्न भएको छ। मध्यपश्चिम विश्व विधालयको २ तले गारोवाला पुस्तकालय भवनको प्रबलीकरण गरिएको हो। यस प्रबलीकरण कार्यको दौरानमा ३२ जना प्राविधिक र २४ जना डकर्मीहरु तालिम प्राप्त गरी प्रबलीकरणको लागि दक्ष भएका छन् । शैक्षिक संस्था मध्यपश्चिम विश्वविधालय, स्थानीय सरकार नगरपालिका

र गैरसरकारी संस्था एनसेट नेपालको साझेँदारीमा शुरु गरिएको यस नमुना परियोजनाले कुनै एक संस्थाले भन्दा धेरै संस्था मिलेर काम गर्दा जिम्मेवारी, खबरदारी र समझदारीले गर्दा सहकार्य गर्न सजिलो भएको अनुभव तिनै पक्षमा छ ।

पटकपटकको छलफल र अन्रक्रियामा सहभागी हुँदा यस बिषयमा थाहा पाउनुपर्ने तर थाहा पाउने अवसर नपाएका नगरपालिका प्रतिनिधिहरु, सामाजिक अगुवाहरुले प्रबलीकरणको प्रक्रिया र महत्व बुझेका छन् । सोही विश्वविधालयका ९ जना प्राविधिक विधार्थीहरुले यसै बिषयमा आफ्नो ईन्टर्नसिप समेत गरेका छन् । आगामि दिनहरुमा अरु विधार्थीहरुले यहि बिषयमा आफ्नो थेसीस तयार गर्ने देखि थप अध्ययन अनुसन्धान समेत गर्न सक्ने छन् । यो नमुना प्रबलीकरण गरिएको भवनलाई नै प्रबलीकरणबारे बुझ्ने सिकाइ केन्द्रको रुपमा प्रयोग गर्न सकिने कुरा नगरपालिका प्रमुख र विश्वविधालय सहायक डिनले बताउनुभएको छ ।

यो विरेन्द्रनगर नगरपालिकामा पहिलो प्रबलीकरण कार्य हो । अब बिस्तारै समुदायमा समेत यस प्रविधि बारे बुझ्ने र आफ्नो घर प्रबलीकरण गर्न चाहानेहरुको संख्या बढ्दै जानेछ भन्ने कुरामा विश्वास गर्न सकिन्छ । समुदायलाई कुनै पनि कुरा नबुझाई नदेखाई एकैपट कार्यान्वयन गर्दा उक्त कुरामा सफल हुन गारो हुने, लामो समय लाग्ने भएकोले पहिला बुझाएर मात्र प्रबलीकरण कार्यान्वयनमा ल्याउने, वीरेन्द्रनगर नगरपालिका र मध्यपश्चिम विश्वविधालयको यो कदम सरहानिय छ ।

# सुरक्षित घर निर्माणमा कावासोती नगरपालिकाको सार्थक प्रयत्न

पेशाले आर्किटेक्ट, बास्तुविद पवन रुपाखेतीले कावासोती नगरपालिकामा २०७३ सालमा जागिर शुरु गर्नुभयो । त्यतीवेला २०७२ साल बैशाख १२ मा गएको बिनासकारी गोरखा भूकम्पबाट नेपाल तँग्रिने कोशिसमा थियो । भर्खरै भूकम्प गएको भूकम्पले निम्त्याएको भयावह असर इन्जिनियर रुपाखेतीको मन र मानसपटलमा ताजै थियो । त्यतीवेला नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरु पनि थिएनन् र कर्मचारीबाटै नगरपालिकाका सम्पुर्ण कार्यहरु चलिरहेको थियो । नगरपालिका पनि भर्खरै घोषणा भएको नगरपालिका थियो । धेरै कुराहरु व्यवस्थित गर्नु पर्ने थियो । घर निर्माणमा भवन मापदण्ड बिपरितका कामहरु भईरहेका थिए । घरधनीहरुमा नक्सापास नगरी घर बनाउने र घर बनाउँदा मापदण्ड अनुसार जग्गा नछोडने प्रवृत्ति थियो । नगरपालिकाले ९x१२ इन्च पिलरको डिजाइन भएका घरलाई पनि अनुमति दिने गर्दथ्यो । नयाँ घरलाई पनि पुरानो घर भन्दै अभिलेखमा राख्ने चलन थियो ।

एकातिर भूकम्पले निम्त्याएको व्यापक क्षतिको अवस्था त ताजै थियो भने अर्कोतिर यो भयावह अवस्थालाई मध्यनजर राख्दै इन्जिनियर रुपाखेतीलाई केही गर्नुपर्छ भन्ने सोच आयो । उहाँ लगायतको प्राविधिक टिम नगरपालिका आएपछि भवन संहिताको कार्यान्वयनका कामहरु शुरु भए । कम्तीमा ६ मिटरको बाटो हुनुपर्छ भनेर नगरपरिषदबाट निर्णय गराइयो । यसबाहेक मापदण्ड नपुगेका घरलाई ईजाजत दिए पनि निर्माण सम्पन्नताको प्रमाणपत्र नदिने र ३ तलासम्मको घरमा १२ x १२ इन्चको पिलर हुनुपर्ने र त्यस्ता घरले मात्र अनुमति पाउने भन्ने निर्णय गरियो । त्यसपछि यहाँका परामर्शदातासँग बसेर भवन प्रतिरोधी नक्सा बनाउने बारेमा पनि छलफल भयो र आधिकारिक रुपमा भवन संहिता कार्यान्वन गर्ने काम यस नगरपालिकामा आरम्भ भयो ।

२०७२ साल बैशाख १२ को भूकम्पले नेपालमा व्यापक क्षति पुराएको अनुभवबाट पाठ सिकेर नेपाल सरकारले २०६० सालमा जारी गरेको भवन संहितामा थप सुधार गरी प्रभावकारी रुपमा लागू गर्ने निर्णय गरे सँगै कावासोती नगरपालिकाले पनि नगर क्षेत्रमा भवन संहिताको पालना गरेर घर निर्माण अनुमति दिने पद्धति शुरु गरेको थियो । हुन त नगरपालिको घोषणासँगै नक्सापास प्रणालीको शुरुवात भएको हो । तर शुरुवातमा आवश्यक जनशक्तिको अभाव र निर्वाचित पदाधिकारी नहुँदा प्रभावकारी रुपमा यसको कार्यान्वयन हुन पाएन । थोरै घरहरुमात्र नक्शापास प्रणालीमा समाहित भए । बिगत लामो समय देखि यस क्षेत्रमा ठेकेदारको काम गरिरहेका सिकन्दर साह भन्छन्, “चार पाँच बर्ष अघिसम्म हामिले घरधनीले भने अनुसार नै घर बनाउने गर्थ्यौं । नगरपालिकाले अहिले जस्तो कडाइ गरेको थिएन ।”



कावासोती नगरपालिका गण्डकी प्रदेश अन्तर्गत पूर्वी नवलपरासी जिल्लाको सदरमुकाम हो । बिं.सं. २०७१ सालमा साविकका कावासोती गाउँ विकास समिति, शिवमन्दिर गाउँ विकास समिति, अग्यौली गाउँ विकास समिति र पिथौली

गाउँ विकास समिति मिलेर यो नगरपालिका बनेको हो । नगरपालिकाको प्रक्षेपण अनुसार यस नगरपालिका क्षेत्रमा १४,१०४ घरधुरीहरु रहेका छन् । जम्मा १७ वडाहरु रहेको यस नगरपालिकाको कूल जनसंख्या ६२,४२१ रहेको छ ।

देशका नयाँ नगरपालिकाहरु मध्ये कावासोती नगरपालिका एक तिव्र रुपमा शहरीकरण भइरहेको नगरपालिका हो । यो पूर्व पश्चिम राजमार्गको दायाँ बायाँ पर्छ । जिल्लाको सदरमुकाम समेत भएकाले घर निर्माण र वस्ती विस्तारको दर पनि तिव्र रुपमा भइरहेको छ । २०७२ सालको भुकम्प पछि शुरु गरिएको भवन संहिता कार्यानवयनको अभियानको परिणाम अहिले देखिन थालेको छ । नगरपालिकाका प्रविधिक शाखा प्रमुख इन्जिनियर पवन रुपाखेतीका अनुसार पहिले बर्षको केवल ९० को हाराहारीमा मात्र घरको नक्सा पास हुनेगरेको र अधिकांश घरहरु नक्शापास विनानै बन्ने गरेका थिए । तर अहिले आएर हरेक बर्ष ४०० घरहरुको नक्सापास हुने गरेको छ । पहिले घर बनाएर मात्र मानिसहरु नक्सा पास गर्न आउने गरेकोमा अहिले अधिकांसले नक्सा पास गरेर मात्र घर बनाउने गरेको रुपाखेती बताउनुहुन्छ । अहिले यहाँ लगभग ९५ प्रतिशत घरहरु मापदण्ड अनुरुप बन्ने गरेका र ५ प्रतिशत भित्र कोही कोहि व्यक्तिहरु छन जो अझै पनि अटेरी गरिरहेका छन् । तर यो पनि अव पक्कै चाडै समाधान हुने इन्जिनियर रुपाखेतीको विश्वास छ ।

तर यो परिवर्तन रातारात भएको होइन । यसका लागि नगरपालिकाका प्राविधिक, जननिर्वाचित पदाधिकारीहरु तथा भवन संहिता कार्यानवयनमा सघाउने संघसंस्थाहरुको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहेको छ । इन्जिनियर रुपाखेतीका अनुसार यस नगरपालिकामा भवन संहिता लागू गर्न नेपालमा २०७२ को भुकम्प जाँदा भएको क्षती र चिलीको भुकम्पमा भएको क्षति अन्तरले नगरपालिकाको प्राविधिक टोलीलाई पाठ सिकायो । जिल्लाको सदरमुकाम पनि भएकोले कावासोती नगरपालिका अहिले देखि नै सचेत हुनुपर्छ भनेर काम गरिएको थियो । रुपाखेतीका अनुसार यस नगर क्षेत्रमा भित्री बाटोमा कम्तीमा ६ मिटरको बाटो हुनुपर्छ भनेर नगरपालिका अगाडि बढेको छ ।

समुदायले धेरै कुराहरु थाह पाइसकेका हुनाले पहिलाको तुलनामा जनमानसमा बुझाउन अहिले सहज भएको छ ।

“नगरपालिकाको प्रविधिकको रुपमा म यहाँ आएपछि हामिले यस नगरपालिकामा नक्सापास प्रक्रियालाई प्रचारप्रसार गर्न सक्रिय रह्यौं। हामिले टोल बिकासका प्रतिनिधिहरु सँग पनि सहकार्य गर्‍यौं । स्थानीय चुनाव भएपछि जनप्रतिनिधिहरु आउनुभयो र नगरपालिकाका राजनीतिक नेतृत्व सँग छलफल गरेर अगाडि बढ्यौं। भुकम्प प्रविधि राष्ट्रिय समाज नेपाल सँग प्रविधिक सहयोगका लागि सहकार्य गरेर अगाडि बढ्यौं । वडा वडामा बिभिन्न तालिमहरु दियौं । यसमा नगरप्रमुख र अन्य जनप्रतिनिधिको धेरै ठूलो सहयोग छ ।”

तिव्ररुपमा विकास हुँदै गरेको नगरपालिका भएपनि भवन संहिताको प्रभावकारी कार्यान्वयन गर्न प्राविधिक लगायत निर्माण सँग सम्बद्ध सरोकारवालाहरुमा ज्ञानको कमी रहेको अवस्थालाई मध्यनजर गर्दै भुकम्प प्रविधि राष्ट्रिय समाज नेपालले बि.सं. २०७३ देखि प्रविधिक सहयोग प्रदान गरेको थियो । उक्त सहकार्य अर्न्तगत ६० जना ठेकेदारहरु, २५ जना इन्जिनियरहरुलाई तालिम दिइयो भने बिभिन्न घरधनी अभिमुखीकरण कार्यक्रम पनि सञ्चाल गरिएको थियो । कुल ८ ओटा अभिमुखिकरण तालिमबाट २५० जनभन्दा धेरै घरधनीहरु लाभान्वित भएका थिए । भवन संहिता कार्यान्वयन गर्न सघाउने उद्देष्यले नगरपालिकाका इन्जिनियर तथा नगरक्षेत्रका परामर्शदाता इन्जिनियरहरुलाई तालिम दिइएको छ । एनसेटको प्रविधिक सहयोगपछि नगरपालिकामा नक्सा राम्रो बन्न थालको छ । सुरुवातमा नगरपालिका पनि नयाँ थियो । अवस्था नाजुक थियो । पछि प्राविधिकहरु आए । त्यतिबेला र अहिलेको परिवेश हेर्दा धेरै फरक छ । उत्साहजनक रुपमा काम भएका छन ।

अहिले यस नगरपालिकामा भवन मापदण्ड ०७२ लागु भएको छ । भवन मापदण्ड ०७२ लागूभए संगै योजनाबद्ध रुपमा भवन संहिता कार्यान्वयनको काम अगाडि बढीरहेको र नक्सा राम्रो बन्न थालेको नक्सा डिजाइनमा सम्बद्ध परामर्शदाता इन्जिनियर टंक भुषाल बताउनु हुन्छ । उहाँका अनुसार अहिले नक्शा लगायत धेरै कुरामा सुधार भएको छ । विभिन्न सरेकारवालाहरु पनि यस विषयमा सचेत भएका छन् । निर्माणकर्मीको सीपमा अभिबृद्धि भएको छ भने निर्माण गुणस्तरमा पनि धेरै सुधार आएको छ । घरका पिलरको आकार पनि मापदण्ड अनुरुप नै बन्ने गरेको छ । “मैले नक्सा डिजाइन सम्बन्धी बिभिन्न समयमा तालिमहरु लिएँ । एनसेट र कावासोती नगरपालिका मार्फत प्रदान गरिएको तालिममा समेत बसें । अहिले तालिममा सिकेका सबै कुरा फिल्डमा उतारेको छु । साथै भवन संहिता भित्र रहेर घरधनीहरुले भने अनुसार नक्सा बनाउदै आएको छु,” परामर्शदाता इन्जिनियर टंक भुषाल भन्नुहुन्छ ।

तर उहाँका अनुसार यहाँ चुनौती पनि नभएका होइन । ल्यापिङमा समस्या छ । रडहरुको एकै ठाउँबाट काट्ने र गाँस्ने चलन अझै हटेको छैन । कतिपय घरधनीले एक तलाको मात्र घर बनाउने हो भन्ने गरेको पाइन्छ । सकेसम्म उहाँहरुलाई बुझाएरै नियम अनुसार नै अगाडी बढेको र अरुलाई पनि यहि आग्रह गर्ने गरेको उहाँको भनाइ छ ।

तर अहिले भवन संहिताको अनुसार नै डकर्मीहरु निर्माणको काम गरिरहेको ठेकेदार सिकन्दर साहको भनाइ छ । ठेकेदारको पक्षबाट केही कमजोरी हुने गरेको स्वीकार्दै घर निर्माण गर्ने काम पनि समय अनुसार परिवर्तन भइरहेको उहाँको दाबी छ । “यस नगरपालिका मार्फत म लगायत धेरै डकर्मी तथा ठेकेदारहरुले भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी तालिम लिने मौका पायौं । तालिम अगाडि सम्म मलाइ पनि नक्सा र तालिमका कुरा जानकारी थिएन । तर तालिमपछि धेरै कुरा थाह पाएँ । सुरुमा त यो लागू गर्न झन्झटिलो हुन्छ जस्तो लाग्थ्यो । तर प्रक्रिया बुझ्दै जाँदा निकै सजिलो हुने रहेछ,” साह बताउनुहुन्छ ।

जनप्रतिनिधि आएको साढे दुई बर्षमा एनसेट संग साझेदारी गरेर ठेकदार, इन्जिनिएरलाई तालिम प्रदान गरिएको छ ।

ठेकेदार र इन्जिनियरलाई मात्र होईन घरधनीलाई पनि तालिम र अभिमुखिकरणको काम सञ्चालन भएको छ। जनचेतनामा पनि अभिबृद्धि भएको छ । अहिले कावासोतीमा जनचेतना जागेको छ । कावासोतीमा नयाँ र सुरक्षित घर बनाउनेको संख्या पनि बढेको छ । यसले पनि भवन संहिताको कर्यान्वयनमा वढि प्रभावकारिता देखिएको छ। भवन संहिता कार्यान्वयन गर्न नगरपालिकाले कार्यबिधि नै बनाएर अगाडि बढेका छ।

“राज्य संरचना र कर्मचारी समायोजन लगायतका कामहरुले गर्दा हाल देशैभरिका नगरपालिकामा प्राविधिक जनशक्ति अभाव छ। अव नयाँ कर्मचारीको व्यवस्था भएपछि हामी ति कर्मचारीहरुको तालिम तथा सीप अभिबृद्धि गरी भवन संहिताको प्रभावकारी कार्यान्वयनमा लैजाने नगरपालिकाको योजना छ। देशमा अहिले तिन तहको सरकार छ। भवन संहिताको कार्यान्वयनमा सबै तहका सरकारको योगदान हुने भएकाले नगरपालिकाले पनि दक्ष जनशक्ति उत्पादन गर्नपर्छ भन्ने पक्षमा छौ । विस्तारै त्यो काम पनि हुन्छ। जनचेतना अभिबृद्धि गर्न संचारमाध्यमसंग सहकार्य गर्नेछौं । साथै अन्य संघसंस्थाहरु सँग पनि सहकार्य गरेर अघि बढनेछौं । भवन निर्माण कार्यबिधि २०७५ भनेर हामिले पारित गरेका छौ । त्यसमा कसले के गर्ने भनेर सबैको कार्यहरु स्पष्ट उल्लेख छन्," कावासोती नगरपाालिका कि प्रमुख चन्द्रकुमारी पुन बताउनुहुन्छ।

नगरपालिका आगामी दिनमा नक्सापास कार्यबिधि अनुसार दुईवटा किताव बनाउने योजनामा छ। जस अनुसार एउटा किताव घरधनीलाई दिइने छ भने अर्को नरपालिकामा राखिनेछ । साथै घरधनीलाई दिइने तालिमलाई पनि निरन्तरता दिन योजना नगरपालिकाको छ। ठेकेदार घरधनी र नगरपालिका बीच सम्झौता भएर मात्र नक्सापास गर्ने र त्यसका लागि लाईसेन्स तत्काल दिने योजना छ । त्यसबाहेकका ठेकेदार, डकर्मीलाई तालिम दिने र नगरपालिकामा सुचीकृत गर्ने पनि योजना छ । “नगरपालिकाले बनाएको नयाँ कार्यबिधिलाई कार्यान्वयनको चरणमा लगेर भवन संहिताको प्रभावकारी कार्यान्वयन गर्ने रणनीतिमा छौं। यो कार्यबिधि हाम्रो कार्यकालमा मात्र नभएर सधैका लागि हुनेछ," नगरपालिका प्रमुख पुन बताउनुहुन्छ।



## प्रवलीकरणलाई संस्थागत गर्दै घोराही उपमहानगरपालिका

केही समय अघिसम्म सर्वसाधारणलाई मात्र होईन नगरपालिकाका पदाधिकारी र प्राविधिकहरुलाई समेत प्रवलीकरण भनेका थाहा थिएन। यसै बीच भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) को प्राविधिक सहयोगमा घोराही उपमहानगरपालिकाले यस क्षेत्रमानै पहिलोपटक एउटा घरमा भूकम्प प्रतिरोधी नमूना प्रवलीकरणको काम सम्पन्न गर्‍यो। यस सँगै छोटो समयभित्र प्रवलीकरण प्रविधि बारेमा नगरपालिका क्षेत्रभित्र प्रचार प्रसार र प्राविधिक दक्षता अभिबृद्धि गर्दै घोराही उपमहानगरपालिका यो प्रविधिलाई संस्थागत गर्ने बाटोमा लागेको छ।

नेपालमा घर तथा भवन संरचनाहरुलाई बलियो र भूकम्प प्रतिरोधी बनाउने अभियान व्यवस्थित रुपमा शुरुभएको धेरै लामो समय भएको छैन। भवन संहिता कानुनी रुपमा सबै नगरपालिकाहरमा लागू गर्ने घोषणा भएपनि प्राभावकारी रुपमा लागू भएका नगरपालिका अझै पनि थोरै संख्यामा छन्। घर भनेको दुईचार बर्षका लागि बनाउने संरचना होइन। एक पटक घर बनाएपछि हामी वर्षौसम्म अर्को घर बनाउने सोच्दैनौ । तर त्यस्ता घरहरु कमजोर वा विपद् प्रतिरोधी छैनन् भने त्यसले विपद्का वेला ठूलो जनधनको क्षति निम्त्याउँछ । खासगरी पुराना घरहरुलाई बिशेष प्राविधिको प्रयोग गरेर भूकम्प तथा अन्य खालका विपद्जन्य घटनाहरुसँग प्रतिरोधी बनाउने प्रविधि नै प्रबलीकरण हो।

घोराही नगरपालिकामा नक्सापास प्रणाली पहिल्यै स्थापित थियो र यहाँ त्यतीवेलाको पुरानो मापदण्ड अनुसार घर बन्ने गर्दथे। साथै नगरपालिकाले भवन निर्माणका लागि नियमित तथा अनुगमन गर्दै आएको थियो। तर नगरपालिकामा गाभिनु अघिका गाउँपालिकाहरुमा भने विना मापदण्डकै घरहरु बन्दै आएका थिए । अहिले नगरपालिाकाका वडाहरुमा समाहित भएपछि भने अहिलेको मापदण्ड अनुसारनै घरहरु बन्ने गरेका छन । तर भवन संहिता अनुसार नबनेका हुनाले त्यतिवेला बनेका घरहरुभने कमजोर भएपनि सबै घरहरुलाई एकपटक भत्काएर नयाँ बनाउने कुरा पनि भएन । त्यसैले त्यस्ता घरहरुलाई भूकम्पीय हिसावले बलियो बनाउने उद्देश्यले घोराही उपमहानगरपालिले प्रबलीकरण पद्दती शुरु गरेका हो।

यस अभियानमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल एनसेटको प्राविधिक सहयोग रहेको छ। एउटा घरको नमूना प्रबलीकरणको काम सफल रुपमा सम्पन्न भइसकेको छ भने

अन्य ५, ६ घरहरु यसको प्रक्रियामा छन् । उपमहानगरपालिकाले यसलाई संस्थागत गर्दै लैजाने योजना बनाएको प्राविधिक डिभिजन प्रमुख युवराज पौड्यालले बताउनु भयो । उहाँ अगाडि थप्नुहुन्छ, “यस नगरपालिकामा नयाँ बन्ने घरहरु त प्राविधिक जनशक्तिले भ्याएसम्म बलियो बनिरहेकै छ । तर २०७२ साल पछि घर बनाउने मापदण्डमा परिवर्तन गरी ९x९ इन्चको पिलरको ठाउँमा १२x१२ इन्चको बन्यो । त्यस्तै अन्य बिभिन्न तरिकाहरुमा समेत केही परिवर्तन भए । अब त्यस्ता पुराना मापदण्ड अनुसार बनेका नक्सापास प्रणलीमा आवद्ध नभएका तथा कमजोर घरहरुलाई भूकम्पीय हिसावले बलियो बनाउने वा पुरानो मापदण्ड अनुसार एक तला बनेका घरलाई तला थप्नेलाई सुविधा दिन यो प्रबलीकरणको आवाश्यकता महशुस भएको हो ।



घोराही उप-महानगरपालिकाका प्रमुख नरुलाल चौधरीका अनुसार उप-महानगरपालिकामा विगतमा केही घरहरु मापदण्ड पालना नगरी वा केही घरहरु पुरानो मापदण्डमा आधारित भएर घरहरु बनेका र ती घरहरुलाई अहिलेको मापदण्ड अनुसार कमजोर रहेको ठानेर कुनैपनि वेला आउन सक्ने विपदबाट जनधनको क्षति नहोस भन्ने उद्देश्यले पुराना घरहरुलाई बलियो बनाउन प्रवलीकरण प्रविधिलाई यस नगरमा शुरु गरिएको हो ।

उप-प्रमुख गीता सिग्देल न्यौपाने उप-महानगरपालिका मार्फत प्रवलीकरणलाई संस्थागत गर्ने काम शुरु गरिसकोलेकाले अब जो सुकै नगरवासीले पनि प्रवलीकरण गर्न इच्छा भए नगरपालिकामा आएर निवेदन दिन सक्ने बताउनुहुन्छ । उहाँका अनुसार उनीहरुलाई नक्सापास शुल्क समेत निशूल्क गरिएको छ । नगरक्षेत्रमा बन्ने घरहरुलाई बलियो बनाउने नगरपालिको नेतृत्व लिने हुनाले भोलीहुने विपदजन्य घटनाबाट सचेत तथा जोगाउने उत्तरदायित्व स्वरुप यो शुरुवात गरिएको र नक्सा पास नगरी बनाएका घरहरुको घर सम्पन्न माग्न आएमा प्रवलीकरण गरेर मात्र आउनु भनेर भन्ने गरेको उहाँ बताउनुहुन्छ ।

यहाँका पुराना घरहरुलाई प्रवलीकरण प्रविधि मार्फत बलियो बनाउने उद्देश्यले नगरपालिका तथा नक्सा बनाउने इन्जिनियरहरुलाई नगरपालिका र एनसेटले संयुक्त रुपमा तालिम प्रदान गरेको छ । साथै नमुना प्रवलीकरणको रुपमा विकास गरेर स्थानीय लक्ष्मण आचार्यको निजी घरको प्रवलीकरण सम्पन्न भएको छ । यस मार्फत यस क्षेत्रका डकर्मी, मिस्त्री, ठेकेदार इन्जिनियर आदिले तालिम हाँसिल गरेका छन् । यस मार्फत यहाँका निर्माणकर्मीहरुले प्रवलीकरणको काम कसरी हुन्छ भन्ने कुरमा आफै काम गरेर सीप हाँसिल गर्न सफल भएको नगरप्रमुख चौधरी बताउनुहुन्छ । उहाँका अनुसार तालिमबाट डकर्मी, मिस्त्री, ठेकेदार इन्जिनियरहरुले प्रवलीकरणको काम गर्न आत्मविश्वास प्राप्त गरेका छन् ।



अहिले यस उपमहानगर भित्र नक्सापास नगरेका घरहरुको धमाधम अभिलेखिकरण गर्ने काम भइरहेको छ । यसले एकातिर पुराना तथा भुकम्पीय हिसावले कमजोर घरहरुको संख्या थाहा पाउन सहयोग भएको छ भने अर्कोतिर कति घर संरचनाहरुको प्रबलीकरण गर्न सकिन्छ भनेर त्यसको संख्या थाहा पाउन सहयोग गरेको छ । नगरप्रमुख नरुलाल चौधरीका अनुसार अब यो उप-महानगरमा पुरानो घरमा बसेका घर धनीहरु तला थप्ने उद्देश्यले नक्सा पासका लागि आएमा उनीहरुलाई प्रवलीकरणको लागि सल्लाह दिने तथा उपयुक्त ढंगले प्रवलीकरण गरेर मापदण्ड पुरा गरेको खण्डमा नक्सा पास गर्न सकिने नियम बनाइएको छ । नगरप्रमुख चौधरीका अनुसार उप-महानगरपालिकाका कमजोर घरका घरधनीहरुलाई बोलाएर अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने, कमजोर घरहरुलाई प्रवलीकरण गर्न प्रोत्साहित गर्ने र सचेतना जगाउने योजना रहेको र प्रवलीकरण गर्न चाहाने घरधनीहरुलाई केही सुविधा, सहुलियत र छुट दिने योजना पनि छ । यस विषयमा तालिम तथा अनुमती प्राप्त इन्जिनियर, डकर्मी र कन्सल्टेन्सीहरु नगरपालिका भित्र उपलब्ध भएकाले प्रबलीकरणको कार्यान्वयन गर्न आत्म विश्वास बढेको तथा घरधनीहरुलाई यसतर्फ प्रेरीत गर्न सकिएको उहाँका भनाई रहेको छ ।

यहाँ केही समय अघि वडा नं १७ का लक्ष्मण आचार्यको एक तले घरलाई नमूना प्रदर्शन परियोजनाको रुपमा प्रवलीकरण

गरेर सम्पन्न गरेको थियो । यस अन्तर्गत त्यहाँका २८ जना डकर्मी तथा ठेकेदार र विभिन्न इन्जिनियरहरुले तालिम लिएका थिए । यस नमुना प्रवलीकरण सुपरीवेक्षणको रुपमा घोराही उप महानगरपालिका इन्जिनियर कमल थापाले काम गर्नुभएको थियो । यसबाट नगरपालिका भित्रै प्रवलीकरणको काम गर्न सक्ने जनशक्ति उत्पादन भएका थिए् । "यस क्षेत्रमा प्रवलीकरको काम पहिलो भएका कारण खासै धेरै कुरा थाहा थिएन । यस काम मार्फत भने मैले प्रवलीकरणका वारे धेरै कुराहरु थाहा पाएको छु । यो नमूना प्रवलीकरण Splitting and Bandaging प्रविधि मा आधारित थियो । यसबाट प्रवलीकरणका प्रवधिहरु के के हुन ?, कस्तो घरलाई प्रवलीकरण गर्ने ? कसरी गर्ने ? कति प्रविधिहरु छन् ? कस्तो जोखिम भएको घरमा कसरी प्रवलीकरण गर्ने पिलरवाला, गारोवाला, आरसीसी घरमा कसरी गर्ने, RCC घरमा Jacketing गर्ने कि Splitting and Bandaging गर्ने कि आदि जस्ता कुराहरु जानियो," कमल थापा बताउनुहुन्छ ।

यस नमूना प्रबलीकरण परियोजनामा तालिम पाउने डकर्मी मध्ये एक स्थानीय अमर बहादुर नेपाली पनि एक थिए । तालिमको रुपमा २ महिनासम्म काममा संलग्न भएका डकर्मी नेपाली यसबाट प्रवलीकरणका बारे पुराना वा नयाँ कमजोर घरहरुलाई भूकम्पका हिसावले बलियो बनाउने प्रविधि रहेछ भनेर थाहा पाएको साथै यो तालिमबाट प्रवलीकरण कसरी गर्ने तथा यसका प्रविधिहरु के के रहेछन भन्ने धेरै कुराहरु स्पष्ट भएको बताउनुहुन्छ । उहाँका अनुसार उक्त तालिममा उहाँले सबै प्रकारका कामहरु जस्तै गाह्रो ताछ्ने, जग खोतल्ने, डण्डी बाँध्ने देखि कँक्रिट गर्ने र प्लाष्टर गर्ने गर्नुभयो । यस पछि तालिममा सहभागि सबै प्रवलीकरणको काम गर्न सक्षम भएका छन् ।अब नयाँ ठाउँमा प्रवलीकरणको काम गर्नु पर्‍यो भने सबै काम गर्न सकिन्छ । "कमजोर घरहरुको लागि यो निक्कै लाभदायक रहेको छ । नयाँ घर बनाउनुको सट्टा थोरै खर्चमा पुरानो घरलाई बलियो बनाउन सकिने रहेछ । जगदेखि नै डण्डीहरु राखेर डण्डीको जाली बनाएर भित्र र बाहिर बाट बाँधेर बनाउने भएकाले यो प्रविधिले घर निकै बलियो बनाउछ भन्ने लाग्यो," डकर्मी अमर बहादुर नेपाली बताउनुहुन्छ ।



घोराही उप-महानगरपालिका क्षेत्रमा प्राविधिक इन्जिनियरको रुपमा कार्यरत नुतन आचार्य यस नगरपालिकामा पुराना कमजोर घरहरुलाई बलियो बनाउने प्रविधि प्रवलीकरण शुरु भएकोमा खुसी लागेको बताउनुहुन्छ । एउटा घरलाई नमुना प्रवलीकरणको रुपमा काम गरेर सम्पन्न गरेर यस मार्फत व्यवाहारिक ज्ञान प्राप्त गर्ने अवसर दिएकोमा नगरपालिका प्रति आफू कृतज्ञ रहेको उहाँ बताउनुहुन्छ ।

नगरप्रमुख नरलाल चौधरीका अनुसार प्रवलीकरण सम्पन्न गरेको घरका' बिषयमा मिस्त्री, इन्जिनियर, डकर्मी तथा घरधनीहरुमा राम्रो काम भएको छ भन्ने बुझाइ विकास भएको छ । यसबाट यो प्रविधि प्रति समाजमा राम्रो धारणा विकास हुनुका साथै धेरै घरधनीहरुले मेरो घरपनि प्रवलीकरण गर्दिनु पर्यो भन्ने प्रस्ताव आएको छ । उहाँका अनुसार विगतमा मापदण्ड बन्नुभन्दा अगाडि तथा पुरानो मापदण्ड अनुसार प्रभावकारी रुपमा भवन संहिता लागू नभएको अवस्थामा केही कमजोर घरहरु बनेका र विगतमा पनि कुनै त्यस्ता ठूला विपद्जन्य घटना नभएका कारण सचेतना अभावमा पनि केही कमजोर घर बनेकाले ती घरलाई प्रवलीकरण गर्नु अहिलेको आवश्यकता हो भन्ने यो उप-महानगरको नीति हो ।

# गोदावरी नगरपालिकामा भवन संहिता संस्थागत गर्ने अभियान




गोदावरी नगरपालिका सुदुरपश्चिम प्रदेशको सदरमुकाममा अवस्थित छ। मालाखेती, श्रीपुर, गेटा र अत्तरिया गाविसहरु मिलेर २०७१ सालमा बनेको अत्तरिया नगरपालिकामा २०७३ मा गोदावरी गाविस मिलेपछि यसको नाम गोदावरी नगरपालिका रह्यो। यस नगरपालिकाका १८ वटा वडाहरु रहेका छन्।

यस नगरपालिकामा विधिवत रुपमा भवन संहिताको कार्यान्वयन भएको धेरै भएको छैन। २०७४ सालको स्थानीय निर्वाचन सम्म नक्सापास प्रणाली लागूभएपनि भवन संहिताको पालना कडाइका साथ हुन सकेको थिएन। स्थानीय निर्वाचन पश्चात जनप्रतिनिधिहरु आएपछि मात्र यसको जग बसेको हो।

नगर प्रमुख हरि सिं साउदका अनुसार पहिले यो नगर क्षेत्रमा मापदण्ड वाहिरका घरहरु बन्ने गरेकामा जनप्रतिनिधी आईसकेपछि भने यो क्रम रोकिएर भुकम्प प्रतिरोधी घर बनाउने अभियान शुरु भएको छ। यसमा नगरपालिकाले बिभिन्न अग्रसरता लिएको छ। नगरप्रमुख साउद भन्नुहुन्छ, "सबै वडाहरुमा भवन संहिता भित्र रहेर काम भइरहेको छ वा छैन, कसरी निर्माण भइरहेको छ भनेर हेर्न तथा जनचेतना अभिबृद्धि गर्न समय समयमा प्राविधिकलाई स्थानीय तहमा खटाउने काम भइरहेको छ। जनप्रतिनिधिकै संयोजकत्वमा सीप, दक्षता अभिबृद्धिको तालिम दिने र परामर्श समेत दिदै आईरहेका छौं। भुकम्प प्रतिरोधी घर निर्माण किन आवश्यक छ ? राम्रो र बलियो बनाए के कस्ता फाईदा हुन्छन ? बिभिन्न पत्रपत्रिका, अनलाईन, एफएम मार्फत जनतालाई जागृत बनाउने कमसल घर बनाउँदा के कस्ता जोखिम आउँछ भन्ने कुरामा प्राबिधिक तथा डकर्मीमा ज्ञान प्रबर्द्धन गर्ने, सुरक्षित निर्माण प्रति सर्वसाधरण तथा सम्भावित घरधनीहरको जनचेतना फैलाउने काम गरेका छौं।"

कमजोर भवन संरचना भएको स्थानमा भुकम्पले जनधनमा व्यापक क्षती पुर्याउने भएकाले जोखिम न्यूनकिरण र जनताको जिउ धनको सुरक्षा गर्न भवन संहिता कार्यान्वयन महत्वपूर्ण हुन्छ। भवन संहितको प्रभावकारी कार्यान्वयनका लागि सुरुवाती चरणमा एनसेटले यस नगरपालिकालाई प्राबिधिक सहयोग उपलब्ध गराएको थियो। एनसेटका फिल्ड इन्जिनियर जगदिश बिष्टका अनुसार प्रत्येक वडामा गएर अभिमुखीकरण तामिल र प्रत्यक्ष रुपमा के गरेमा भुकम्प प्रतिरोधी घर बन्छ भन्ने कुरामा परामर्श दिने कामा पनि गरियो। त्यसपछि नगरपालिकमा विभिन्न वडा हरुमा बिभिन्न चरणमा ६ ओटा प्राविधिक सहित डकर्मी तालिम, २ चरणमा इन्जिनियरलाई तालिम, नगरपालिकाका प्राविधिक र परामर्शदता संस्थाका प्राविधिकलाई प्रबलीकरण सम्बन्धी तालिम दिने काम पनि गरियो।

नगरपालिकाको नक्सा फाँटमा कार्यरत इन्जिनियर जानकी बडैलाका अनुसार तालिम पश्चात प्राविधक कर्मचारी तथा डकर्मीहरुले सिकेको ज्ञान सीपलाई समुदायमा पुर्याउने काम गर्दै आएको बताउनुहुन्छ। नक्सा डिजाइन गर्ने सीप वा दक्षता अभिबृद्धि भएको छ। फिल्डमा घर निर्माणको अवलोकन, निरिक्षण र प्राविधिक सहयोगका काम पनि हुर्दै आएको छ।



नगरप्रमुख साउदका अनुसार अहिले नक्सा पास नगरी घर बनाउने काम कडाईका साथ रोकिएको छ भने नियम बिपरित बनेका घरलाई नक्सा पास गर्ने गरिको छैन। साथै मापदण्ड बिपरितका पुरानाघरलाई अभिलेखीकरण गर्दै भविश्यमा हुनसक्ने भुकम्पिय क्षतिलाई न्यूनीकरणका लागि जनप्रतिनिधी र प्राबिधिकहरु मिलेर काम गरीरहेका छन्। यस बाहेक नगपालिकाले साझेदारी संस्था GIZको सहयोग मार्फत वाईल निर्माण गरेर लागू गरिसकेको र हालको र भविश्यको घर निर्माणको तौरतरिका, नितीनियम र प्रक्रियालाई समेटी नक्सापास किताब तयार पारेको इन्जिनियर जानकी बडैला बताउनुहुनछ। उहाँका अनुसार आगामी दिनमा भवन निर्माणमा संहितको प्रभावकारी कार्यान्वनका लागि बिभिन्न

नगरपालिकाले रणनिती बनाएर अगाडि बढ्ने सोच बनाएको छ ।

गोदावरी नगरपालिकाका प्रमुख प्रसासकिय अधिकृत खेमराज बिष्टका अनुसार यो नगरपालीकामा २/३ तले घरको नक्शा देखि ५ तले घरहरु सम्मका नक्शा स्विकृत भएका छन । नयाँ बन्ने घरहरु भवन संहिताको शर्तहरु सबै पुरा गर्ने किसिमका छन । विगत केही बर्षदेखि गोदावरी नगर क्षेत्रमा घर नक्सा डिजाइनको काम गर्दै आउनुभएका इन्जिनियर दिपक उपाध्याए पनि घर संरचना बनाउदा धेरै कुराहरमा सुधार हुदै गएको बताउनुहुन्छ । अजाभोली उहाँ गोदावरी नगर क्षेत्रमा महिनाको १०, १५ वटा नक्सा बनाउने काम गर्नुहुन्छ । उहाँका अनुसार एनसेट मार्फत परामर्शदाताहरुलाई नक्शा डिजाइनको तालिम पछि यस नगरमा नक्शाहरु भवन संहिता अनुरुपनै बन्ने गरेको छ । तर केही केही घरधनी र ठेकेदारहरुले नक्शालाई व्यवहारमा उतार्दा हेलचेक्रयाइँ वा कमजोरी गर्ने समस्या पनि रहेको बताउनुहुन्छ । तर त्यस्ता घरधनीलाई डिजाईन अनुसार काम गर्न सम्झाउने र बुझाउने गरेको बताउनु हुन्छ ।

यो नगरपालिकाबाट नकशापास गरेर बन्ने सबै घरहरुको अनुगमन र निरिक्षण गर्ने काम परामर्शदाता संस्थाहरु मार्फत गरिएको छ । नगरपालीकाले गोदावरी नगर क्षेत्र तथा धनगढीबाट आउने परामर्शदतात फर्महरुलाई सुचिकृत गराएर काम गराएको छ । तर आफ्नो दायित्व पुरा नगर्ने यस्ता फर्महरुलाई नियन्त्रणमा ल्याउने र जिम्मेवारी बोध गराउने काम पछाडि नहटेको प्रमुख प्रशासकिय अधिकृत खेमराज बिष्ट बताउनुहुन्छ । त्यसमध्ये जिम्मेवारी पुरा नगर्ने १/२ वटा फर्महरुलाई स्पष्टीकरण सोधिएको छ ।

हरेक काम गर्दा चुनौति पनि सँगै जोडिएर आएको हुन्छ । गोदावरी नगरपालिकामा भवन संहिता कार्यान्वयनमा केही कठिनाई र चुनौती रहेका मेयर हरि सिंह साउद पनि स्वीकार्नुहुन्छ । स्थायी तथा पर्याप्त प्राबिधिक जनशक्ति नहुँदा काममा अप्ठ्यारो भएको तर स्थानिय तहमा नयाँ कर्मचारीहरुको नियुक्ति भएपछि यो समस्या समाधान हुने उहाँको तर्क छ ।

## “दरो घर दिगो बस्ती” रेडियो कार्यक्रमले श्रोतामा मेरो पहिचान दिलायो: माया कडेल

म बिगत ४ बर्षदेखि पूर्वी नवलपरासीको गैंडाकोटमा रहेको विजय एफएममा काम गरिरहेको छु । समाचार प्रस्तोताको रुपमा लामो समयदेखि काम गर्दै आइरहेको भए पनि बिगत १५ महिना देखि भने म भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल र बिजय एफएमको संयुक्त प्रस्तुतिमा विजय एफएममा उत्पादन र प्रशारण भइरहेको “दरो घर दिगो वस्ती” रेडियो कार्यक्रमको उत्पदन र संचालनमा आवद्ध भए । कक्षा ८, ९ पढ्दा देखि नै भविश्यमा गएर पत्रकारिता क्षेत्रमा नै आवद्ध हुने मेरो तिव्र इच्छा थियो । त्यसैले मैले एसएलसी पछि पत्रकारिता बिषयमा नै कक्षा ११, १२ र स्नातक तह उत्तीर्ण गरेँ । स्नातक तहको अध्ययनकै क्रममा म पत्रकारिता क्षेत्रमा आवद्ध भएँ । मैले रेडियो मार्फत पत्रकारिता पेशा शुरु गरेको हुँ । त्यसपछि चितवनको स्थानीय टीभीमा पनि काम गरें । पछि आएर बिभिन्न स्थानीय पत्रपत्रिकामा पनि आवद्ध भएँ । अहिले म विजय एफएममा कार्यक्रम उत्पादक तथा समाचार प्रस्तोताको रुपमा काम गरिरहेको छु ।

मैले दरोघर दिगो वस्ती कार्यक्रम उत्पदन र संचालन गर्ने कार्यमा आवद्ध भएपछि विपद् तथा खासगरी भूकम्पीय जोखिम र यसको न्यूनीकरण सम्बन्धी रिपोर्टिंग गर्ने तरिकामा निकै परिवर्तन आएको महशुस भयो । यस अघि भूकम्प आयो र यसबाट यति जनाको मृत्यु भयो भन्ने खालको समाचार मात्र बनाउने गरिन्थ्यो । तर अहिले भूकम्पीय पूर्वतयारी, जोखिम कमगर्ने उपायहरु, बलियो घरसंरचना निर्माण, सुरक्षित बस्ती निर्माण गर्नुपर्ने साथै यस कार्यमा बिभिन्न निकायको भूमिका हुने लगायतका बिषयलाई जोड दिएर समाचार, रिपोट तथा कार्यक्रम बनाउने गरेको छु ।

कार्यक्रममा आबद्ध हुनु अघि नोपालमा भूकम्पको जोखिमको अवस्थाको बारे ममा थोरै मात्र जानकारी थियो । तर भूकम्प किन जान्छ ? कसरी जान्छ ? कहाँ जान्छ ? नेपालमा भूकम्पको जोखिम कस्तो छ ? यसलाई कसरी न्यूनीकरण गर्न सकिन्छ ? भन्ने जस्ता बिषयमा धेरै जानकारी थिएन । दरो घर दिगो वस्ती कार्यक्रममा आवद्ध भएपछि भुकम्प, नेपालमा भूकम्पीय जोखिम र यसलाई कम गर्ने तरिकाहरु र पूर्वतयारीका पक्षहरु लगायत बिषयमा राम्रोसँग बुझ्ने मौका पाएँ । यसले विपद्सँग सामना गर्ने बलियो घर र दिगो वस्ती निर्माण कसरी गर्ने भन्ने जस्ता बिषयमा भरपुर ज्ञान प्राप्त गर्ने अवसर मिल्यो । भूकम्पलाई रोक्न नसके पनि यसबाट सचेत रहने कुराबारे हेक्का राखेको खण्डमा जनधनको क्षति कम गर्न सकिने र सुरक्षित घर संरचना निर्माण गर्न सकिन्छ भन्ने कुरा थाह पाइयो ।

रेडियो कार्यक्रममा आवद्ध भएपछि धेरैवटा अभिमुखिकरण, तालिम तथा कार्यशालाहरुमा भाग लिने अवसर पाइयो । यस बाहेक नगरपालिका भित्र निर्माण भएका घरसंरचना अवलोकन गर्ने र विभिन्न जोखिम बस्तीहरुमा घुम्ने अवसर पनि प्राप्त भयो । साथै यसबारे निरन्तर रेडियो कार्यक्रम गरिरहँदा विभिन्न बिज्ञहरुसँग नजिक रहेर सूचना तथा जानकारी प्राप्त गर्ने अवसर जुट्यो ।

कार्यक्रममा मेरो संलग्नताले यो बिषयवस्तु प्रतिको मेरो सिकाइ र कुनै पनि विपद्जन्य घटना, भूकम्प तथा यस सँग सम्बन्धित बिषयलाई हेर्ने दृष्टिकोणमा व्यापक परिवर्तन आएको छ। यो कार्यक्रममा जोडिएपछि भूकम्प र नेपालमा भूकम्पीय जोखिम तथा यसको न्यूनीकरणको बिषयमा मेरो ज्ञानको दायरा निकै बढेको छ। यसले भूकम्पिय जोखिम कम गर्न संचार माध्यमहरुको भूमिकाको बारेमा समेत नजिकबाट थाहा पाउने अवसर मिलेको छ।

दरो घर दिगो वस्ती कार्यक्रमले मेरो व्यावसायिक पत्रकारीतालाई माथि लैजान धेरै योगदान दिएको छ। लामो समय देखि रेडियो पत्रकारिताको अभ्यासमा रहेपनि स्टुडियो भन्दा वाहिर गएर आम स्रोता तथा जनताको घर दैलोमा गएर सूचना संकलन तथा कार्यक्रम निर्माण गर्ने अवसर विरलै पाइन्थ्यो। तर दरो घर दिगो वस्ती रेडियो कार्यक्रमले मलाई आमजनता तथा श्रोतासंग भेटेर सूचना संकलन, कार्यक्रम निर्माण गर्ने अवसर दियो। यसले एकातिर मेरो फिल्ड रिपोर्टिंगको सीप र दक्षता बढायो भने अर्कोतिर सुरक्षित घरसंरचना निर्माण तथा विपद् जोखिम न्यूनीकरण सँग सम्बन्धित धेरै बिज्ञ, प्रविधिक तथा स्थानीय सरोकारवालाहरु जस्तैः घरधनी, डकर्मी ठेकेदार, सामाजिक अगुवा, जननिर्वाचित नगरपालिका नेतृत्वहरु सँग प्रत्यक्षरुपमा भेटेर रिपोर्टिंग गर्ने अवसर पाएँ। यसबाट फिल्डमा आधारित रिपोर्टिंग र कार्यक्रम उत्पादनका तरिका, चुनौतीको बारेमा महत्पूर्ण अनुभव हाँसिल भयो। यसबाट भूकम्पीय जोखिमका बिषयबस्तुको बारेमा समेत मेरो ज्ञान बृद्धि भयो। लामो समय सम्म रेडियोमा काम गर्दा पनि मायाँ कंडेल को हो ? भनेर समाजले नचिनेकोमा दरो घर कार्यक्रमले भूकम्पको कार्यक्रम चलाउने मान्छे भनेर चिनाइदिने काम गरको छ। यो कार्यक्रममा आवद्ध भएपछि सबैभन्दा धेरै पत्रकारिता वा रिपोर्टिंगमा आत्म बिश्वास बढाउन भूमिका खेलेको छ। यसै कारण म अहिले पूर्ण पत्रकार भएको महशुस गरिरहेको छु।

यो कार्यक्रममा मेरो निरन्तर संलग्नता र बिषय प्रतिको मेरो लगावका कारण यस बिषयप्रति मेरो उत्तिकै चाख छ। रेडियो व्यवस्थपनले हिजोआज मलाई विपद्का बिषयवस्तुमा रिपोर्टिंग गर्ने जिम्मेवारी समेत दिने गरेको छ। बिषयको गम्भिरतालाई हेर्दै एनसेटसँगको सहकार्य समाप्त भएपनि हामिले अहिले पनि कार्यक्रलाई आफ्नै खर्चमा निरन्तरता दिइरहेका छौं। त्यसैले यस सम्बन्धी बिषयवस्तुले अहिले पनि उत्तिकै मेरो कोतुहलता जगाउने काम गर्छ। यसैले भविश्यमा जुनसुकै संचारमाध्यममा सम्वद्ध भए पनि यो बिषयलाई निरन्तरता दिने मेरो इच्छा छ।

# नगरपालिकाहरु एनसेटको सहकार्य प्रति सकारात्मक रहेको पाए: रोशन घिमिरे

म एनसेट आउँदा सैद्धान्तिक ज्ञान मात्र लिएर आएको थिएँ । तर डेढ बर्षको अन्तरालमा यहाँ आएर धेरै कुरा सिक्ने मौका पाएँ । आफूले जानेका कुराहरु मान्छेहरुलाई कसरी बुझाउने, तालिमहरु कसरी सञ्चालन गर्ने, कसरी नगरपालिकासँग समन्वय गर्ने जस्ता बिषयमा सिक्ने अवसर मिल्यो । फरक फरक तह, पद, हैसियत, समाजिक प्रतिष्ठा भएका व्यक्तिहरु जस्तैः डकर्मी, घरधनी, इन्जिनियर, स्थानीय निर्वाचित प्रतिनिधिहरुसँग सम्पर्क, भेटघाट, कुराकानी गर्नु पर्ने भएकाले कसरी व्यवहार गर्ने जस्ता धेरै कुरा जान्ने अवसर पनि मिल्यो ।"

माथिको भनाइ एनसेटको भवन संहिता कार्यान्वयन कार्यक्रम "दरो घर दीगो वस्ती'का प्राविधिक रोशन धिमेरेको हो । अर्घाखाँची जिल्ला घर भएका रोशन घिमिरे एनसेटमा आवद्ध भएपछि भरतपुर महानगरपालिका, गैडाकोट, कावासोती, बर्दघाट तथा सैनामैना नगरपालिकामा भवन संहिता कार्यान्वयनमा प्रीवधिक सहायात उपलब्ध गराउने काममा संलग्न हुनुभयो । यस बाट धेरै नयाँ कुराहरु प्राप्त गरेको घिमिरेको अनुभव छ ।

"एनसेटमा जोडिएपछि मैले भवन निर्माणको सन्दर्भमा आधारभुत तहको इन्जिनियर तालिम लिएँ । चितवनको भरतपुर महनगरपालिकामा बसेर यस क्षेत्रका बिभिन्न नगरपालिकाहरु सँग समन्वय गर्दै सुरक्षित निर्माण र विपद व्यवस्थापन सम्बन्धि धेरै ज्ञान हाँसिल गर्ने मौका मिल्यो । सर्बप्रथम कावासोती नगरपालिकामा आएर काम गरियो । सुरुवातमा त्यहाँ डकर्मी तालिम दियौं । त्यसपछि बर्दघाट, सैनामैना, गैंडाकोट नगरपालिका र भरतपुर महनगरपालिकामा पनि विभिन्न क्रियाकलापहरु सम्पन्न गरियो । साथै अन्य बिभिन्न तालिमहरु जस्तै डकर्मी तालिम, घरधनी अभिमुखिकरण र इन्जिनियर तालिम आदिमा प्रशिक्षक र अवलोकनकर्ताको रुपमा सहभागी भएँ," इन्जिनियर घिमिरे बताउनुहुन्छ ।

घिमेरेका अनुसार भवन संहिता कार्यान्वयन कार्यक्रमसँग जोडिएपछि इन्जिनियरिङ सँग विपदलाई जोडेर हेर्नुपर्ने रहेछ भन्ने थाहा पाइयो । फिल्डमा खटिएपछि यससँग सम्बन्धित तालिम दिने र अवलोकन गर्ने मौका पनि मिल्यो । उहाँका अनुसार कक्षामा पढेको सैद्धान्तिक ज्ञान र फिल्डमा काम गर्दा धेरै फरक हुँदो रहेछ । हरेक नगरपालिकाको अवस्था फरक पाइयो किनभने एउटा नगरपालिकामा सजिलै लागू भइरहेको कुरा अर्को नगरपालिकामा लागु गर्न गारो पनि हुने रहेछ ।

"यहाँ काम गर्ने क्रममा नेपालमा भवन संहिता तथा सुरक्षित भवन निर्माणका सम्बन्धमा धेरै नगरपालिकाहरुको प्राविधिक क्षमता केही कमजोर हुँदो रहेछ भन्ने थाहा पाएँ । निर्माणकर्मी तथा इन्जिनियहरुको दक्षता अभिबृद्धि गर्नु आवश्यक रहेछ । त्यसका लागि बिज्ञ व्यक्तिहरुको सहयोग पनि आवश्यक रहेछ । साथै प्राविधिकहरुका लागि पनि कलेजमा प्राप्त प्राबिधिक ज्ञान मात्र पर्याप्त नहुने रहेछ । यस बाहेक व्यवस्थापनको पक्षमा पनि धेरै काम गर्नुपर्ने रहेछ," घिमिरे थप्नुहुन्छ ।

आफ्नो कार्यकालमा भवन संहिता कार्यान्वयनमा एनसेटको सहकार्यका बारे नगरपालिकाहरुको सकारात्मक दृष्टिकोण रहेको उहाँको बुझाइ छ । यस सहकार्यले दीर्घकालिन रुपमा राम्रो प्रभाव पार्ने र धेरै व्यक्तिहरुमा सचेतना विकास गर्ने उहाँको अनुभव छ । एनसेटको उपस्थितीले धेरै नगरपालिकाहरु भवन संहिता कार्यान्वयनमा गएका र धेरैमा यो भवन संहिता कार्यान्वयकको काम संस्थागत भएको छ भने केहीमा सुरु भएको छ ।

उहाँका अनुसार यहाँ काम गर्दा धेरै नगरपालिकाका इन्जिनियर, परामर्सदाता इन्जिनियर, नगरपालिकाका निर्वाचित पदाधिकारी, डकर्मी, ठेकेदार, घरधनी लगायतका मानिसहरुसँग सम्पर्क भयो । मानिसहरले सम्मानजनक रुपले हेर्ने र धेरै मान्छेले चिन्नुका साथै नेटवर्क पनि विस्तार भएको उहाँ बतउनुहुन्छ । भविश्यमा पनि यहि क्षेत्रसंग रहेर काम गर्ने र स्नातकोत्तर तहमा पनि स्ट्रकचरल इन्जिनियरिग बिषय लिएर पढ्ने उहाँको योजना छ ।

# डकर्मी तालिमले आत्मविश्वास बढायो: ठेकेदार सिकन्दर साह

२०६२ साल तिर आफ्ना डकर्मी दाजुको साथ लागेर बारा जिल्लाबाट सिकन्दर साह कामको खाजी गर्दै नवलपरासी जिल्लाको कावासोती छिर्नुभयो । त्यतिवेला उहाँ साधारण हेल्परको काम गर्नुहुन्थ्यो । साहले निर्माण क्षेत्रमा आवद्ध भएर यो स्थानमा काम गरेको आज ११/१२ बर्ष भएको छ । लेवरबाट मिस्त्री हुँदै उहाँ आज यस क्षेत्रको एक सक्रिय ठेकेदार बन्नुभएको छ । यो अवधीमा कति घर बनाइयो भन्ने कुरा उहाँलाई नै हेक्का छैन । उहाँका अनुसार साना ठूला गरेर लगभग ८/९ सय घर बनाउनुभयो भन्ने अनुमान छ । “पहिले अरुले बनाए हेरेर घर बनाउँथें किन भने पहिला सबैले त्यस्तै गर्थे । तर अहिले नगरपालिका बनेपछि नीति नियम अनुसार काम गर्न थालेका छौं । मैले ६ तलासम्मको घर ठेक्कामा लिएर काम गरेको छु । यो काम गर्न मलाई अनुभवले सिकाएको हो । नगरपालिकाको सरसंगको सल्लाहमा मात्रै काम गर्ने गरेको छु,” सिकन्दर साह भन्नु हुन्छ ।

सिकन्दर साहका पाँचै दाजुभाईहरु यही पेशामा आवद्ध भएर जिविका चलाउनुहुन्छ । उहाँ यो पेशामा लाग्नुका पछाडि उहाँको आफ्नै दाजुको हात छ । यो पेशामा लागेर सिकन्दरका दाइहरुले पनि राम्रो गर्नुभएको छ । त्यसैले उहाँलाई अरु काम गर्ने सोच नै आएन । सिकन्दर साहले वितेका बर्षहरुमा झण्डै २०/३० वटा घर बनाउदै आएकामा अहिले नगरपालिकाको नियम भित्र रहेर बनाउनु पर्ने भएकाले बर्षको १०/१५ वटा घर बनाउने गरेको सुनाउनुहुन्छ । उहाँले काममा ५०/६० जना कामदार राख्नुभएको छ । यो कामबाट बर्षमा सरदर १ लाख बचत हुने गरेको साहको भनाइ छ । यसबाट परिवार पाल्न समस्या उहाँलाई कुनै समस्या छैन ।

यहाँ काम गर्ने सिलसिलामा साहले नगरपालिकाले आयोजना गरेको भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी डकर्मी तालिम लिनु भएको छ । यो तालिम लिएपछि घर निर्माण सम्बन्धि आफ्नो तौर तरिकामा परिवर्तन आएको उहाँको भनाइ छ । “पहिले नक्सा र तालिमका कुरा बारे मलाइ जानकारी थिएन । तालिम लिएपछि धेरै कुरा थाहा भयो । सुरुमा त यो लागू गर्न गाह्रो लाग्थ्यो । अहिले त सजिलो भएको छ । सिस्टम बुझ्दै जाँदा निकै सजिलो हुने रहेछ । पहिले भन्दा अहिले नगरपालिकाको प्रणली र नियमभित्र आवद्ध भएर गरेका छौं धेरै कुरा तालिमबाट सीक्यौ । आठवटा डण्डी कसरी बाध्ने, सबैकुरा जान्यौ बुझयौं । ६/७ दिनको तालिम थियो । त्यहिबाट नै सिक्यौं,” सिकन्दर साह थप्नुनुहुन्छ । तालिम लिएपछि साहले लगभग साढे दुई सय भन्दा बढी घर वनाइसक्नु भएको छ । उहाँका अनुसार ती घरहरुमा सबै नियम र सिकेका कुरालाई व्यवहारमा उतार्नु भएको छ । “घरधनीहरु इन्जिनिएर राख्दा धेरै खर्च हुन्छ भन्छन । तर यो घर तपाईंका लागि मात्रै नभएर तपाईको छोरा नातिका लागि पनि भएकाले राम्रो बनाउनुपर्छ भनेर सम्झाउने गर्छु । नगरपालिकाको नियम अनुरप घरधनीहरुलाई चित्तबुझाएर काम गर्छु । यस क्षेत्रका मानिसहरुमा सिकन्दरले राम्रो र छिटो काम गर्छ भन्ने धारणा छ । त्यसमा मलाइ खुशी लाग्छ,” सिकन्दर साह बताउनु हुन्छ । उहाँका अनुसार नगरपालिकाका इन्जिनियरसाग सहकार्य गरेर काम गर्ने गरेको र निर्माण साइटमा बोलाउँदा नगरपालिकाका इन्जिनियरहरुले सहयोग गर्ने गरेका कारण काम गर्न सहज भएको छ । भविष्यमा निर्माण कम्पनी नै बनाएर व्यवस्थित भएर काम गर्ने सिकन्दर साहको सोच छ ।

# घोराहीमा नमूना प्रबलीकरणको कार्य गर्ने प्रतिबद्ध इन्जिनियर

मेरो नाम कमल थापा हो । विगत एक बर्षदेखि म घोराही उप-महानगरपालिकाको पूर्वाधार शाखामा इन्जिनियरको रुपमा कार्यरत छु ।

घोराही उपमहानगपालिकामा धेरै लामो समय देखि नै भवन संहिता कार्यान्वयन भइरहेको छ । त्रिभूवन नगरपालिका हूँदा देखिनै भवन संहिता लागू भएको थियो । त्यसपछि घोराही उप-महानगपालिका भएसम्म यो प्रक्रिया झन् प्रभावकारी रुपले कार्यान्वयन भइरहेको छ । उप महानगर बन्ने क्रममा गाभिएका साविकका गाविसहरु जोडेर बनेका वडाहरुमा भने नयाँ बन्ने घरहरुमा मात्र भवन संहिता कार्यान्वयन भइरहेको अवस्था छ । ति वडाहरुका पुराना घरहरु भने भूकम्प प्रतिरोधी छैनन ।



यस उपमहानगरमा रहेका अधिकांस परामर्शदाता इन्जिनियर, डकर्मी र घरधनीहरुलाई भवन संहिता पालना गरेर मात्र घर बनाउनु पर्छ भन्ने जानकारी छ । यसका लागि उपमहानगरपालिका र अन्य बिभिन्न संघसंस्थाहरुले मिलेर बिभिन्न माध्यम मार्फत जनचेतना अभिबृद्धि गर्ने काम भइरहेका छन् । नगरपालिाका पनि नियम कडाइका साथ लागू गरेर अगाडि बढेको छ । नयाँ बन्ने घरमा त भवन संहिता सन्तोसजनक रुपमा लागू भएको भएपनि यहाँका अधिकांश घरहरु पुराना घर भएकाले ती घरहरु भूकम्पीय हिसाबले कमजोर छन् । यस्ता पुराना घरहरुलाई भूकम्पीय हिसावले सुरक्षित बनाउने अभियानका साथ उप महनगरपालिकाले प्रवलीकरण कार्यलाई अगाडि बढाएको छ । यो अभियानको शुरुवात यस उपमहानगरपालिकाको वडा नं १७ स्थित लक्ष्मण आचार्यको एक तले घरलाई नमूना प्रदर्शन परियोजनाको रुपमा प्रवलीकरण सम्पन्न गरिएको छ ।

यो नमूना प्रबलीकरणको कामको सुपरभिजन इन्जिनियरको रुपमा काम गर्ने मलाइ अवसर मिल्यो । यस क्षेत्रमा प्रवलीकरणको काम पहिलो पटक भएका कारण खासै धेरै कुरा थाहा थिएन । यसका लागि प्राविधिक सहयोग एनसेटले उपलब्ध गराएको थियो भने सुपरभिजन लगायतका कामहरु उप-महानगरपालिकाले गरेको थियो । प्रवलीकरणका लागि भने घरधनी आफैंले जुटाउनु भएको थियो । यो नमूना प्रवलीकरण स्प्लीन्ट र व्यान्डेज पद्दती प्रविधिमा आधारित थियो । यो घर दवाब थेग्न सक्ने भए पनि तन्काइका हिसाबले कमजोर
थियो । त्यसैले यसको लागि डण्डीहरु कति हाल्ने कति ठाउँमा राख्ने भनेर डिजाइन गरेर प्रवलीकरण गरियो ।

भवन निर्माणमा परामर्शदाताको रुपमा काम गरेको हुनाले अनुभव थियो । तर प्रवलीकरणको बारेमा त्यती थाहा थिएन । यसबाट मैंले यो प्रविधिको बारे धेरै थाहा पाएँ । यसबाट प्रवलीकरणका प्रविधिहरु के के हुन?, कस्तो घरलाई प्रबलीकरण गर्ने? कसरी गर्ने? कति प्रविधिहरु छन् ? कस्तो जोखिम भएको घरमा कसरी प्रबलीकरण गर्ने? गारोवाल घरमा कसरी गर्ने आदि जस्ता कुराहरु सिकियो ।

प्रबलीकरण अन्तर्गतको पहिलो काम सम्पन्न गरियो । यस अघि यो क्षेत्रमा प्रबलीकरणको काम भएको थिएन । यो नै पहिलो काम थियो । प्रवलीकरण भएको घरधनीबाट पनि राम्रो प्रतिकृया आएको छ । अन्य घरधनीहरुले पनि प्रबलीकरण गर्ने इच्छा व्यक्त गर्नु भएको छ । अव नयाँ घरहरुको लागि पनि धेरै प्रस्तावहरु आएका छन् । यसका लागि काम गर्न आत्म विश्वास आएको छ । अन्य घरहरु प्रवलीकरण गर्न हामी तयार छौं ।

तर यो प्रवलीकरणको काम कम चुनौतीपूर्ण भने थिएन । किन कि यसमा काम गर्ने सबै यो प्रविधिको बारेमा अनविज्ञ थिए । यसमा सबैलाई सिकाउनु पर्ने थियो । शुरुमा त घरधनी पनि यसमा जानकार थिएनन् । यहाँलाई पनि यसको बारेमा सम्झाउनु परेको थियो । त्यसपछि मात्र उहाँहरु प्रवलीकरण गर्न तयार हुनुभयो । प्रबलीकरण सम्पन्न भएपछि सबैमा सकारात्मक प्रभाव परेको छ ।

# डकर्मी तालिमले परिवर्तन गरेको अमर बहादुर नेपालीको कौशल

विगत १५ बर्ष देखि डकर्मीको कामगर्दै आइरहनु भएका अमर बहादुर नेपाली अहिले ३२ बर्षको हुनुभयो । १७ बर्षको उमेरमा ज्यामीको रुपमा आफ्नो वुवाको पथ पछ्याउँदै निर्माणको क्षेत्रमा आवद्ध हुनुभयो । उहाँको वुवा पनि लामो समयसम्म डकर्मी पेशामा आवद्ध हुनुहुन्थ्यो । अमर सानो छँदा उहाँको आफ्नो घर थिएन । सानै देखि आफ्नो परिवारका लागि एउटा राम्रो घर बनाउनुपर्छ भन्ने सोच थियो । उक्त सोचका कारण उहाँलाई यो पेशाले आकर्षित गऱ्यो ।



१७ बर्षको उमेरमा ज्यामीको रुपमा छिरेर २४ बर्षको उमेरमा उहाँ मिस्त्रि बन्नुभयो । वुवा र अन्यले गरेको काम हेर्दै र गर्दै अगाडि बढ्नुभयो । लगभग ३ बर्ष मिस्त्रिको काम गरेपछि आफैं ठेक्का लिएर काम गर्न थाल्नुभयो । उहाँले ठेकेदारको रुपमा काम गर्न थालेको अहिले लगभग ४ बर्ष पुरा भएको छ ।

“ठेकेदार हुनुभन्दा अघि सम्म मैंले डकर्मी तालिम वा अन्य कुनै भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धि तालिम लिएको थिइँन । तर यस्तो तालिमको आवाश्यकता भने मलाई पहिल्यै महशुस भएको र म यस्तो तालिम लिने खोजिमा थिएँ । यसै बीच २०७६ सालमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालका इन्जिनियर सरहरुले घोराही उपमहानगरमा डकर्मी तालिम हुँदैछ भनेपछि बल्ल तालिम लिने अवसर जुट्यो,” नेपाली सम्झनुहुन्छ ।

यो तालिमपछि मैंले निर्माणका क्रममा धेरै कुराहरु अव्यवस्थित काम गरिरहेका रहेछु भन्ने थाहा पाएको बताउनुहुन्छ । तालिम पछि उहाँले यस अघि नजानेका धेरै कुराहरु थाहा पाउनुभयो । जग कसरी तयार पार्ने, हात्तिपाइले कसरी हाल्ने, पिलरमा कतिवटा र कति मोटो डण्डी हाल्ने, रिङ्गहरु कसरी बनाउने, पिलरमा रिङ कति दुरीमा हाल्ने, डण्डी कसरी बंग्याउने, एल कसरी बनाउने, लिन्टेल बन्धन कसरी राख्ने लगायतका कुराहरु थाहा पाउनुभयो । तालिम लिनु डण्डीहरु गाँस्दा पनि तरिका नपुगेको, लिन्टेल बन्धन पिलरसँग जोडेर राख्नुपर्छ भन्ने कुराहरु थाहा थिएन । अमर बहादुर नेपालीका अनुसार तालिम पछि काम गर्न एकदम सजिलो भएको छ । उहाँले आफ्ना कामदार डकर्मीहरुलाई पनि सिके अनुसार काम गर्न सिकाउँदै आउनु भएको छ । तालिमपछि नगरपालिकामा उहाँको माग पनि बढेको छ । अहिले बर्षमा १५, १६ घर बनाउने गर्नुभएको छ । साथै यो पेशाबाट घर खर्च कटाएर मासिक रुपमा २५ हजार देखि ५० हजार सम्म बचत गर्दै आइरहेको उहाँ बताउनुहुन्छ ।

यसै बीच उहाँले प्रवलीकरण प्रविधिको बारे पनि थाहा पाउने मौका पाउनुभयो । घोराही उप महानगरपालिका र भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालको संयुक्त प्रयासमा सम्पन्न भएको नमूना प्रवलीकरणमा कार्यमूलक तालिमको रुपमा २ महिनासम्म संलग्न हुनुभयो । यसबाट पुराना वा नयाँ कमजोर घरहरुलाई भूकम्पका हिसावले बलियो बनाउन यो प्रविधि आवश्यक रहेछ भन्ने लगायत प्रबलीकरण कसरी गर्ने, यसका प्रविधिहरु के के रहेछन भन्ने कुराहरु थाहा पाएको बताउनु हुन्छ ।

उक्त तालिमपछि अमर नेपाली प्रवलीकरणको काम गर्न दक्ष हुनुभएको छ । अब नयाँ ठाउँमा प्रवलीकरणको काम गर्न पर्‍यो भने सबै काम गर्न सक्ने उहाँ बताउनुहुन्छ ।

# प्रबलीकरण सीपका कारण दैनिक ज्याला बढ्नेछ भन्ने विश्वास छः तिलक खाम्चा मगर, डकर्मी



तिलक खाम्चा मगर डकर्मी पेसामा आवद्ध भएको १५ वर्ष भयो । उहाँ अहिले ४१ वर्षको हुनुभयो । सहयोगीबाट सुरु भएको पेशा अहिले ठेकेदार भएको छ । १५ वर्षको अवधीमा जे गर्नुभयो सबै हेर्दै गर्दै सिक्नुभएको हो ।

सुर्खेत जिल्लाका बासिन्दा तिलकले लामो समयसम्म कुनै सीप अभिबृद्धिको तालिम लिनु भएको थिएन । त्यतीवेला उहाँलाई लाग्थ्यो सीप जानेकै छु किन तालिम लिनुपर्‍यो ? त्यसैले अवसर पाएपनि तालिम लिनलाई त्यति आवश्यक ठान्नुभएन । तर पछि आएर उहाँको विचार परिवर्तन भयो र तालिम नलिएर गल्ति गरेछु भन्ने महशुस भयो । सबै कुरा बुझेपछि अहिले तालिम र प्रमाणपत्रको के महत्व छ भन्ने थाहा पाउनुभएको छ । त्यसैले तिलकले सुर्खेतमा सञ्चालित प्रबलीकरण अन्तर्गतको कार्यमूलक तालिममा सहभागि हुने निर्णय गर्नुभयो । भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल, मध्यपश्चिम विश्वविद्यालय र वीरेन्द्रनगर नगरपालिकाको संयुक्त आयोजनामा सञ्चालित यो नमूना प्रबलीकरण परियोजनामा उहाँले यो तालिम लिने अवसर प्राप्त गर्नुभएको हो । सबै काम गर्न जानेको भएपनि यस सम्बन्धी प्रमाणपत्र आवश्यक पर्दोरहेछ । आफूले नजानेका केही नयाँ ज्ञान प्राप्त गर्नपनि सकिने तथा प्रमाणपत्र पनि पाइने भएकाले प्रबलीकरणको तालिम सहभागि भएको उहाँको बिचार छ ।

तालिमपछि प्रबलीकरण र भूकम्प प्रतिरतेधी घर निर्माण भनेको के हो ? भन्ने कुरा नजिकबाट बुझ्ने मौका प्राप्त भएको उहाँ बताउनुहुन्छ । पुराना वा नयाँ घरलाई कसरी बलियो बनाउन सकिन्छ? भन्ने विषयमा जानकारी प्राप्त गर्नुभयो । "काम त पुरानै रहेछ । हामिले जे गर्दै आएका थियौं त्यसमा खासै फरक त लागेन । केही कुरामा विधि पुर्‍याएर काम गर्नुपर्ने रहेछ । प्रबलीकरण गरेर कमजोर घरलाई पनि बलियो बनाउन सकिन्छ भन्ने कुरा यो कार्यमूलक तालिमबाट थाहा भयो । अव यो तालिम पछि भोलीका दिनमा काम गर्न सकिन्छ भन्ने ममा आत्मविश्वास पलाएको छ," तिलक खाम्चा मगर बताउनुहुन्छ ।

उहाँ डकर्मी पेसामा आउनुको पछाडिको मुख्य कारण पैसा थियो । जागिर वा अन्य पेशाको तुलनामा यो पेसामा पैसा ज्यादा हुने भएकाले यो पेशा रोजेको उहाँको भनाइ छ । उहाँले ठेक्कापटट्टाको काम थालेको ५/६ वर्ष मात्र भएको छ । यस अवधिमा साना तिना वाहेक लगभग १०० वटा जति घर निमार्ण गर्नुभएको छ । यो पेशाले परिवारको खर्च धान्न पुगेको छ । यसबाट बर्षको ३,४ लाख बचत पनि हुने गरेको मगर बताउनुहुन्छ ।

यो प्रबलीकरणको तालिम पछि भोलिका दिनमा प्रबलीकरणको काममा अवद्ध हुन सकिने उहाँको अपेक्षा छ । काम गर्न जानेकाले ज्याला पनि राम्रो पाइन्छ भन्ने उहाँलाई लागेको छ । काम राम्रो र बिशेष भएका कारण पनि अन्य डकर्मिको तुलनामा पनि राम्रो ज्याला पाइन्छ भन्ने उहाँलाई लागेको छ । कार्यमूलक तालिमका क्रममा नगरपालिका, विश्वविद्यालय तथा एनसेटका इन्जिनियरहरुले राम्ररी सिक्न मद्दत गरेको उहाँको भनाइ छ ।

# वीरेन्द्रनगर नगरपालिका : भवन संहिता कार्यान्वयन देखि प्रबलीकरण सम्म

विशाल अधिकारी विगत ३ बर्षदखि सिभिल इन्जिनियरको रुपमा वीरेन्द्रनगर नगरपालिकाको नक्सापास शाखा प्रमुखको रुपमा कार्यरत हुनुहुन्छ। नेपालका धेरै जस्तो नगरपालिकामा २०७२ को भूकम्पपछि भवन संहिता लागु भएको इन्जिनियर अधिकारीको अनुभव छ । उहाँका अनुसार २०७२ सालको गोरखा भूकम्पका कारण यसको बारेमा सचेतना बृद्धि भएकाले पनि यसको कार्यान्वयन सजिलो भएको हो । वीरेन्द्रनगर नगपालिकामा पनि विगत ४/५ वर्ष देखि भवन संहिता लागू भइरहेको छ। इन्जिनियर अधिकारीका अनुसार समग्र रुपमा हेर्दा नगरपालिकामा भवन संहिताको अवस्था सन्तोषजनक छ। वीरेन्द्रनगर नगरपालिकाले बजार क्षेत्र अलावा केही ग्रामीण भेग पनि समेटेको छ। जहाँ माटो ढुङगा र काठका घरहरु बनेका छन्। बजार क्षेत्रमा आरसीसी भवन बन्छन जहाँ बार्षिक १२ देखि १३ सयका दरले नक्सा पास गरेर घरहरु बन्ने गरेका छन् । तर ग्रामीण भेगमा कती घरहररु नक्सापास नगरी पनि बन्ने गरेको र यसको यथार्थ तथ्याङक भने नगरपालिका सँग पनि छैन। ऐलानी जग्गामा बनेका घरहरुको भने रेकर्ड नै हुँदैन।

इन्जिनियर अधिकारीका अनुसार यस नगरपालिकामा खासगरी २०७२ को गोर्खा भूकम्पपछि मात्रै प्रभावकारी रुपमा भवन संहिता कार्यान्वयन शुरु भएको हो । "नगरपालिका वाहेक वाहिरका संस्था मुख्य रुपमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालले भवन संहिता कार्यान्वयनमा साथ दिएको छ। यस अन्तर्गत बिभिन्न सरोकारवालाहरु जस्तैः घरधनी, डकर्मी, ठेकेदार र नगरपालिकाका इन्जिनियरहरुलाई तालिम दिइएको छ । नक्सा बनाउने परामर्शदाता इन्जिनियररुलाई पनि तालिम दिइएको छ। यसबाट उनीहरुको दक्षता अभिबृद्धि भएको छ । पाँच बर्ष पहिला र अहिलेको तुलनामा स्पष्ट देखिने गरी भिन्नता आएको छ । नक्सापास भएर बनेका घरहरु भवन संहिता अनुसार बनेका छन्। नक्सापास विना बनेका घरहरुको नियमन गर्ने प्रयास भइरहेको," इन्जिनियर अधिकारी बताउनुहुन्छ।

यस नगरपालिकामा घरधनी, इन्जिनियर डकर्मी लगायत ६०० जनाले सीप अभिबृद्धि तालिम प्राप्त गरेका छन् । तालिमका लागि एनसेट र सिटिइभिटिले पनि सहयोग गरेको छ। तर भवन संहिता कार्यान्वयनमा यसमा नगरपालिकाको प्रमुख दायित्व हुँदाहुँदै पनि घरधनी, डकर्मी, परामर्शदाताको पनि ठूलो भूमिका हुने रहेछ। बैंकिङ्ग निकायबाट प्रदान गरिने ऋणको धितो प्रयोजनमा नक्सापास तथा घरसम्पन्न प्रमाणपत्र चाहिने भएकाले नक्सापास प्रक्रियालाई सकारात्मक प्रभाव पारेको छ।

अधिकारीका अनुसार नगरपालिकाकाले भवन संहिताको प्रभावकारी कार्यन्वयन गर्ने भनेर निर्णय गरेको छ। साथै प्रत्येक बर्ष यका लागि बजेटको व्यवस्था गरेको छ। कार्यविधि पनि बनाएको छ। संहिता अनुसार घरधनिले घर बनाए वा बनाएन भन्ने अनुगमन गर्ने कार्य भएको छ। परामर्शदाताहरुले घरधनीहरुलाई अनुगमन गर्छन र परामर्शदाताहरुलाई नगरपालिकाले अनुगमन गरिरहेको छ। नगरपालिकाले नक्सा दर्ता गर्दा घरधनीलाई बोलाएर तपाईंको घर यस्तो बन्दै छ, यस्तो प्रक्रिया अपनाउनु भनेर सुझाब दिने गरेको छ।

भविष्यमा भवन निमार्ण संहितालाई संस्थागत गर्न योजना बाहेक बस्तीलाई नै कसरी सुरक्षित बनाउने भन्ने काममा नगरपालिका लागेको अधिकारी बताउनुहुन्छ। त्यसका लागि एकिकृत शहरी विकास योजनाको कार्यन्वयनमा जाने योजना छ । जसभित्र भू उपयोग योजना, सुरक्षित भवन निर्माण योजना लगायत धेरै बिषयहरु समेटिएको हुन्छ।

नयाँ घरलाई भुकम्प प्रतिरोधी बनाउने बाहेक यहाँ प्रशस्त मात्रामा रहेका पुराना घरहरु जो भुकम्पीय हिसावले कमजोर छन् तिनीहरुलाई बलियो बनाउनका लागि प्रबलीकरण गर्ने काम पनि सुरु भएको अधिकारी बताउनुहुन्छ । यसमा तीनवटा निकायहरु बीरेन्द्रनगर नगरपालिका, मध्यपश्चिम विश्वविद्यालय र एनसेटको संयुक्त प्रयासमा अहिले नमूना प्रबलीकरणको काम सम्पन्न भएको छ । यसका लागि नगरपालिकाले आर्थिक व्यवस्थापन, मध्येपश्चिम विश्वविद्यालयले सामाग्री र एनसेटले प्राविधिक सहयोग दिएको थियो। यस अन्तर्गत मध्यपश्चिम विश्वविद्यालयको मानविकी बिभागको प्रशासनिक भवनको प्रबलीकरण गरिएको हो। उहाँका अनुसार यसबाट जनशक्ति उत्पादन, सचेतना अभिबृद्धि गरेको छ । प्रवलीकरणको डिजाइनका लागि इन्जिनियरहरुले तालिम र ठेकेदार र डकर्मीहरुले सीप हाँसिल गरेका छन् ।

# भवन संहिता कार्यान्वयनको काम संस्थागत हुनेमा बिश्वस्त छुः प्राविधिक जानकी बडैला



जानकी बडैला पेशाले सिभिल इन्जिनियर हुनुहुन्छ । वहाँ गोदावरी नगरपालिकामा नक्सापास फाँटमा कार्यरत हुनुहुन्छ । नक्सापास गरेर घर निर्माण गर्ने काम यो नगरपालिकामा अत्तरिया नगरपालिका हुँदा देखि  नै लागू थियो । तर भुकम्प प्रतिरोधी घर बनाउने कार्यको प्रभावकारी शुरुवात भने २०७२ सालको भुकम्प पश्चात हुन थालेको हो । सरकारले कडाईका साथ देशभरीका गाउँपालिका र नगरपालिकामा भवन संहिता अनिवार्य गरेदेखि यहाँ पनि कार्यान्वयन शुरवात भएको छ ।

जानकी बडैला यस नगरपालिकाको भवन संहिता लागू गराउने काममा प्रयासरत हुनुहुन्छ । उहाँका अनुसार भवन संहिताको प्रभावकारी कार्यान्वयनका लागि सुरुवाती चरणमा एनसेटकै सहयोगमा यहाँका प्राविधिक कर्मचारी र डकर्मीलाई तालिम संचालन गरिएको थियो । यस पश्चात सिकेको ज्ञान सिपलाई जनतामा पुर्याउने काम भएको छ । नक्सा डिजाइन गर्ने सीप र दक्षता अभिबृद्धि देखि फिल्डमा घर निर्माणको अवलोकन, निरिक्षण र प्राविधिक सहयोगका काम पनि गर्दै आएको इन्जिनियर बडैलाको भनाइ छ । साथै सर्वसाधरणलाई भुकम्प प्रतिरोधी घर बनाउँदाका फाईदाका वारे जानकारी अभिबृद्धि हुदै आएको उहाँ बताउनुहुन्छ । यसै कारण नगरपालिकामा भवन संहिताको पालनमा धेरै सुधार भएको छ ।

इन्जिनियर बडैलाका अनुसार नगरपालिकाले GIZ को सहयोगमा नियमावली बनाएर लागू गरेको छ । सबै नीति नियम र प्रक्रियालाई समेटी नक्सापास दरखास्त किताब तयार गरेर लागू गरिएको छ । साथै आगामी दिनमा भवन निर्माणमा संहिताको प्रभावकारी कार्यान्वनकालागि बिभिन्न रणनिती बनाएर अगाडि बढ्ने सोच बनाएको छ । तर अझै धेरै काम गर्न बाँकी रहेको र यसमा धेरै चुनौती रहेको इन्जिनियर बडैला स्वीकार्नु हुन्छ । “हामी सँग नगरपालिकामा प्राविधिक जनशक्तिको कमी, कार्यरत जनशक्तिहरुमा पनि दक्षता, सिप र ज्ञानको अभाव र नक्सा वनाउने परामर्शदाता प्राविधिकलाई पनि दक्षता अभिबृद्धिको तालिमको आवश्यता छ,” बडैला बताउनुहुन्छ ।

उहाँका अनुसार भवन संहिता कार्यानवयनमा सबैको सहयोग रहेको छ । जनतालाई बलियो र सुरक्षित घर बनाउनु पर्ने रहेछ भन्ने छाप बसाउन नगरपालिका सफल भएको छ । नक्सा पास नगरी घर बनाउने घरधनीलाई पनि नगरपालिकाले दिँदै आएको सेवामा कटौती देखि जरिवाना समेत दोब्बर लगाएको छ । साथै सबै वडामा प्राविधिक जनशक्तीलाई परिचालन गर्दै नगरपालिकाले गर्दै आएका योजनालाई अनुगमन पनि गर्दै आएको इन्जिनियर बडैला बताउनुहुन्छ ।

# भवन संहिता कार्यान्वयन संलग्न इन्जिनियरको अनुभव

जगदिश बिष्ट एनसेटमा सिभिल इन्जिनियरको पदमा कार्यरत हुनुहुन्छ । एनसेटमा काम गर्ने सिलसिलामा उहाँले भवन संहिता कार्यान्वयन कार्यक्रम अन्तर्गत कैलाली जिल्लामा बसेर गोदावरी नगपालिका, धनगढी उपमहानगर पालिका, भीमदत्त तथा शुक्लाफाँटा नगरपालिकाहरुमा भवन सहिताको कार्यान्वयनमा नगरपालिका तथा बिभिन्न निर्माण सरोकारवालाहरुसँग नजिक रहेर काममा संलग्न रहनुभयो । गोदावरी नगरपालिकामा बसेर काम गर्दाको अवधिमा भवन संहिताको कार्यान्वयनको अवस्थामा धैरै प्रगती भएको उहाँले देख्नुभएको छ । यस कार्यक्रममा संलग्नताका कारण नगरपालिकाहरका बाहेक आफैंमा पनि ठूलो परिवर्तन ल्याएको उहाँको अनुभव छ ।

“गोदावरी नगरपालिका लगायत यो भेगका नगरपालिकाहरुमा भवन संहिता कार्यान्वयनमा प्रभावकारी रुपमा काम अगाडि बढेको थिएन । धनगढी र भीमदत्त नगरमा केही शुरुवात भएपनि त्यसले खासै प्रतिफल हाँसिल भएको थिएन । सर्वसाधरण, नगरपालिका वा परामर्शदाता इन्जिनियर देखि डकर्मीसम्म यसको बारेमा खासै ज्ञान थिएन । शुरु शुरुमा हामीहरुले निर्माणस्थलमा घरहरको सर्वेक्षण गर्दा कमजोर घरहरु बनेको पायौं । तर डेढ बर्षको अन्तरालमा केही आशलाग्दा कामहरु भएका छन् । हामीले यस नगरपालिकामा प्राविधिक सहयोग गर्न थालेसँगै भुकम्प प्रतिरोधी घर बनाउनु पर्ने रहेछ है भन्ने सचेतना सबैमा बढेको छ । हामीले जनप्रतिनिधी देखि प्राविधिक, डकर्मी र घरधनीलाई सचेत गराएका थियौं । डकर्मी देखि प्राविधिक कर्मचारीलाई तालिम सँगै धेरै सुधारात्मक कामहरु भईरहेको छ । त्यसको प्रतिफल अहिले देखापर्दै आएको छ,” बिष्ट बताउनुहुन्छ ।

उहाँका अनुसार गोदावरी नगरपालिकाका विभिन्न वडाहरुमा बिभिन्न चरणमा ६ डकर्मी तालिम आयेजना सम्पन्न भए । २ चरणमा इन्जिनियरलाई तालिम आयोजना गरिए भने नगरपालिकाका प्राविधिक र परामर्शदाता प्राबिधिकलाई पुराना घरहरुलाई मजबुत बनाउन प्रबलीकरण सम्बन्धी तालिम दिने काम पनि भए ।

सिभिल इन्जिनियर बिष्टका अनुसार यो क्षेत्रका नगरपालिकाहरुमा भवन संहिताको बारेमा काम गर्दा सबैभन्दा पहिले नक्सा पास गर्ने प्रक्रियालाई कडाइ गर्ने काम गरियो । उहाँहरुले प्राविधिक परामर्श सँगै उहाँहरुले आफूमा भएको र सिकेको सिप देखाउने मौका पाउनुभयो । नगरपालिकाका प्राविधिक, कर्मचारी, डकर्मी, घरधनीलाई परामर्श वा प्रदर्शन बिधि मार्फत नक्साका त्रृटीलाई सच्याउदै काम सिकाउने, भुकम्प प्रतिरोधी घर कसरी बन्छ भन्ने कुरा देखाउँदै यस कामलाई व्यबस्थित बनाइयो । यस बाहेक वडा स्तरीय अभियान सँगै प्रत्येक वडामा गएर अभिमुखीकरण तामिल र भुकम्प के हो, कसरी आउछ, के गरेमा भुकम्प प्रतिरोधी घर बन्छ भन्ने परामर्श दिने काम पनि भएको विष्ट बताउनुहुन्छ ।

हरेक नयाँ काममा हात हाल्दा सुरुको चरणमा अप्ठ्यारो नै हुन्छ । तर ती अप्ठ्याराहरुलाई चिर्दै गएको खण्डमा खोजेको ठाउमा पुग्न सकिँदो रहेछ भन्ने पाठ यो कार्यक्रमले सिकाएको बिष्ट बताउनुहुन्छ । भवन संहिता कार्यान्वयनमा घरधनी, इन्जिनियर, डकर्मीहरुको सबैको महत्वपुर्ण भुमिका रहन्छ । जनमानसलाई भवन संहिता कार्यान्वयनको महत्वबारे बुझाउने प्रयास गर्दा इन्जिनियर, डकर्मी देखि घरधनीले पनि साथ दिएकाले सफलता प्राप्त गरेको बिष्टको बुझाई छ ।

“नगरपालिकामा पनि घरधनीको नक्सा पासका लागि टोकन प्रणाली लागु गरिएको छ । साथै घरधनीलाई भूकम्प प्रतिरोधी घर सम्बन्धी अभिमुखीकरण गरी परामर्श दिने कामको निरन्तरता गरिएको छ । जसबाट घरधनीलाई बलियो र भुकम्प प्रतिरोधी घर बनाउन तिर अभिप्रेरित पार्ने काम भएको छ । फिल्डमा डकर्मी देखि प्राविधिकको सहयोगमा सुपरीवेक्षण गर्ने, के के कुरामा केन्द्रित रहेर अनुगमन एवं निरिक्षण गर्न सिकाउदै भवन संहिताको पालना गर्न तिर अभिप्रेरित गरेका छौ । नक्सा पास गर्नका लागि के के कुरा अनिवार्य छ भन्ने बारे चेक लिष्ट तयार पारी काम अगाडी बढाउनु पर्छ है भन्नेतिर अभिप्रेरित गरेका छौं,” इन्जिनियर बिष्ट थप्नुहुन्छ ।

शतप्रतिशत सफलता हाँसिल गर्न तत्काल सम्भव छैन । अवश्य नै केही समय लाग्छ । यसको सुरुवाती चरणमा चुनौतीहरु पनि नभएका होइनन् । घरधनीलाइ भुकम्प प्रतिरोधी घर बनाउन कसरी सम्झाउने ? यसको न्यूनीकरणका लागि इन्जिनियर बिष्टका अनुसार डकर्मी देखि नगरपालिकाका प्राविधिकलाई समेत बुझाउने काम गर्नु पर्ने र जनप्रतिनिधी देखी गाउका बुझ्ने मान्छेबाट पनि अरु जनतालाई परामर्श दिनु पर्ने कुरामा अगाडी बढ्नु पर्ने छ । करार सेवामा रहेका तालिम प्राप्त प्राबिधीकलाई सिकाएको कुरा काम नलाग्ने भएकाले लामो अबधी सम्म एकै ठाउमा बस्ने प्राविधिक आवश्यक छ ।

# "भवनहरुको तथ्यांक संकलनको कामले मेरो अध्ययनलाई बजारसँग जोड्ने काम गरेको छ"

मेरो नाम अञ्जली बस्नेत हो । मेरो घर भिमदत्त नगरपालिकाको वडा नम्बर १८ मा हो ।  अहिले म इन्जिनियरिङ पढ्दै छु । भिमदत्त नगरपालिकाले नगरभित्रका भवनहरुको तथ्याङ्क संकलन गर्दै छ भन्ने कुरा मैले एउटा साथिबाट थाहा पाएँ । नगरपालिकामा यस्तो काम हुँदैछ र अनुभव पनि हुन्छ भनेर तालिममा बसें । तालिमपछि सर्वे गर्न गएँ । सर्वेक्षण पूर्वको तालिममा तथ्यांक संकलनले मेरो अध्ययनलाई के कसरी सहयोग गर्छ भन्ने थाहा पाएँ । अनि तथ्यांक संकलन गर्दा फिल्डमा गएर मैले के के गर्नु पर्छ के गर्नु हुदैन भन्ने कुरा थाहा पाएँ ।



म सर्वेक्षणका क्रममा सबै वडामा पुगेँ । वडा नम्बर एकमा धेरै गएँ ।

यो भन्दा अगाडी मैले यस्तो सर्वेक्षणको काम गरेको थिइँन । भिमदत्त नगरपालिका र एनसेट नेपालसँग काम गर्न पाउँदा एकदमै खुशी लागेको छ । यो सर्वेक्षणको काम मेरो अध्ययन सँग सान्दर्भिक थियो । सर्वेक्षण गर्ने क्रममा हामीहरु प्रती सबैको व्यवहार राम्रै थियो तर काम केही चुनौती पुर्ण नै थियो । घरहरु टाढा टाढा थिए । धेरै क्षेत्र पुग्नु पर्ने थियो । मौसम पनि त्यति साथ दिइरहेको थिएन । हाम्रो तोकिएको समय भनेको एक महिना थियो । तर बिभिन समस्या आएका कारण एक दुई हप्ता बढि नै लाग्यो ।

भवन सर्वेक्षण सम्पन्नभएपछि तीन दिनको तालिम पाइयो । त्यो तालिमको सिकाई महत्वपूर्ण रह्यो । कुन कुन तरिकाले एउटा साधरण घरलाई पनि भुकम्प प्रतिरोधी बनाउन सकिन्छ ? कुन आकार प्रकारको घर बनाउँदा भुकम्प प्रतिरोधि हुन्छ ? घर बनाउँदा पिल्लरहरु लगायत अन्य केही कुरामा सम्झौता गर्नु हुन्न भन्ने जस्ता अति नै उपयोगी कुरा सिकाउनुभयो ।

कक्षामा प्रशिक्षकहरुले प्रस्तुतीमा भनेको भन्दा फिल्डमा केही फरक हुने रहेछ । तालिमपछी मेरो घर कति बलियो छ, अब बनाउँनदा कस्तो बनाउनु पर्छ भन्ने कुरा सिकियो । हुनत मेरो घर त पुरानै हो । टोलभरीमा पहिलो पिलरवाला घर हो । तर यो तालिमपछि आफ्नो छरछिमेकीले घर बनाउँदा यसरी बनाउदा घर बलियो हुन्छ र यसरी बनाउनुहोस भनेर सल्लाह सुझाव दिन सक्ने भएको छु ।

# भवन तथ्यांक सर्वेक्षणबाट प्राप्त तथ्यांकद्धारा घर नम्बर प्रणाली स्थापना गर्दै भीमदत्त नगरपालिका

कन्चनपुर जिल्लाको सदरमुकाम समेत रहेको भीमदत्त नगरपालिकामा नयाँ घर निर्माणको दर पनि उच्च रहेको छ । विगतको समय देखि नै यो नगरपालिकाले भवन संहिताको कार्यान्वयन गरिरहेको छ। विगतमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालले भवन संहिता कार्यान्वयनका लागि नगरपालिकालाई प्राविधिक सहयोग उपलब्ध गराएको थियो । यसै परिप्रेक्षमा भिमदत्त नगरपालिकामा बनिरहेका घरहरुको स्थिति के छ ? घरधुरीको संख्या कति छ ? कस्ता प्रकारका घरहरु छन ? कति कमजोर छन वा कति बलिया छन भन्ने जस्ता कुराहरु थाहापाउन जरुरी थियो । विपद् व्यवस्थापनको दृष्टिकोणबाट के कस्ता घरहरु छन भन्ने थाहा पाउन र नगरभित्रका घरहरुको नम्बर प्रणालि लागू गर्ने उद्देश्यले भीमदत्त नगरपालिकाले भवन तथ्याँक सर्वेक्षण सम्पन्न गरेको छ । एनसेट नेपालसँग लामो समय देखि सहकार्यमा भिमदत्त नगरपालिकालाई बिभिन्न विपद् व्यवस्थापनमा टेवा पुर्याउने काम गर्दै आएको सन्दर्भमा यसको लागि पनि एनसेटले प्राविधिक सहयोग उपलब्ध गराएको थियौ ।




हुनत नगरपालिकामा यस अघि पनि बिभिन्न परियोजना वा कार्यक्रमहरुले बिभिन्न तरिकाले यहाँका घरहरुको नम्बर राख्ने कामहरु गरेको हो । स्वास्थ्य सम्बन्धि कार्यक्रम पूर्ण भएको थिएन । नगरपालिकाले एकपटक घर नम्बर दिइसकेपछी त्यो नम्बर सधैं र सबै कार्यक्रमहरुको लागी काम लागोस र छुट्टै नम्बर गर्नुपर्ने अवस्था नपरोस साथै त्यसलाई राष्ट्रिय तथ्यांक प्रणालीमा जोडेर एकिकृत रुपमा नगरपालिकाका सेवा सुबिधाहरु त्यो घर नम्बर प्रणालिबाट दिन सकियोस भन्ने उद्देष्यले यो भवन तथ्यांक लिनेकाम गरिएको भीमदत्त नगरपालिकाका इन्जिनियर हिमालय सिं ऐर बताउनुहुन्छ ।

इन्जिनियर ऐरका अनुसार तथ्याङ्क संकलनको कामका लागि ६०, ७० सर्वेक्षकहरुलाई खटाएर काम गरिएको थियो । यसका लागि एनसेटबाट कर्मचारीहरुले तालिम दिने देखि सर्वेक्षकहरुलाई परिचालन गर्ने काममा गर्नुभएको थियो ।

“नगरपालिकाले एकदम प्रतिकुल मौसम, बैसाख र जेठको टन्टलापुर घामका वावजुद २ महिनाको छोटो समयमा काम सम्पन्न गरेको छ । नगरपालिकाको सबै स्थानसम्म पुगेर तथ्यांक लिने काम भयो । यस अन्तर्गत कतिवटा घरहरु छन कस्तो खालको घरहरु छन् भन्ने तथ्याङ्क प्राप्त भएको छ

नगरपालिकाले एकैचोटी सबै वडाहरुमा एकैचोटी लागु गर्न सम्भव नभएका कारण वडा नं. १७ मा मात्र घर नम्बर प्रणाली कार्यान्वयन गरेको छ । यसका लागि नेम प्लेट पनि तयार गरी छापेर बिभिन्न घरहरुमा टाँस्ने काम पनि गरी सकिएको छ । वडा नं. १७ सुगम र नजिक पर्ने वडा मध्ये एक र सबैभन्दा कम घरधुरी भएको वडा हो । यसमा कुल ३ सय ८४ घरहरु भएकाले त्यतिकै संख्यामा नेमप्लेटहरु बनेको नगरपालिकाले जनाएको छ । इन्जिनियर ऐरका अनुसार नगरपालिकाले आफ्नो पहलमा प्राप्त गरेको तथ्यांकलाई क्रमै सँग सबै वडाहरमा लैजाने भन्ने सोचाई राखेको छ । यसलाई नगरपालिकाले यो बर्षको कार्यक्रममा पनि राखेका छ ।

“अहिले यो बिल्डिङ ईन्भेन्ट्री सर्वेक्षणबाट प्राप्त तथ्यांकको नतिजा सूचाङ्कहरु निकाल्ने काम भइरहेको छ । एनसेटकै सहयोगमा यसको बिभिन्न पक्षलाई देखाउने काम भएको छ । त्यसलाई विश्लेषण गरेर हार्ड कपिको रुपमा मान्छेको हातमा दिन सकियो भने बल्ल एक काम भएको रैछ भन्ने देखाउन विश्लेषणको काम भइरहेको छ । त्यसपछि एकैचोटी नभए पनि क्रमसँगै करेक्सनको भएको तथ्यांकलाई अपडेट र भेरिफिकेशन गर्दै सबै वडामा यो प्रणाली लागु गर्ने नगरपालिकाको उदेश्य हो,” इन्जिनियर ऐर बताउनुहुन्छ ।

इन्जिनियर ऐरका अनुसार यसबाट नगरवासीहरुलाई तपाईको घर नम्बर के हो ? फलानाको भन्दा वा यति घर नम्बर भन्दा यता उता कता हो भनेर सोध्न सकिन्छ । साथै विपद्को अवस्थामा के कति क्षति भयो? भन्ने तथ्याँक पनि लिन सकिन्छ ।

# "धादिङमा देखेको भूकम्पीय क्षतिको अनुभवले शुक्लाफाटामा भवन संहिता कार्यान्वयनमा नेतृत्व गर्न मलाई प्रेरणा मिल्यो"

दिल बहादुर ऐर कन्चनपुर जिल्लाको शुक्लाफाँटा नगरपालिकाको नगरप्रमुख पदमा निर्वाचित हुनुभयो। २०७२ साल बैशाख १२ को ठूलो भूकम्प पछि पार्टीको निर्देशनमा एक टोली सहित धादिङ जिल्लामा खोज तथा उद्धारमा खटिनुभयो। त्यसक्रममा उहाँले भूकम्पबाट भत्किएका घरहरु दयनिय रुपमा बनेका रहेछन र सोही कारण ठूलो जनधनको क्षति व्यहोर्न वाध्य भएको आफ्नै आँखाले प्रत्यक्ष देख्नुभयो। उहाँले धादिङमा देखेको अनुभवबाट सिकेर शुक्लाफाँटामा नगरपालिकामा भोलीका दिन भुकम्प आएमा धादिङका जनताले भोगेको जस्तो नियती भोग्न नपरोस भनेर निर्वाचित भएपछि बलियो घर निर्माणको अभियान शुरु गर्ने योजना बनाउँदै

हुनुहुन्थ्यो। यसैबीच भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालबाट डा. आमोदमणी दीक्षित शुक्लाफाँटा नगरपालिका पुग्नुभयो। उहाँले नगरपालिकामा भवन संहिता कार्यान्वयन गर्न सँगै काम गर्ने प्रस्ताव गर्नुभयो । नगरप्रमुख दिलबहादुर ऐरले त्यसमा तत्काल सहमति जनाउनुभयो।



"स्थानीय निर्वाचन भन्दा अगाडि गोरखा भुकम्पले निम्त्याएको त्रासादीले नगरपालिकामा भवन संहिता लागू गर्न मलाइ प्रेरित गऱ्यो । धादिङको भयाबह अवस्था देखेर मेरो नगरपालिका क्षेत्रमा पनि बलियो संरचना निर्माण गर्नु पर्दो रहेछ भन्ने पाठ सिकायो। भोलीका दिन आउने भूकम्पले मेरा जनताले त्यस्तो नियती भोग्न नपरोस भनेर भवन संहिता र मापदण्ड पालन गरेर मात्र घर बनाउनु पर्छ भनेर भवन संहिता कार्यान्वयनको प्रक्रिया शुरु गरिएको हो। यसका लागि प्रविधिक सहयोग आवश्यक पर्ने हुनाले एनसेट नेपाल सँग सहकार्य गर्ने निर्णय गरियो," नगरप्रमुख दिलबहादुर ऐर सुनाउनुहुन्छ।

साविकका झलारी गाविसका सबै वडाहरु, पिपलाडी गाविसका केही वडा र देखदभुली गाविसका २ वडाहरु मिलाएर शुक्लाफाटा नगरपालिका २०७३ फाल्गुण २० गते गठन भएको हो। कुल १२ वडाहरु रहेका यस नगरपालिकामा १ लाख ६४ हजार ६५३ जनसंख्या रहेको छ। शुक्लाफाटा नगर भित्र कच्ची, मापदण्ड नभएका, मापदण्ड भएका र पक्की गरी ४ थरीका घरहरु बनेका छन ।

यो नगरपालिका भर्खर पूर्व गाविसहरु बाट निर्माण भएका कारण भवन नक्सापास प्रणाली लागू भएको थिएन। २०७२ सालको भूकम्प पश्चात सरकारले सबै स्थानीय निकायमा भवन संहिता अनिवार्य लागु गरे सँगै शुक्लाफाटा नगरपालिकामा पनि यसको कार्यान्वयन भएको छ । जनप्रतिनिधी आईसकेपछी कडाईका साथ भूकम्प प्रतिरोधी निर्माण सुनिश्चित गर्ने अभियान शुरु भएको हो । यस नगरपालिकामा ८, ९ महिना सम्म लगातार कामगरी नगर क्षेत्रका डकर्मी देखि प्राविधिक टोलीलाई समेत तालिम संचालन गरिएको छ । यस क्षेत्रका वडाअध्यक्ष तथा अन्य जनप्रतिनीधीहरु र प्राविधिकलाई मापदण्डमा रहेरमात्र घर बनाउनु पर्छ भनेर तालिम दिइएको छ । एनसेट नेपालले प्राविधिक ज्ञान र सिप विस्तार गर्न नगरपालिकालाई सहयोग गरेको थियो । उक्त तालिमबाट सिकेको सिपबाट गाउँबस्तीमा अहिले मापदण्ड सहित पक्की घर बन्न थालेको मेयर दिलबहादुर ऐर बताउनुहुन्छ।

मेयर ऐरका अनुसार सबै वडाहरुमा घर निर्माण सम्बन्धी जनचेतना सँगै प्राविधिक टोलीसँग सहकार्य गरेर घर मात्र बनाउन जनतालाई सचेत गराइएको छ। अहिले भवन संहिता पालना बिना घर बनाउन निशेध गरिएको छ । उहाँका अनुसार कानुनी मापदण्ड ख्याल नगरी बनाइएका पुराना घरहरुलाई पनि मापदण्ड भित्र ल्याई कसरी बलियो र जोखिम रहित बनाउने भन्नेमा नगरपालिकाको प्राविधिक टिम लागेको छ । "हामी जनप्रतिनिधी देखि यस क्षेत्रमा काम गर्ने प्राविधिकहरलाई बलियो घर बनाउन अझै थप तालिम आवश्यक पर्ने अनुभुती भएको छ। अझै सबै जनतालाई भवन संहिता बुझाउनु जरुरी छ। जनतालाई नक्सा बनाएर पास गरेर मात्र घर बनाउनु पर्छ भन्ने जनचेतना फैलाउनु जरुरी छ," मेयर ऐर बताउनुहुन्छ।

उहाँका अनुसार आगामी दिनमा एनसेटको सहकार्यमा प्राप्त गरेको सिकाइ र अनुभवलाई आत्मसात गरी जनप्रतिनिधिहरु र प्राविधिकहरुको सहयोगबाट कडाइका साथ भवन संहिता कार्यान्वयन गर्ने योजना छ। साथै नक्सा पास गर्ने प्रक्रिया, प्रावधिक एवं जन प्रतिनिधीलाई सीप र दक्षता अभिबृद्धि गर्दै लैजाने लक्ष्य रहेको मेयर बताउनुहुन्छ । मेयरका अनुसार भवन संहिता कार्यान्वयन, तालिम, अनुगमन, निरिक्षण, थप कालिगढ उत्पादन आदि कार्यका लागि नगरपालिकाले १०, लाख बजेट पनि छुट्याएको छ ।

NSET
Earthquake Safe Communities in Nepal

**भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल**
घर-६५, CR-१३, सैंबु आवास, भैंसेपाटी
ललितपुर महानगरपालिका-२५, नेपाल
पो.ब. नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२
इ-मेल: nset@nset.org.np, वेब साइट: www.nset.org.np